वर्ष : १४, अंक : ३२, काठमाडौं, २०७५ मंसिर १४ गते शुक्रबार 30 November 2018, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
| --- | --- |
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस

हनुमानस्थानचोक, अनामनगर, काठमाडौं

फोन नं. : ०१-४२६६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse @gmail.com

# राजपामा 'कु' को प्रयास भएकै हो ?

## समयमै महाधिवेशन होला भन्ने आशंका उब्जियो

**मधेशवाणी डेस्क**

काठमाडौं । राष्ट्रिय जनता पार्टी नेपालको गत मंसिर ४ गते बसेको बैठकले अध्यक्षमण्डलको संयोजक परिवर्तनपछि पार्टी भित्रको विवाद सतहमा आएको छ । राजेन्द्र महतो बहुमतबाट अध्यक्ष मण्डलको संयोजक चयन भएको दाबी महन्थ ठाकुर पक्षधरको छ ।

अध्यक्षमण्डलको संयोजक परिवर्तनपछि विवाद यतिबेला व्यक्तिगत आरोप प्रत्यारोपको तहसम्म पुगेको छ । राजपा नेताहरू एक अर्का विरूद्ध लाञ्छनामा उत्रिएका छन् । महन्थ ठाकुर पक्षले बहुमतको आडमा संयोजक परिवर्तन गरिएको तर्क अगाडि सारेका छन् भने महतो पक्षले सहमतिमै नेतृत्व परिवर्तन भएको दाबी गरेको छ ।

बैठकमा महेन्द्र राय यादवले चक्रिय प्रणाली अनुसार संयोजक परिवर्तनको प्रस्ताव गरेका थिए । चक्रिय प्रणाली लागू गर्नुपर्ने यादवको प्रस्तावमा महतोसँगै शरत्सिंह भण्डारी र राजकिशोर यादवले सहमति जनाएका थिए । तर अर्का नेता अनिल झाले संयोजक परिवर्तनमा नोट अफ डिसेन्ट लेखेर ठाकुरको बचाउ गरेका थिए ।

राजपाको विधानमा चक्रिय प्रणालीमा पार्टीको नेतृत्व गर्ने उल्लेख छ । पार्टी एकता गर्दा प्रत्येक दुई महिनामा राजपाको नेतृत्व परिवर्तन गर्ने सहमति भएको थियो । तर पार्टी एकता भएको १ वर्ष ८ महिनासम्म राजपाको अध्यक्ष मण्डलको संयोजक ठाकुर रहँदै आएका थिए । उनले संयोजक पद नछाडेका कारण उनी विरूद्ध पार्टी भित्र षड्यन्त्र बनेको थियो ।



विधानमा चक्रिय प्रणालीको विषय उल्लेख भए पनि गत असारमा बसेको राजनीतिक समिति बैठकले एकल अध्यक्षात्मक प्रणालीमा जाने निर्णय गरकाे थियो । ठाकुरले महाधिवेशन केन्द्रित भएर आफू निकट र तमलोपा पृष्ठभूमि भएका नेताहरूलाई अगाडि बढाएको आरोप महतो निकट नेताहरूको छ । ठाकुर पक्षधरले संयोजकमा महताको आगमनलाई उनको सत्ता आरोहणको नियत देखेका छन् ।

महतोलगायतका नेताहरूले ठाकुरले पार्टीमा एकलौटी गरेको भन्दै असन्तुष्टि जनाउँदै आएका थिए । प्रदेश २ को संसदीय दलमा ठाकुरले आफू निकट नेता जितेन्द्र सोनललाई दलको नेता तोकेका थिए । त्यस्तै प्रमुख सचेतक परमेश्वर साहलाई बनाएका थिए । राष्ट्रिय सभामा पनि आफू निकट वृशेषचन्द्र लाललाई पठाएका थिए । त्यस्तै आफ्नो सम्धी उमाकान्त झालाई प्रदेश ५ को प्रमुख बनाएका थिए ।

राजपाको महाधिवेसनको मुखैमा संयोजक परिवर्तन हुनु अर्थपूर्ण देखिन्छ । नयाँ विवादले पार्टी दुई गुटमा स्पष्ट विभाजित भएको छ ।

नेपालमा क्षेत्रीय पार्टीको सार्थकताबारे बहस हुँदै गरेको बेला राजपा जस्ता क्षेत्रीय पार्टीले आफ्नो आन्तरिक किचलोमा यसरी फसेको छ कि उसलाई यसबाट निस्कन कठिन भएको छ । उसको पछिल्लो चरित्रले क्षेत्रीय पार्टीको अवधारणामा पनि परिवर्तन ल्याउन सक्छ । मधेश आन्दोलनको तापबाट उठेको राजपा जन्मेको दुई वर्षमै यतिविघ्न आन्तरिक किचलोमा फसेको छ कि उसलाई आगामी दिनमा आफ्नो अस्तित्व जोगाउन पनि अप्ठयारो हुनेछ । पार्टीको आन्तरिक संरचना र संगठन कमजोर भएको परिपेक्ष्यमा केन्द्रीय राजनीति विवादले पार्टीको स्वरूप नै नबदलिएला भन्न सकिन्न ।

संघीय सरकारलाई समर्थन दिँदै आएको राजपा नेपालले आफूहरूको समर्थन संविधान संशोधनका लागि मात्र हो भनी दलिल पेश गर्दै आइरहेको छ । छठ पश्चात् समर्थन फिर्ता लिने धम्कीपूर्ण अभिव्यक्तिहरू कता सेलायो भन्ने प्रश्न पनि उठेको छ ।

पार्टी भित्रको पछिल्लो विवादले उसको आउँदो महाधिवेसन पनि समयमै होला भन्ने आधार मेटिदैछ । सत्तामा पुग्ने महतोको आकांक्षा संयोजक पदबाट मात्र पूरा नहोला त्यसैले उ अनि उनका निकटहरूले संघीय सरकारमा जान कसरत नगर्लाा भन्न सकिन्न ।

महन्थलाई जे जस्तो आरोप लगाएर पदच्युत गरिएको छ ती सबै आरोपबाट महतो पनि अछुतो छैनन् । अब महतोको लागि सबैभन्दा ठूलो चुनौती भनेको ठाकुर पक्षको पनि विश्वास लिएर पार्टीको आन्तरिक एकतालाई बलियो बनाउँदै समयमै महाधिवेशन गर्नु हो । यो कार्यमा उनी कति सफल होला आगामी दिनमै थाहा हुनेछ ।

### त्रिपाठीको छुट्टै भेला



काठमाडौं । राजपा नेपालको आन्तरिक विवाद चलिरहेको बेला सो पार्टीबाट अलग भएर स्वतन्त्र राजनीतिक समूह गठन गरेका हृदयेश त्रिपाठीले आफनो समूहको भेला बोलाएका छन् ।

मंसिर २८ गते काठमाडौंमा हुने सो भेलाको तयारी भइरहेको सुरू भएको छ । भेलामा चुनावदेखि हालसम्म देशमा भएका घटनाक्रमको बारेमा छलफल हुनेछ । राजपा नेपाल गठनमा विशेष भूमिका खेलेका त्रिपाठी सो पार्टी छाडेर समूह गठन गरी तत्कालीन एमालेको सूर्य चिन्हबाट चुनाव लडेर नवलपरासीबाट विजयी भएका छन् । राजपा नेपालमा विवाद शुरू भएपछि समूहले गर्न लागेको भेलाले ठूलो अर्थ रहेको छ ।

### "शक्ति, सत्ता र सम्पतिमा महिलाको पहुँच हुनुपर्छ"

जनकपुरधाम । उपप्रधान एवं स्वास्थ्य तथा जनसंख्या मन्त्री उपेन्द्र यादवले शक्ति, सत्ता र सम्पतिमा महिलाको पहुँच नभएसम्म महिला माथि हुँदै आएको हिंसा अन्त्य नहुने बताएका छन् । महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयद्वारा जनकपुरमा आयोजित १६ दिने लैङ्गिक हिंसा विरूद्धको अन्तरक्रिया कार्यक्रममा प्रमुख अतिथिको आसनबाट बोल्दै उनले समाजिक समानताको अवधारण लागु गरिए मात्र लैङ्गिक हिंसा अन्त हुने बताए । उनले हाम्रो कु परम्परा र गलत रितिरिवाजहरूले नै महिला हिंसालाई बढावा दिएको उल्लेख गर्दै यसका लागि समाजलाई अगाडी बढ्न आग्रह गरे । कार्यक्रममा मुख्यमन्त्री लालबाबु राउतले पितृ सत्तात्मक सोचको कारण लैङ्गिक हिंसामा वृद्धि भई रहेको उल्लेख गरे । उनले अहिले महिला मात्र नभई पुरूष, तेस्रोलिङ्गीहरू समेत हिंसामा परि रहेको उल्लेख गरे । मुख्यमन्त्री राउतले लैङ्गिक हिंसाको प्रारम्भ घरबाटै शुरू हुने गरेको तथ्याक प्रस्तुत गर्दै अभिभावकलाई यसमा जिम्मेवार भूमिका निर्वाह गर्नु पर्ने उल्लेख गरे ।

### राउतलाई हिरासतमै अर्को पक्राउ पुर्जी

काठमाडौं । मधेशलाई छुट्टै देश बनाउने अभियानमा लागेका स्वतन्त्र मधेश गठबन्धनका संयोजक डा.सीके राउतलाई एकपछि अर्को पक्राउ पुर्जी दिइँदै आएको छ । एउटै मुद्दामा पटक पटक पक्राउ र रिहा हुँदै आएका छन् डा. राउत । उनी विरूद्ध अहिलेसम्म कुनै पनि ठोस प्रमाण प्रहरीले अदालतमा पेस गर्न सकेको छैन । जसरी पनि डा.राउतलाई हिरासतभित्रै राखिराख्ने प्रहरीको योजना रहेको अहिलेसम्मको गतिविधिले प्रष्टिँदै गएको छ । गत असोज २१ गते रौतहटबाट पक्राउ परेका राउतलाई पटकपटक अदालतमा उपस्थित गराउँदै आएको छ तर, कुनै फैसला हुन सक्को छैन । यता, रौतहट प्रहरीको हिरासतभित्रै रहँदा नवलपरासी प्रहरी पनि असोज २७ गते पक्राउ पुर्जी जारी गरेको हो । जबकि असोज २७ गते डा. राउत हिरासतभित्रै थिए । यता, बन्दीप्रत्यक्षीकरणको मुद्दामा पटक पटक तारिखमात्रै सारिँदै गइरहेको छ भने प्रहरीले कुनै ठोस प्रमाण अदालतमा प्रस्तुत नगर्दा रिहा हुने देखिएपछि नवलपरासी प्रहरीद्वारा पक्राउ पुर्जी जारी गरिएको गठबन्धनका एक नेता बताए ।

**चौथो पटक सर्‍यो पेशी**

स्वतन्त्र मधेश गठबन्धनका संयोजक डा.सीके राउतको बन्दी प्रत्यक्षिकरण मुद्दाको पेशी चौथो पटक सरेको छ । सरकारी पक्षले सर्वोच्च अदालतलाई प्रमाण उपलब्ध नगराउँदा आदेशको पेशी सरेको हो । बिहीबार पनि राउत विरूद्धको प्रमाण भनिएको पेन्ड्राइभ उपलब्ध नगराउँदा पेशी सरेको हो । डा.राउतका दाई जयकान्त राउतले कार्तिक १३ गते मुद्दा दर्ता गराएका थिया । कार्तिक १४ गते बाटो म्याद बाहके ५ दिनभित्र सशरिर उपस्थित गराउन आदेश दिएको थियो । तर तोकिएको मितिमा उपस्थित नगराई कार्तिक ३० गते शुक्रवार राउतलाई सर्वोच्चमा उपस्थित गराइएको थियो । रौतहट जिल्ला अदालतले कागजात उपलब्ध नगराउँदा पेशी सरेको थियो । बन्दी प्रत्यक्षिकरण मुद्दालाई प्राथमिकता राख्ने प्रचलन भएपनि सरकारी पक्षले नै अवमूल्यन गरेको डा.राउत पक्षका अधिवक्ताहरूको भनाई छ । डा.राउतलाई असोज २१ गते जिल्ला अदालत रौतहटमा तारेख लिने क्रममा प्रहरीले पक्राउ गरेको थियो । बुधवार पुन: लगातार नराखी नयाँ पेशी मंसीर १४ गते शुक्रबारका लागि दिएको ।

### ... मन्त्री बन्न आतुर !



शरत्सिंह भण्डारी



राजेन्द्र महतो

काठमाडौं। राष्ट्रिय जनता पार्टी नेपालमा संयोजक परिवर्तन भएसँगै मन्त्री बन्ने चलखेलले तीव्रता पाएको छ। संविधान संशोधन मुख्य एजेन्डा रहेको राजपाभित्र सत्तामा जसरी पनि प्रवेश गर्ने गृहकार्य हुँदै आएको थियो। निवर्तमान संयोजक महन्थ ठाकुरले संविधान संशोधन नभई सरकार मा जानुको औचित्य नरहेको भन्दै बसेका कारण मुख्य तगारो नै ठाकुरलाई मानी संयोजक परिवर्तन गराइएको र तत्पश्चात् सरकारमा जाने गृहकार्यले तीव्रता पाएको राजपाकै दोस्रो तहका नेताहरूले आरोप लगाउन थालेका छन्। राजपाभित्र यतिसम्म असन्तुष्टिहरू बढेका छन् कि पार्टी विभाजनको संघारमा पुगिसकेको छ। संविधान संशोधनप्रति हार्डलाइनर रहेका महन्थ ठाकुरलाई हटाएर मन्त्री बन्न अध्यक्षमण्डलका केही नेताहरू दिनरात प्रयासरत रहेका छन्। यसअघि पनि सरकारमा सहभागी हुन शरत्सिंह भण्डारी र महेन्द्र यादवले भरमग्दूर प्रयास गरेका थिए। भौतिक योजना मन्त्रालय ताकेका भण्डारीको सपना ठाकुरको कारणले पूरा हुन सक्को थिएन। अब ठाकुरको विस्थापनसँगसँगै सत्तारूढ दलका नेताहरूसँग राजेन्द्र महतो र शरत्सिंह भण्डारीले प्रत्यक्ष/अप्रत्यक्ष सम्वाद थालेको कुरा अहिले चर्चामा छ। संविधान संशोधन, सांसद रेशमलाल चौधरी रिहाइ तथा शपथ ग्रहण, राजबन्दीहरूको रिहाइ तथा मुद्दा फिर्ता र यसअघिका पूर्वसम्झौताहरूलाई बेवास्ता गर्दै जसरी पनि मन्त्री पद कुम्ल्याउन प्रपञ्चहरू थालिएको दाबी पार्टीपंक्तिमा छ। तर, ठाकुरले संशोधन नभई कुनै पनि हालतमा सरकार जान हुँदैन भन्ने अडान कायम रहँदा ठाकुरलाई नै अवरोधक ठानी अन्तत: संयोजकबाट हटाइएको दाबी गर्नेहरूले भन्छन्, 'तपाइँ हेर्दै गर्नुस्, समर्थन कुनै हालतमा फिर्ता हुँदैन। न संशोधन हुन्छ, यी सब मन्त्री बन्न गरिएका चलखेल मात्र हो।'

**समय-सन्दर्भ**

**राकेश प्रसाद चौधरी**



## अभियान र पीडितलाई न्याय दिलाउने आन्दोलन

महोत्तरी सदरमुकाम जलेश्वरको दुर्गाचोकमा मंसिर ९ गते अर्थात नोभेम्वर २५ तारिख आइतवारको साँझ लैंगिक हिंसा विरूद्धको १६ दिने अभियानलाई सरकारी तथा गैरसरकारी सरोकारवालाले मैनवत्ती जलाएर स्वागत गरे । अर्कोतर्फ सिरहाको सुखीपुरमा भएको सामुहिक बलात्कार घटनाका दोषीलाई कारवाहीको माग गर्दै आन्दोलन शुरू भयो ।

छठ पर्वको बेला महिलालाई सामुहिक बलात्कार भएको घटनाका आरोपितहरूलाई कारवाहीको मागगर्दै अधिकारकर्मीहरूले आन्दोलन गरिरहेका छन् । यसैबीच सिरहाकै एक युवतीले सामाजिक संजालमार्फत आफूखुशी विहे गरेको कारण असुरक्षा भएको भन्दै सहयोग खोजी गरिरहेको थियो । यस घटनाको अर्को पाटो हेर्दा मण्डल थरकै केटा र केटी एकअर्काको नातामा पर्ने पनि देखियो । केटाको हजुरआमा र केटीको हजुरवुवाआफ्नै भाईवहिनी रहेकोले उनीहरू पनि भाईवहिनी नै नातामा पर्ने भएकोले यस भागीविवाहको आलोचनापनि हुने गरेको छ ।

माथिको घटनाहरूको विश्लेषण गर्दा पर्वत्यौहारको बेला तथा आफन्तबाट प्रेम प्रस्ताव तथा बलात्कारका घटनाहरू हुने गरेको देखिन्छ । सिरहा जिल्लामा कार्तिक महिनामा मात्रै सातवटा बलात्कारको घटना भएको सार्वजनिक भएको छ । यी र यस्ता घटनाहरूका पीडितको जातिय अवस्था हेर्दा दलित र जनजाति बढी पर्ने तथा पीडकको जातिय अवस्थामा बिविधता रहेको पाइन्छ ।

त्यही सर्लाहीको हरिवन प्रहरीमा बहुविवाहको जाहेरी दिंदा समेत कुनै बास्ता नभएपछि पीडितपक्ष प्रमुख जिल्ला अधिकारी वा अदालत गुहार्ने तयारी गरिरहेका छन् । लैंगिंक हिंसाबिरूद्धको १६ दिने अभियानमा तामझाँम हुनु कुनै नौलो परम्परा होइन । तर यो अभियान चलिरहेकै बेला न्यायको लागि आन्दोलनहरू हुनु र प्रत्यक्ष सरोकारवालालाई मुद्धा वा जाहेरी दर्ता गराउन अन्य न्यायिकपक्ष वा राजनीतिक दलका प्रतिनिधि एवं अधिकारकर्मीहरूलाई गुहार गर्न पुग्नु सोचनीयएवं निन्दनीय विषय अवश्य छ ।

महिनौं वित्दा समेत निर्मलापन्तलाई आफन्तले न्यायपाउन सकेका छैनन । देशव्यापी आन्दोलन भइरहेको छ । तर पीडकको अत्तोपत्तो छैन । अर्कोतर्फ महोत्तरी औरहीकी ९ महिने शिशुको लाई भाद्र १० गते बलात्कार पश्चात हत्या भएको थियो । सीमित चर्चा बटुलेको यो यो घटनाको आरोपमा कार्तिक २ गते सुनसरीको भन्टावारीबाट पक्राउ गरिएका भंगहा नगरपालिका ६ हतिसर्वाका भरत साहलाई पूपर्क्षको लागि कारागार चलान गरिएको छ । अर्कोतर्फ राज्यलाई दवावदिन सरकारी एवं गैरसरकारी पक्षको निरन्तर दवाव र अत्याधिक चर्चाको बिषय बनेपनि निर्मलापन्तको हत्याराको पत्तो लगाउन सकिएको छैन । सुरक्षानिकायलाई दवाव नदिइपनि त्यसले काम गरिरहेको कुरा महोत्तरीकी बालिका सोनालीको हत्या अरोपित पक्राउ भएपछि पुष्टि भएको छ । यसअर्थमा जुनसुकै अपराधको घटनालाई राजनीतिकरण वा उच्च ओहदाका ब्यक्तिको स्वार्थसँग नजोडिएसम्म प्रहरीले राम्रैसँग अनुसन्धान गर्न सकिने पनि देखिन्छ । एकातर्फ देशको विभिन्न ठाउँहरूमा भइरहेको १६ दिने अभियानमा लामो लामो कुरा गर्ने तर अर्कोतर्फ पीडकलाई बचाउन दवावदिने ब्यक्तिहरूको पहिचान हुनु पनि उत्तिकै आवश्यक देखिएको छ । जातिअनुसार जुनसुकै घटनामा पीडित र पीडकसँग ब्यबहार गरिने सरकारी संयन्त्र रहेकोमा पनि मधेसी, दलित, जनजातिलगायतका समूदायको चित्तदुखाई छ ।

पीडित दलित र पीडक गैरदलितभएको खण्डमा सरकारीपक्ष वा राजनीतिकदल गैरदलितकै पक्षमा उभिने गरेको उदाहरण सिरहाको कल्याणपुरमा मरिक समूदायको महिलासँगभएको दुर्व्यवहारको घटनाबाट हेर्न सकिन्छ । त्यस गाउँमा गैरदलित यादव समुदायका युवाले मरिक महिलालाई दुर्व्यवहार गर्दा समेत त्यहाँका भद्रभलादमी अन्तत:दुबैपक्षलाई मिलापत्र गराएरै छाँडे । यसमा पीडितको पक्षको चित्तदुखाई हुँदा समेत पछि आउने असुरक्षालाई ध्यानदिँदै मिल्नु बाध्यता नै थियो । पीडितलाई फोन गरेर सोध्दा सानो जाति भएकोले मिडियाकर्मी घट्नाबारे बुझेर गएपनि कुनै कत्तै सामाचार नबनाइएकोमा र अधिकारकर्मीहरूले समेत साथ नदिएकोमा दुखेसो पोखिन ।

दलितसँग लैंगिक हिंसा वा विभेद हुँदा मिडियाले समेत स्थानदिने नगरेकोमा उनीहरूको चित्तदुखाई रहेपनि १६ दिने अभियानलाई अधिकारकै आन्दोलनको रूपमा लिने गरेका छन् । दैनिक ज्यालादारी र कामको चापका कारण यस अभियानमा ती पीडित समूदायको संलग्नता न्यून छ । एकछाक खान धौं धौं पर्ने ती समूदायलाई आर्थिक र शैक्षिक सशक्तिकरण गर्ने अभियान चलाइए हिंसाबिरूद्धको अभियानहरू चलाउन पर्ने नै थिएन । जातिय विभेद, बलात्कार तथा बलात्कार प्रयासका घटनाका केही पीडकहरूलाई मात्र पूर्पक्षमा कारागार पठाउने आदेश अदालतबाट हुने गरेको अनौपचारिक क्षेत्र सेवा केन्द्र(इन्सेक) महोत्तरीको प्रतिवेदनमा समेत उल्लेख छ । सरकारी तहका प्रहरी तथा प्रशासनिक

बाँकी पृष्ठ अन्तिममा





## सम्पादकीय



# मधेशको विकास

लामो समयसम्मको आन्दोलन र विभिन्न चरणमा भएका राजनीतिक परिवर्तनलाई पार गर्दै संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान २०७२ सालमा संविधानसभाबाट घोषणा आएको छ। संविधानको घोषणा पछि गत वर्ष सम्पन्न तीन चरणको निर्वाचनले यसको कार्यान्वयनको बाटो खोलेको छ भने अब राजनीतिक मुद्दाभन्दा विकासको मुद्दा उठान भएको छ। मधेशी जनतालाई आन्दोलनका लागि मात्र प्रयोग गर्दै आएका मधेशी दलहरूले अबका दिनमा निर्वाचनमा भोट लिनको लागि मात्र प्रयोग नगरी विकासको एजेन्डालाई प्राथमिकतमा राख्नुपर्छ।

राजनीतिले मधेशप्रतिको छवि परिवर्तन गर्नु जरूरी छ। मधेश भनेको खुला सिमानाका कारण अपराध, लागूऔषध, मानव बेचबिखनको मार्गजस्ता समस्याहरू मात्र होइन, सम्भावनाको केन्द्र पनि हो भन्ने मान्यता स्थापित हुनुपर्छ। यसमा राजनीतिको भूमिका बढी हुन्छ। त्यसैले मधेशबाट नेतृत्व गर्ने नेताले आफूलाई समयसापेक्ष अद्यावधिक गर्नु जरूरी छ।

राजनीतिक अस्थिरता, सुशासनको कमी, सुरक्षा र लगानीमैत्री वातावरणको अभाव तथा रोजगारको क्षेत्रमा बढ्दो राजनीतिक स्वार्थ नै मधेशको मूल समस्या हो। र जसले गर्दा मधेश आर्थिक रूपले समृद्ध हुन सकेको छैन। फलस्वरूप गरीबी र विपन्नताको दुश्चक्रबाट मधेशबाहिर निस्कन सकेको छैन। यसको सबैभन्दा बढी प्रभाव प्रदेश नं. २ मा परेको छ। विगत डेढ दशकको अवस्थालाई विश्लेषण गरेर हेर्ने हो भने प्रदेश नं २ अन्तर्गतका सबै जिल्ला उच्च समृद्धिस्तर भएका जिल्लाको श्रेणीमा पर्दथ्यो। तर, पछिल्लो समय यस प्रदेशअन्तर्गतका आठ जिल्लामध्ये तीन जिल्ला मध्यम समृद्धिस्तर र तीन जिल्ला न्यून समृद्धिस्तर भएका जिल्लाको श्रेणीमा परेका छन्।

**प्रदेश २ लाई अवसरको रूपमा प्रयोग गर्न सकेमा प्रशस्त सम्भावना छ भने राजनीतिक नेतृत्वले सही नीति ल्याउन नसकेमा अहिलेभन्दा कमजोर अवस्थामा पुग्न सक्छ।**

महोत्तरी र सर्लाही मात्र उच्च समृद्धिस्तर भएका जिल्लाको श्रेणीमा छन्। यसो हुनुका प्रमुख कारण योजनारहित धन र शक्ति आर्जनका लागि भ्रष्टाचार र अनियमिततामा चुर्लुम्म डुबेको राजनीतिक नेतृत्वले आम नागरिकको सामाजिक न्याय र समतामूलक समाजसहितको समृद्धिको चाहनालाई सुनिश्चित गर्न सशक्त प्रणाली विकास गर्न सकेन। पर्सादेखि सप्तरीसम्मको आठवटा जिल्ला मिलेर बनेको प्रदेश नम्बर दुई भौगोलिक रूपमा सुगम छ। सम्भावनाको प्रवल स्रोत भएको प्रदेश नम्बर दुईलाई अब राजनीतिको केन्द्र मात्र नबनाएर विकास र समृद्धिको बाटोमा अगाडि बढाउन आवश्यक छ।

प्रदेश २ मा भएका सम्भावनाहरूलाई केल्याएर कार्यान्वयनमा लैजान यो प्रदेशबाट निर्वाचित भएका प्रतिनिधिहरूको पहिलो दायित्व हो। कृषिलाई आधुनिकीकरण र व्यवसायिक बनाउनको लागि राज्यको तर्फबाट रणनीतिक र आर्थिक लगानी बढाउनु जरूरी छ। कृषि उत्पादन वृद्धि, गुणस्तरीयता, प्रशोधन र बजारीकरणका आधारहरू खडा गर्न सकिन्छ। किसानहरूलाई अधिकारसम्पन्न र व्यावसायिक बनाउन सके अन्न, तरकारी, फलफूल, जडिबुटीको उत्पादन बढ्न सक्छ, जसले सिंगो मुलुकको आर्थिक विकासमा टेवा पुर्‍याउन सक्छ। हुलाकी राजमार्ग यो प्रदेशको मात्रै नभएर समग्र मधेशको आधारभूत सडक र लाइफलाइन समेत हो। पूर्व पश्चिम हुलाकी मार्ग र उत्तर दक्षिण जोड्ने सहायक मार्गहरूले मधेशको समग्र विकास र समृद्धिको लागि बहुआयामिक महत्व राख्दछ। यसको निर्माण प्रक्रियामा देखिएको ढिलासुस्तीलाई हल गरी तीव्रता दिँदा मधेशमा विकासका अन्य कार्यहरू अगाडि बढाउन सजिलो हुन्छ। मधेशको विकासमा अर्को सम्भावना जनकपुर-जयनगरमा निर्माणाधीन रेलमार्ग पनि हो। यो रेल मार्ग सम्पन्न भएसँगै भारतीय पर्यटकको संख्यामा स्वतः वृद्धि हुन्छ भने मधेशमा रहेका पर्यटकीय स्थानहरूको अन्तर्राष्ट्रिय समुदायमा चर्चा परिचर्चा बढ्दै जान्छ।

विविध सम्भावना भएर पनि प्रदेश नम्बर २ अहिलेको अवस्थामा अन्य प्रदेशभन्दा पछाडि छ। चुरे दोहनको कारण मधेशको उत्पादकत्व घट्दै जानु र कृषिमा आधुनिकीकरण हुन नसक्नु गरिबीको मुख्य कारण हो। शिक्षा, स्वास्थ्य, खानेपानी लगायत विकासका पूर्वाधारहरूमा एकदमै पछाडि पर्नु, सुगम भएर पनि सडकको अवस्था जीर्ण हुनु, भारतसँगको खुल्ला सिमाका कारण लागुऔषधको कारोबार बढ्दै जानु जस्ता विविध कारणले गर्दा पनि प्रदेश २ लाई नमुना प्रदेश बनाउन चुनौतीपूर्ण देखिन्छ। यद्यपी प्रदेश २ ले जे प्राप्त गरेको छ र जे जस्ता स्रोत, साधनहरू उपलब्ध छन्, त्यसैका आधारमा समग्र विकासमा ध्यान दिनु अबको आवश्यक्ता हो। प्रदेश २ लाई अवसरको रूपमा प्रयोग गर्न सकेमा प्रशस्त सम्भावना छ भने राजनीतिक नेतृत्वले सही नीति ल्याउन नसकेको खण्डमा अहिलेभन्दा कमजोर अवस्थामा पुग्न सक्छ।

## साताको सात बात



सक्नेले खाने, नसक्ने जाने भन्ने गैरजिम्मेवार प्रवृत्तिको अन्त्यका लागि योगदानमा आधारित समाजिक सुरक्षा कार्यक्रमको प्रबन्ध गरिएको हो। यसबाट हरेक परिवारको आर्थिक सुरक्षा र हरेक नागरिकको सुरक्षित भविष्य सुनिश्चित हुनेछ। **केपी शर्मा ओली, प्रधानमन्त्री**



कर्णालीले सिंगो नेपाललाई समृद्ध बनाउन महत्वपूर्ण भूमिका निर्वाह गरेको छ। कृषि, पर्यटन, जलविद्युत् र जडीबुटीमा धनी रहेको कर्णालीले अबको केही बर्षमा राज्यलाई ठूलो योगदान दिनसक्छ। **नन्दबहादुर पुन, उपराष्ट्रपति**



कतिपय नेताहरूप्रति कार्यकर्ताको गम्भिर र गहिरो आलोचना छ। तर, केही नेताहरूप्रति आशा पनि छ। हामी गलत हुन दिन्नौं। पार्टीलाई एकतावद्ध र अनुशासित बनाएर लैजान्छौं। म गुट, उपगुट र निरंकुशताको विरूद्धमा लड्दै आएको मान्छे भएकोले अहिले नेकपाको एकताको निम्ति लडिरहेको छु। **झलनाथ खनाल, नेता, नेपाल कम्युनिष्ट पार्टी**



महन्थ ठाकुरलाई हटाएर राजेन्द्र महतोलाई संयोजक बनाउने निर्णय राजपा नेपालको विधान विपरित छ। यो निर्णय सर्वसम्मतिले भएको होइन। पार्टी एकता त मधेशमा राजनीतिक शक्ति निर्माणका लागि गरेका हौं। कोही नेताको स्वार्थका लागि एकता गरिएको होइन। **वृषेशचन्द्र लाल, वरिष्ठ उपाध्यक्ष, राष्ट्रिय जनता पार्टी नेपाल**



प्रदेशले व्यवस्थित रूपमा योजना बनाएर काम गर्नेछ। प्रदेश सरकार जनताको आकांक्षापूर्तिको विश्वास केन्द्र बन्दै गइरहेको छ। तर, भौतिक पूर्वाधार र कर्मचारीको अभाव भने कायमै रहेको छ। **शंकर पोखरेल, मुख्यमन्त्री, प्रदेश ५**



कम्युनिष्ट पार्टी गतिशील पार्टी हो। जीवन्त पार्टी हो। स्वस्थ एवम् रचनात्मक छलफल बहस भएन भने त्यो कम्युनिस्ट पार्टी हुँदैन। त्यो छलफल र बहसको विषयलाई मतभेद भन्न मिल्दैन। तर स्वार्थगत गुटबन्दी पार्टीका लागि विष वृक्ष हुन्छ। त्यसले पार्टीलाई रूपान्तरण गर्न र एकताबद्ध हुन दिँदैन। **नारायणकाजी श्रेष्ठ, नेता, नेपाल कम्युनिष्ट पार्टी**



शेरहादुर देउवा सभापति भएपछि पार्टीभित्र गुटैगुट भयो। उहाँ कांग्रेसको भन्दा गुटको मात्रै सभापति हुनुभयो। गुटको नेताले कांग्रेसको पार्टी सभापति हुने हैसियत राख्नुहुन्न। उहाँ पार्टी जीवनको निकम्मा सभापतिका रूपमा प्रस्तुत हुनुभयो। **जगदीशनरसिंह केसी, नेता, नेपाली कांग्रेस**

# विकासको राजनीतिक चिरफार



**सीके लाल**

सप्तरीमा जन्मेको व्यक्तिको 'लाइफ चान्सेस' कास्कीमा जन्मेको मानिसको भन्दा एक दशांश किन छ ?

आजका मूल मुद्दाहरू के-के हुन् ? राजनीतिक पार्टीहरूले जस्तै कसैले समृद्धि भन्लान्। कसैले विकास भन्लान्। युएनडिपीले पनि विकासै भन्दै आएको छ। त्यसैले नै उसले मानव विकास सूचकांक निकाल्छ। मूल समस्या अविकास हो र विकास भयो भने सबै समस्या आफै समाधान भइहाल्छ भन्ने एक किसिमको सोचाइ व्यापक छ।

तर राजनीतिले त्यसो होइन भन्छ। यदि त्यसो हो भने पञ्चायतले 'विकासका लागि राजनीति' भनेर ३० वर्ष शासन गर्‍यो। त्यसपछि पनि प्रजातन्त्र आयो, 'अब विकासै विकास हुने भयो' भन्दाभन्दै पनि माओवादीले बन्दुक उठायो। माओवादीको दस वर्षको सशस्त्र द्वन्द्वपछि पनि विकासको मुद्दा हुनुपर्ने, तर भएन। मधेशीहरू सडकमा ओर्लिए। मधेश विद्रोह भयो। त्यसपछि पनि भएन। त्यसपछि पनि मधेश विद्रोह दोस्रो, तेस्रो भयो। त्यसैले विकासको राजनीतिलाई हामीले गम्भीरतापूर्वक हेर्नुपर्दछ।

विकासको राजनीति हेर्नलाई देश के हो भन्ने हेर्नुपर्दछ। यो मानव विकास प्रतिवेदनले देशलाई भौगोलिक आधारमा बाँडिदियो। भन्नलाई त भनिदियो कि कर्णालीको विकास सूचकांक सबभन्दा कम छ। तर सारा कर्णालीको जनसंख्या एउटा धनुषा जिल्लाभन्दा पनि कम छ। देश भूगोल हो कि जनता हो ? सबैभन्दा पहिले त्यो हेर्नुपर्‍यो । अनि मात्रै जनताको स्थिति के हो भनेर बुझ्न सकिन्छ। विकासलाई अर्थशास्त्रको दृष्टिबाट नभएर अर्थ-राजनीतिक दृष्टिकोणबाट हेर्ने हो भने देश भनेको त जनता हुनुपर्दछ।

दोस्रो कुरा, विकासलाई कसरी बुझ्ने ? म त यसलाई उन्नति अथवा प्रगति भन्दछु किनभने विकास एउटो 'आइडियोलोजी' बन्न गएको छ। त्यो 'आइडियोलोजी'को आफ्नै रूढि, परम्परा, पुरेतहरू छन्। बिरालो बाँधेर श्राद्ध गर्नुपर्ने जस्तो तीन वर्ष लगाएर एउटा टेन्डर गर्ने, कामभन्दा बढी त्यो टेन्डर प्रक्रियामा कन्सल्ट्यान्ट र कन्ट्राक्टरलाई पैसा खुवाउनुपर्ने बिरालो बाँध्ने चलन हो। त्योभन्दा बरू उन्नतिको दृष्टिले हेर्ने हो भने त्यो उन्नति के हुनुपर्दछ ? त्यो भनेको जनताको जीवनस्तरमा सुधार हुनुर्पयो।

जीवनस्तरमा सुधार के को मापनका आधारमा हुनुपर्‍यो भने उनीहरूका आधारभूत आवश्यक्ता पूर्ति भइरहेको छ कि छैन ? त्यो भनेको सास लिने हावा, पिउने पानी र त्योसँग जोडिएको सरसफाइका कुरा, त्यसपछि खानेकुरा, विरामी भयो भने अस्पतालसम्म पुग्ने सुविधा, पढाइलेखाइको सुविधा, एकअर्कासँग मिलेर बस्ने वातावरण, सम्मानसाथ टाउको उठाएर बाँच्न सक्ने अवस्था, कसैसामु लम्पसार पर्न नपर्ने र शक्तिसँग डराउन नपर्ने तथा सम्मानपूर्वक जीवन जिउने अवस्था हो। तिनलाई उन्नतिको मापक मान्ने भने 'लाइफ चान्सेस'को कुरा आउला, 'स्टान्डर्ड अफ लिभिङ'को कुरा आउला, 'क्वालिटी अफ लाइफ'को कुरा आउला। र, त्यस्ता कुरा यस्ता प्रतिवेदनभित्र राख्न मिल्छ कि मिल्दैन भन्ने प्रश्न पनि उठ्छ।

विकासलाई आइडियोलोजी मान्ने हो भने विकासको आलोचना त्यहीँबाट सुरू हुन्छ। मार्क्सवादीहरूका अनुसार द्वितीय विश्वयुद्धपछि उपनिवेशबाट भर्खर भर्खर मुक्त भएका गरिब मुलुकमा सोभियत रूसको आकर्षण बलियो थियो। त्यसैले दुनियाँ नै कम्युनिस्ट हुन्छ भन्दै धनी देशहरूले दुनियाँलाई कम्युनिस्ट हुन नदिन सबैलाई सपना देखाउन थाले। 'आज हामी धनी मुलुकहरू जुन स्थितिमा छौं, भोलि तिमीहरू पनि त्यही स्थितिमा पुग्न सक्छौ, त्यसरी पुग्ने उचित बाटो भनेको पुँजीवाद नै हो' भन्ने सपना।

तर पुँजीवादले के भन्छ भने उत्पादनभन्दा 'सरप्लस' बढी भयो भने पुँजी निर्माण हुन्छ। पुँजी निर्माण भयो भने लगानी हुन्छ। लगानी भयो भने मान्छेहरूले काम पाउँछन्। अनि आम्दानी बढ्छ र आर्थिक गतिविधि बढ्छ। अनि क्रमिक रूपमा पूर्वाधारमा लगानी हुन्छ, शिक्षामा लगानी हुन्छ, स्वास्थ्यमा लगानी हुन्छ अनि विकास हुन्छ।

तर विकासशील देशहरूले 'पैसा छैन' भन्दा विकसित मुलुकहरूले के भने, 'चिन्ता नमान, हामीसँग पर्याप्त पैसा छ। सुरूको लगानी हामी गरिदिउँला। अन्य लगानीका लागि अन्तर्राष्ट्रिय मुद्रा कोष र विश्व बैंक छन्। एसियन डेभेलपमेन्ट बैंक र अफ्रिकन डेभलेपमेन्ट बैंक छन्। पूर्वाधारमा गरिएको लगानीले गर्दा आर्थिक गतिविधि बढ्छ। त्यही गतिविधिबाट तिमीहरूको विकास हुन्छ।'

युएनडिपी पनि त्यही प्रक्रियाको एउटा उपज हो। अहिले आएर विश्व बैंकलाई पनि युएन फेमिलीमा राखिएको छ। यो सबै पुँजीवादी अवधारणाअन्तर्गत आएको हो। त्यसैले विकास राजनीतिक विचारधारा हो र यसलाई राजनीतिबाट छुट्टयाएर हेर्न मिल्दैन। यदि हेर्न मिल्दैन भने विकासको राजनीति के भयो नेपालमा ?

त्यसलाई बुझाउन म धेरै सिद्धान्तमा जान्नँ। आधुनिकीकरणको सिद्धान्तले के भन्छ भने विकासको बाटो औद्योगिकीकरण हो। त्यसका लागि कृषि, वन र खानीजन्य गतिविधि र जीवनयापनबाट सुस्तरी औद्योगिकीकरणमा लाग्नुपर्दछ। औद्योगिकीकरणले गर्दा एकै ठाउँमा धेरै जनसंख्याको जमघट बढ्छ। मान्छेको जमघट भएपछि औद्योगिकीकरणबाट मान्छे बैंकिङ, निर्माण व्यवसाय र 'नलेज इकोनमी'मा लाग्न थाल्छन्।

तेस्रो कुरा, एकै ठाउँमा जनसंख्याको जमघट बढ्यो भने त्यसले सहरीकरणलाई बढाउँछ। त्यसले अरू सुविधाको माग बढाउँछ। अरू सुविधाको माग बढाउँदै गएपछि शिक्षाको प्रसार हुन्छ, सीप तथा दक्षताको माग बढाउँछ। अर्थशास्त्रअनुसार मागको आपूर्ति पनि हुन्छ। त्यसपछि सहरमा पनि पूर्वाधारमा लगानी हुन्छ र नयाँ नयाँ खालको खोजी हुन थाल्छ। अनि त्यसपछि विकास हुन्छ र जिन्दगी सहज, सरल र सुखसुविधा सम्पन्न हुन्छ।

यो आधुनिकीकरणको सिद्धान्तबाट हेर्दा तराई-मधेश त धेरै विकसित हुनुपर्ने हो। किनभने अर्थशास्त्रको प्रतिस्पर्धात्मक क्षमताअनुसार अन्य भूभागभन्दा मधेशको प्रतिस्पर्धात्मक क्षमता पनि बढी छ। मधेशको भूगोल समथर छ। पूर्वाधार निर्माण गर्न सहज छ। तर त्यति पनि समथर छैन कि पानी जमेर बसोस्। हावापानीको कुरा गर्ने हो भने गर्मीको केही दिन, वर्षाको केही दिन र जाडोको केही दिन झिकिदिने हो भने कम्तीमा २ सय दिन काम गर्ने उपयुक्त वातावरण पनि छ।

चौथो कुरा, त्यहाँ उब्जनी राम्रो हुन्छ। भूमिगत पानीको राम्रो सुविधा छ र कम लगानीमा सिँचाइ सुविधा उपलब्ध हुन सक्ने अवस्था छ। माटोको उत्पादकत्व दुनियाँमै उच्च स्तरको छ। तेल ल्याउन समुन्द्र किनारा र झारखण्डको कोइलाखानी पनि मधेशबाटै सबभन्दा नजिक पर्छ। अन्य कच्चापदार्थ, कृषिको उत्पादन, वनको उत्पादन, ढुंगा र गिट्टीको उपलब्धता, इँटा बनाउन सजिलो अवस्था छ। मानव संशाधनको कुरा गर्ने हो भने ब्रिटिस शासनकै पालामा सीमावर्ती भारतमा शिक्षाको त्यत्रो प्रचार भएको र २००७ सालदेखि जनताको सक्रियतामा स्कुल खुल्न थालेको र पहाडभन्दा बढी स्कुल खुलेको ठाउँ मधेश नै हो। मुलुकको अन्य भूभागभन्दा जनधनत्व पनि बढी छ। यी जम्मै विशेषता हुँदाहुँदै मधेश किन पछाडि छ ? मधेश त काठमाडौंभन्दा पनि अगाडि हुनुपर्ने नि ? किन छैन ?

मधेशी दलित महिलासँग पहाडी दलितको तुलना गरौं। मधेशी बाहुन महिलालाई पहाडी दलित महिलासँगै तुलना गरौं। मधेशी क्षेत्री महिलालाई पहाडी क्षेत्री महिलासँगै तुलना गरौं। यत्रो फरक किन भयो त ? भन्दाखेरी यो त राजनीतिक प्रश्न हो। यो अर्थशास्त्रको प्रश्नै होइन।

नाम राष्ट्रिय योजना आयोगको भए पनि यस्तो रिपोर्ट आउने राष्ट्र बैंकबाट हो, जसले मौद्रिक नीति हेर्छ। त्यसले प्राविधिक काम गर्छ। त्यसको काम राजनीति गर्ने होइन। योजना आयोग अर्थ-राजनीति हेर्ने निकाय हो। त्यसैले सरकार जुन बन्छ, त्यसले आफ्नो योजना अनुकूलको योजना आयोग बनाउँछ। युएनडिपीको यो रिपोर्टमा योजना आयोगको छाप हेर्नु भनेको लाजमर्दो हो। किनकी यो रिपोर्टमा अर्थ-राजनीतिको कुरा कहीँ कतै छँदैछैन।

आखिर किन मधेश पछाडि पर्‍यो ? यसमा एउटा जवाफ तपाईंहरूको हुनसक्छ, त्यहाँ 'गुड गभर्नेन्स' भएन। यो एनजीओको भाषा हो- सुशासनको अभाव। यद्यपि सुशासन 'गुड गभर्नेन्स'को शब्दार्थ हुँदै होइन। 'गभर्नेन्स'को नेपाली, हिन्दी, मैथिली, बंगाली, असमिया, तमिल र तेलगुसहित कुनै भाषामा शब्दै छैन।

> अर्को प्रश्न के उठ्नसक्छ भने मधेशीहरूमा 'इन्टरनल कोहेजन' भएन। तपाईं मधेशीहरूमा त्यत्रो छ जातपातको विभेद, ठूलो जात र सानो जात। भुराबाल, अति पिछडा, पिछडा, दलित। त्यो प्रश्न पनि उचित र जायज हो।

शासन त रूल हो, गभर्नेन्स त होइन।

एउटा प्रश्न उठ्छ, मधेश पछाडि पर्नुको कारण 'ल्याक अफ गुड गभर्नेन्स' हो कि ? दोस्रो प्रश्न उठ्छ, त्यहाँको साधनस्रोतमा मधेशीहरूको नियन्त्रण नभएर हो कि ? त्यो पनि हो। मेचीदेखि महाकालीसम्म एक सय जना ठूला जमिन्दारको सूची बनाउनुस्, त्यसमा २० जना पनि मधेशी जमिन्दार पर्दैनन्। मेचीदेखि महाकालीसम्मको ठूला जमिन्दारमध्ये ८० प्रतिशतभन्दा बेसी त पहाडे समुदायका छन्। पूर्वबाट सुरू गर्नुस्। कार्की, कोइराला, रिजाल, उपाध्याय, लोहनी, पन्त, चालीसे, राणा, अर्को राणा, अर्को पन्त, केही थापाहरू, केही मानन्धर पनि, केही बस्नेत पनि, केही श्रेष्ठ पनि। गन्दै जानुस्, एक र दुई जना सिंह, एक र दुई जना झा र दुई र चार जना चौधरीबाहेक कोही पनि पर्दैनन्।

जुन मधेशीले आफूलाई जमिनदार भएको दाबी गर्छन्, उनीहरूले वास्तवमा 'रिभेन्यु कन्ट्रयाक्टर'को काम पाएका थिए राणाकालमा। उनीहरूको काम कर उठाएर मालअड्डामा बुझाइदिने थियो।

*क्रमशः...*

# पेट्रोलियम पाइप लाइन निर्माण कार्य अन्तिम चरणमा

**वीरेन्द्र कर्ण**

वीरगंज। नेपाल र भारत सरकारको प्राथमिकतामा रहेको मोतिहारी अमलेखगञ्ज पेट्रोलियम पाइप लाइन निर्माण कार्य अन्तिम चरणमा पुगेको छ।

मोतिहारी अमलेखगञ्ज पेट्रोलियम पाइप लाइन परियोजना कार्यालय सिमराका अनुसार नेपालतर्फको ३९ दशमलव दुई किलोमिटर भू-भागमध्ये २१ किलोमिटर क्षेत्रमा जमीनमुनि पाइप बिछ्याउने काम सम्पन्न भइसकेको छ।

तीव्र गतिमा बाँकी काम भइरहेकाले बढीमा तीन महीनाभित्र काम सम्पन्न भई भारत बिहारको राजधानी पटनाबाट पाइप लाइनमार्फत पेट्रोलियम पदार्थ ल्याउन सकिने बताउँछन् परियोजना कार्यालय सिमराका इञ्जिनीयर शरदप्रसाद पौडेल। उनले भने, "बाधा अवरोध नभए तीन महीनाभित्र नेपालमा पेट्रोलियम पदार्थ आउने पक्का छ। यसलाई समयमै सम्पन्न गर्न परियोजनाले सक्रियरूपमा कार्यलाई अगाडि बढाएको छ।"

नेपालतर्फ अब १८ दशमलब दुई किलोमिटर पाइप बिछ्याउने काम बाँकी रहेको छ। बाँकी रहेको भू-भागमध्ये पर्सा राष्ट्रिय निकुञ्जमा आठ किलोमिटर, नाला स-साना पुल-पुलेसा, नदी, क्रसिङ सडक, गण्डक क्षेत्रमा पाइप लाइन बिछ्याउन बाँकी रहेको छ।

निकुञ्जभित्र रहेको करीब पाँच हजार रूख काटने काम निकट भविष्यमै हुने तथा भारतको मोतिहारीदेखि रक्सौलसम्म ३३ दशमलव ७ किलोमिटरमध्ये मोतिहारी रक्सौल क्षेत्रमा टुक्राटुक्री काम बाँकी रहेको परियोजनाको कार्यालय सिमराले जनाएको छ।

नेपाल-भारत सीमा क्षेत्रको वीरगञ्ज भन्सारस्थित रजत जयन्ती चोक वाइपास क्षेत्रमा समेत पाइप बिछ्याउने काम सम्पन्न भइसकेको छ। जीतपुर परवानीपुर क्षेत्रमा करीब दुई किलोमिटर क्षेत्रमा बाधा अवरोध आएकाले सो क्षेत्रमा बोरिङ प्रविधिमार्फत पाइप गाड्ने काम भइरहेको पनि परियोजनाका इञ्जिनीयर पौडेलले जानकारी दिए।

नेपालको लाइफ लाइनको रूपमा रहेको भारतको मोतिहारीदेखि अमलेखगञ्जसम्म ७० किलोमिटर लम्बाइको सो पाइप लाइन निर्माणको लागि भारत सरकारले ३५० करोड भारतीय रूपैयाँ लगानी गरेको छ। गत गत चैतको अन्तिम साता भारत भ्रमणको क्रममा प्रधानमन्त्री केपी शर्मा ओली तथा समकक्षी भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले नयाँदिल्लीको हैदरावाद हाउसबाट संयुक्त रूपमा मोतिहारी-अमलेखगञ्ज पेट्रोलियम पाइप लाइनको शिलान्यास गरेका थिए। शिलान्यासपछि यस कार्यले गति लिँदै जमीनमुनि पाइप बिछ्याउने कामले तीव्रता पाएको हो।

पथलैयादेखि अमलेखगञ्जसम्म आठ किलोमिटर क्षेत्रमा पर्सा राष्ट्रिय निकुञ्ज भएर पाइप लाइन जाने भएकाले निकुन्जभित्रका पाँच हजार रूख काट्न सहमति भइसकेकाले चाँडै नै सो कामको थालनी गरिने परियोजना कार्यालय सिमराले जनाइएको छ।

पाइप लाइन बिछ्याउने काम सम्पन्न भएपछि पेट्रोलियम पदार्थ भण्डारण गर्नको लागि अमलेखगञ्ज आयल निगमको डिपोमा तीन हजार ९०० किलोलिटर क्षमता भएको दुई तथा चार हजार १०० किलोलिटर क्षमता भएको दुई वटा गरी चार टयाङ्करको मर्मतसम्भार द्रुत गतिमा भइरहेको छ। एउटा टयाङ्कर तयार भइसकेको छ भने तीन वटा टयाङ्कर बनाउने काम भइरहेको बताइएको छ।

तीन महीनाभित्र निर्माण कार्य सकी सञ्चालनमा ल्याउने लक्ष्य लिएको सो पाइप लाइन निर्माण सम्पन्न भएपछि पटनाबाट प्रतिघण्टा २५० लिटर पेट्रोलियम पदार्थ पाइप लाइनबाट भित्रिने छ। पहिलो चरणमा परीक्षणको रूपमा डिजेल आउने बताइएको छ।

# विवाहोत्सव नेपाल-भारतको सांस्कृतिक सेतु हो



**ज्ञानेन्द्र कुमार यादव**

**आन्तरिक मामिला तथा कानुनमन्त्री, प्रदेश २**

☞ हामीले पनि सुनेका छौं कि जन्तीको रूपमा भारतको उत्तर प्रदेशका मुख्यमन्त्री आदित्यनाथ योगीजी आउनु हुनेछ।

☞ मुख्यमन्त्री योगीजी आउनुहुन्छ भन्ने हिसावले नै हाम्रो तयारी रहेको छ।

☞ रेल्वे संघीय सरकारको कार्य क्षेत्रभित्र पर्छ। त्यसैले, रेल्वे उद्घाटन गर्ने/गराउने विषयमा हाम्रो सरोकारको विषय छैन।

☞ संस्कृतिले नेपाल-भारतको सम्बन्धलाई एकदम मजबुत अवस्थामा ल्याएको छ। नेपाल र भारतबीच यस्तो छ सम्बन्ध छ, जसलाई कसैले तोड्न सक्दैनन्।

☞ संघीय सरकारले संविधान र संघीयताको मर्मविपरीत प्रहरी भर्ना गरिरहेको छ।

☞ दुई महिनापछि हामी भर्ना प्रक्रिया सुरू गर्छौं। अबको १५ दिनभित्र हामीले करारमा कर्मचारी भर्ना गर्ने प्रक्रिया सुरू गर्छौं।

☞ मलेठ घटनासम्बन्धी प्रतिवेदन सार्वजनिक हुन अलि समय लाग्छ।

☞ कसैले दबाब दिँदैमा प्रतिवेदनलाई हामीले तुहिन दिँदैनौं। त्यो प्रतिवेदन जनताको बीचमा ल्याउँछौं भन्ने हाम्रो प्रतिबद्धता हो।

**० रामजानकी विवाह महोत्सवमा भारतको उत्तर प्रदेशका मुख्यमन्त्री आदित्यनाथ योगी आउने चर्चा छ, प्रदेश सरकारको तयारी कस्तो छ ?**

– त्रेतायुगदेखि जनकपुरधाममा रामजानकी विवाह महोत्सव हुँदै आएको ऐतिहासिक तथ्य छ। यस अवसरमा भारतका विभिन्न राज्यबाट जन्ती आउने गरेको परम्परा पनि छ। खासगरी अयोध्याबाट जन्ती आउने गर्छ। जनकपुरधामवासीले सधै जन्तीलाई भव्य र सभ्य तरिकाले स्वागत गर्दै आएका छन्। यहाँ अतिथिलाई देउतासरह नै पुज्ने गरिएको छ। मिथिला संस्कृति र सभ्यता अनुसार नै हामीले जन्तीलाई स्वागत गर्ने तयारी गर्दैछौं। हामीले पनि सुनेका छौं कि जन्तीको रूपमा भारतको उत्तर प्रदेशका मुख्यमन्त्री आदित्यनाथ योगीजी आउनु हुनेछ। उहाँ आउनु भयो भने हामीले उहाँलाई पनि त्यही हिसाबमा स्वागत गर्न तयारी अवस्थामा छौं। उहाँको जनकपुरधाममा भव्य र सभ्य स्वागत हुनेछ।

**० त्यसो भए योगीको आगमनबारे प्रदेश सरकारलाई अहिलेसम्म आधिकारिक जानकारी छैन ?**

– अहिलेसम्म हामीलाई आधिकारिक जानकारी आएको छैन। तर, जसरी हरेक निकायले उहाँको स्वागतका लागि तयारी गरिरहेको छ, भारतीय राजदूतावासको पनि सक्रियता देखिएको छ। त्यस हिसाबले उहाँ आउने कुरा हुँदैछ। उहाँ आउने सम्भावना बढी छ। तर, आधिकारिक जानकारी अहिलेसम्म आएको छैन। अन्तिम समयमा आधिकारिक जानकारी आउँछ जस्तो लागेको छ। त्यसकारणले सम्पूर्ण आगन्तुक र आम जनताको सुरक्षा दिने काम प्रदेश सरकारको भएको हुनाले हामीले पनि तयारी गरिरहेका छौं। हाम्रो तयारीमा कुनै किसिमको कमी रहँदैन। यस अवसरमा जनकपुरधाममा लाखौं जन्ती आउने कुरा निश्चित नै छ, त्यसकारणले शान्ति सुरक्षाको व्यवस्था हामी मिलाउँदैछौं। मुख्यमन्त्री योगीजी आउनुहुन्छ भन्ने हिसावले नै हाम्रो तयारी रहेको छ।

**० योगीजीको आगमनको आधिकारिक जानकारी प्रदेशलाई मात्रै आउँछ कि केन्द्रलाई पनि ?**

– योगीजीको आगमनको विषयमा केन्द्र सरकारलाई नै पहिला आधिकारिक जानकारी आउनेछ। परराष्ट्र मन्त्रालयद्वारा स्वीकृत हुन्छ र हामीलाई पनि जानकारी हुन्छ। उहाँको भ्रमण निश्चित जस्तै भएकाले केन्द्रीय सरकारका अंगहरू पनि त्यहीअनुसार काम गरिरहेको छ। शायद केन्द्र सरकारलाई पनि उहाँको आगमनको जानकारी आइसकेको स्थिति छ। तर, केन्द्रलाई आधिकारिक जानकारी अहिलेसम्म आएको छ वा छैन हामीलाई थाहा छैन। यदि केन्द्रीय सरकारलाई जानकारी नभएको भए किन यस्तो तयारीमा जुटेको होला भन्ने कुरा त छँदैछ। त्यसकारणले आधिकारिक कुरा अन्तिम समयमा आउँछ होला। केन्द्रलाई औपचारिक जानकारी भएको हुनसक्छ भन्ने कुराको अड्कल छ। त्यसैले, हामी पनि त्यही हिसाबमा तयारीमा लागेका छौं।

**० यदि योगीजी आउनुभयो भने के कस्ता कार्यक्रमहरू हुनेछ ?**

– उहाँ आउनुभयो भने जनकपुरधाम विमानस्थलमा ओर्लिनुहुनेछ। त्यहाँबाट सिधै जानकी मन्दिरमा आउनुहुनेछ र पूजापाठ गर्नुहुनेछ। जानकी मन्दिरमा पूजापाठ गरिसकेपछि योगी मधेश भवन (प्रदेशसभा)मा प्रदेश सरकार सांसदहरूद्वारा स्वागत हुनेछ। त्यसपछि प्रदेश सरकारले दिवाभोजको आयोजना गर्नेछ। मिथिला र मधेशमा जुन किसिमको हामी अतिथिको स्वागत र सत्कार गर्छौं त्यसरी नै हुनेछ। मधेश भवनमा यी सबै कार्यक्रम भइसकेपछि बाह्रबिघा मैदानमा विवाह महोत्सवको कार्यक्रम आयोजना हुन्छ। सो कार्यक्रममा लगभग साढे एक घन्टासम्म बस्नुहुन्छ। त्यसपछि, उहाँ स्वदेश फिर्ता हुनुहुन्छ।

**० मधेश भवनमा प्रदेशसभालाई सम्बोधन पनि गर्नुहुन्छ कि ?**

– सम्बोधन गर्ने कार्यक्रम छैन। हामीले उहाँलाई यहाँको कला संस्कृतिबारे केही कार्यक्रमहरू देखाउने छौं। मिथिलामा जसरी अतिथिको स्वागत गरिन्छ त्यसरीअनुसार हुनेछ। प्रदेशसभामा भाषण गर्ने वा सम्बोधन गर्ने लगायतका कुनै पनि कार्यक्रम छैन। यो नितान्त धार्मिक भ्रमण हो। उहाँको सम्बोधनभन्दा पनि शुभकामना र धन्यवाद दिने कार्यक्रम छ।

**० योगीजीले जनकपुर-जयनगर रेल्वे उद्घाटन गर्ने कार्यक्रम पनि छ भन्ने सुनिन्छ नि ?**

– यो कुरा प्रदेश सरकारको अधिकारभित्र पर्दैन। यसमा प्रदेश सरकारले पनि टिकाटिप्पणी गरिरहनु आवश्यक पनि छैन। रेल्वे संघीय सरकारको कार्य क्षेत्रभित्र पर्छ। त्यसैले, रेल्वे उद्घाटन गर्ने/गराउने विषयमा हाम्रो सरोकारको विषय छैन। यसबारे संघीय सरकारलाई नै थाहा होला। हामीलाई त्यस्तो आधिकारिक जानकारी आएको छैन।

**० भनेपछि, रेल्वे उद्घाटनको विषय केन्द्रले तय गर्ने हो ?**

– निश्चितरूपमा।

**० तर यस विषयमा जुन किसिमका समाचारहरू आउँदैछन् त्यो के हो त ?**

– मैले बुझेअनुसार अहिले रेल्वेको उद्घाटन गर्ने स्थिति छैन। रेल्वेका पूर्ण तयारी पनि छैन। उद्घाटन गर्ने कार्यक्रम यदि भएको भए त्यसबारेमा सचेतना कार्यक्रमहरू सञ्चालन हुन्थ्यो। रामजानकी विवाह महोत्सवमा भारतका विभिन्न प्रान्त र नेपालकै धेरै जिल्लाहरूबाट श्रद्धालुहरू आउने गर्छन्। त्यसैले, त्यो बेला ट्राफिक वा जनचेतनासम्बन्धी कार्यक्रम नै नगरिकन उद्घाटन गर्न सकिने स्थिति छैन। त्यसैले, उद्घाटनसम्बन्धी संघीय सरकारले कुनै किसिमको तयारी नदेखिएकोले अहिले नै उद्घाटन हुने सम्भावना म देख्दिन। रेल उद्घाटनको सम्बन्धमा संघीय सरकारले प्रदेश सरकारलाई केही जानकारी नदिएकोले मैले धेरै कुरा भन्न सकिने स्थिति पनि आउँदैन। कुनै कुरामा टिप्पणी गर्नुभन्दा अगाडि सत्य तथ्य र यथार्थ कुराहरू बुझेर टिप्पणी गर्दा राम्रो हुन्छ।

**० रामजानकी विवाह महोत्सवमा जसरी छिमेकी मित्रराष्ट्रबाट जन्ती आउँछन्, विभिन्न कार्यक्रमहरू हुन्छन्, यसले नेपाल-भारतको सम्बन्धमा कस्तो भूमिका निर्वाह गर्छ ?**

– यो संस्कृतिले नेपाल-भारतको सम्बन्धलाई एकदम मजबुत अवस्थामा ल्याएको छ। नेपाल र भारतबीच यस्तो छ सम्बन्ध छ, जसलाई कसैले तोड्न सक्दैनन्। यसले नेपाल र भारतबीचको रगतको जुन सम्बन्ध छ त्यसले गर्दा दुई देशीय सहयोग आदान प्रदान गरिँदै आएको छ। यसले दुई देशबीचको सम्बन्ध झनै प्रगाढ हुँदै गइरहेको छ। यसले गर्दा नेपाल र भारतबीचको सम्बन्ध विश्वमै उदाहरणीय रहेको पनि प्रमाणित गर्छ। यो सम्बन्धले नेपाल र भारत दुवै देशलाई फाइदा नै पुगेको स्थिति छ। मनोवैज्ञानिक हिसावमा हेर्ने हो भने पनि सम्बन्ध थप उचाईमा नै पुगेको छ। विवाहमहोत्सव नेपाल र भारतको सांस्कृतिक सेतु हो। यसले विशाल संस्कृति भएको दुई देशलाई जोडेको छ।

प्रदेश प्रहरी

**० प्रदेश २ मा अहिले प्रहरी ऐन ल्याउनु भएको छ र भर्ना प्रक्रिया पनि सुरू भइसकेको छ। प्रदेश २ मा कति प्रहरी आवश्यक छ त ?**

– हामीले प्रहरी ऐन पारित गरेका छौं तर, प्रहरी भर्ना प्रक्रिया सुरू गरेका छैनौं। अहिले प्रहरी भर्ना भइरहेको भन्ने जुन कुरा छ त्यो संघीय सरकारले नै गरिरहेको छ। तर, संघीय सरकारले जसरी प्रदेश २ मा प्रहरी भर्ना गरिरहेको छ त्यो संविधान र संघीयताको मर्म विपरीत छ। यस विषयमा हाम्रो असन्तुष्टि छ र विरोध गर्छौं। किनभने संविधानको धारा ३०२ मा प्रहरी वा कर्मचारी संयोजन गर्नुपर्ने हो। त्यो कुन अवस्थामा कि संविधान निर्माणबखत जुन भर्ना भइसकेको छ उनीहरूलाई संयोजन गर्ने हो। त्यसपछि प्रदेशले आवश्यक्ताअनुसार प्रहरी भर्ना गर्छ। तर, संघीय सरकारले नै यो गरेको हुनाले यो संविधान र संघीयता विपरीत हो। यो गैरकानूनी हो। यस्ता कर्मचारीहरूको संयोजन प्रदेश २ को सरकारले स्वीकार गर्दैन।

**० भनेपछि प्रदेश २ मा संघीय सरकार आफैले प्रहरी भर्ना गर्दैछ ?**

– हो। यो भर्ना प्रदेश सरकारले खोलेको होइन। यस विषयमा प्रदेश सरकारसँग समन्वय पनि भएको छैन।

**० प्रदेश २ मा संघीय सरकारले किन प्रहरी भर्ना गरिरहेको होला त ?**

– यो गैरकानूनी हो। संविधान विपरीत यो भर्ना हुँदैछ। केन्द्रीय सत्ताको पहिलाको जुन एकात्मक सोच छ, त्यसकै नतिजा हो। त्यसरी गर्नु हुँदैन। यसरी भर्ना गरिसकेपछि यहाँका जनतालाई आफ्ना शासन, प्रशासनबाट टाढा राख्नका लागि यो एउटा ठूलो षड्यन्त्र नै हो। यस्तो गैरकानूनी कार्य नगर्न प्रदेश २ को सरकारले संघीय सरकारलाई बारम्बार अनुरोध गर्दै आएको छ। यदि यो कार्य संघीय सरकारले रोकेन भने भोली हामीले यसको ग्रहण गर्न सक्ने स्थितिमा हुँदैनौं।

**० प्रदेश २ ले पनि प्रहरी ऐन पास गरेको छ र भर्ना प्रक्रियामा छ। यता, संघीय सरकारले पनि प्रदेश २ मा भर्ना सुरू गरेको छ। अर्थात प्रदेश २ मा कति प्रहरी चाहिन्छ ?**

– खासगरेर अन्तर्राष्ट्रिय मापदण्डअनुसार प्रदेशमा चार सयदेखि छ सयसम्म प्रहरी चाहिन्छ। तर, यहाँ १४ सयदेखि १६ सयसम्म प्रहरी रहेको छ। यसरी हेर्दा प्रदेश २ मा दुई हजार प्रहरी तत्काल चाहिन्छ भन्ने कुरा तथ्यांकले देखाउँछ। त्यसकारण, अहिले तत्कालै हामीले एक हजार प्रहरी भर्ना गर्छौं। पछि यहाँको अवस्थालाई अध्ययन गर्दै अरू थपघट गर्ने कुरा गर्दै जान्छ।

**० अहिले संघले पनि भर्ना गर्दैछ, प्रदेशले पनि भर्ना गर्ने भन्नुहुन्छ, भनेपछि प्रदेश २ मा त्यति प्रहरी कहाँ राख्ने त ?**

– अहिले प्रदेशमा संघीय सरकारले प्रहरी भर्ना गर्ने कुरै होइन। यो गैरकानूनी हो। किन संघीय सरकारले त्यसरी गरिरहेको छ हामी बुझ्न सकिरहेका छैनौं। उहाँहरू एकात्मक सोचलाई त्याग सक्नुभएको छैन। हामी चाहन्छौं कि विभेदरहित समाजको निर्माण होस्। सबै जाति, भाषाभाषीले अपनत्वको महसुस गर्न सकोस्। हरेक नेपाली जनताले बराबरीको अधिकार पाउनुपर्छ। तर, संघीय सरकारले एकात्मक र नश्लवादी सोचलाई नसकेको हुनाले अहिले प्रदेश २ मा प्रहरी भर्ना हुँदैछ।

**० प्रदेश सरकारले आफ्नो प्रहरी भर्नाको प्रक्रिया कहिलेसम्म सुरू गर्छ त ?**

– हामी अहिले प्रक्रियामा छौं। विभिन्न प्रक्रियाहरू पूरा गर्न हामीलाई एक/दुई महिनासम्म लाग्न सक्छ। तर, दुई महिनापछि हामी भर्ना प्रक्रिया सुरू गर्छौं।

**० संघीय प्रहरी ऐन नआएसम्म तपाइँहरू कसरी भर्ना प्रक्रिया सुरू गर्न सक्नुहुन्छ ?**

– हो, संघीय सरकारले त पहिला संघीय प्रहरी ऐन ल्याउनुपर्‍यो नि। संघीय प्रहरी ऐन नल्याएर संघीयतालाई नै कार्यान्वयन गर्न नदिने मनसाय छ भने नेपाली जनता र प्रदेश सरकार सहेर बस्दैन नि। यदि त्यस्तै भयो भने प्रदेश सरकारले आफ्नो प्रहरी ऐनअनुसार प्रहरी भर्ना गरेर अगाडि बढ्छ। संघीय सरकारले संविधानलाई कार्यान्वयन गराउन खोज्दैन भने प्रदेश सरकार चुप लागेर बस्दैन।

**० भनेपछि, संघीय प्रहरी ऐन नआएपनि प्रदेश सरकारले प्रहरी भर्ना सुरू गर्छ ?**

– निश्चितरूपमा सुरू गर्छौं।

**० तपाइँहरूले करार कर्मचारी भर्नाका लागि ऐन पनि पारित गर्नुभएको छ, कर्मचारी भर्ना कहिलेदेखि हुन्छ ?**

– संघीय सरकारले हामीलाई पर्याप्त कर्मचारी उपलब्ध नगराइरहेको अवस्थामा करार कर्मचारी भर्नाका लागि विधेयक पारित गरेका छौं। अबको १५ दिनभित्र हामीले करारमा कर्मचारी भर्ना गर्ने प्रक्रिया सुरू गर्छौं। जनतालाई विकासको अनुभूति दिलाउन हामी प्रतिबद्ध छौं।

मलेठ घटनाको प्रतिवेदन

**० प्रदेश सरकारले मलेठ घटनाको छानबिनका लागि गठित समितिले आफ्नो प्रतिवेदन बुझाइसक्यो, कहिले सार्वजनिक हुन्छ ?**

– मलेठ घटनासम्बन्धी प्रतिवेदन सार्वजनिक हुन अलि समय लाग्छ। अहिले विवाह पञ्चमी महोत्सव आएको छ, त्यसले गर्दा प्रदेश सरकार अहिले त्यसको तयारी गरिरहेको छ। अहिले विभिन्न कानूनहरू निर्माण गर्नुपर्ने स्थिति भएकोले पनि अलि समय लाग्छ। अहिले प्रदेशसभामा महत्वपूर्ण कानूनहरू पारित गर्नुपर्ने भएकोले समय लाग्छ तर छिट्टै सार्वजनिक गर्छौं। प्रदेश सरकारद्वारा गठित समितिले प्रतिवेदन बुझाइसकेको छ र तयारी अवस्थामा छ।

**० प्रतिवेदनअनुसार देखिएका दोषीहरूमाथि कारबाही गर्न सक्नुहुन्छ ?**

– लोकतान्त्रिक मुलुकमा दोषीलाई कारबाही हुनु नै पर्छ। दोषीलाई कारबाही गरेनौं भने दण्डहीनता बढ्दैजान्छ। त्यसैले दण्डहीनता बढ्न नदिन र अन्यायमा परेका जनतालाई न्याय दिलाउन जो दोषी हुन्छ उसलाई कारबाही हुन्छ।

**० समग्र मधेशमा भएको आन्दोलनका घटनाहरूको छानबिनका लागि नेपाल सरकारद्वारा गठित उच्चस्तरीय जाँचबुझ आयोगको प्रतिवेदन अहिलेसम्म सार्वजनिक भएको छैन। तपाइँहरूलाई पनि मलेठ घटनाको प्रतिवेदन सार्वजनिक नगर्न दबाब आयो भने ?**

– सबै दबाबलाई चिरेर अगाडि बढ्दै गइरहेको प्रदेश २ को नै हो। संघीयता नचाहनेहरू पनि अहिले मान्न बाध्य भए। अहिलेको अवस्थामा संघीयतालाई संस्थागत गर्न नदिने खालका व्यक्तिहरू पनि छन्, उनीहरूले दबाब दिएकै हो। तर, ती सबै समस्याहरू झेलेरै हामी अगाडि बढेका छौं। त्यसैले, मलेठ घटनासम्बन्धी प्रतिवेदन सार्वजनिक नगर्न दबाब आएपनि त्यसको सामना गर्न तयार छौं। कसैले दबाब दिँदैमा प्रतिवेदनलाई हामीले तुहिन दिँदैनौं। त्यो प्रतिवेदन जनताको बीचमा ल्याउँछौं भन्ने हाम्रो प्रतिबद्धता हो।

*(मधेशवाणीका लागि रामसुकुल मण्डलले गरेको कुराकानीको सम्पादित अंश)*

# एकलौटी ढंगले अगाडी बढ्दै प्रदेश सरकार



**भरत प्रसाद साह**

सर्वप्रथम प्रदेश नम्बर २ को सरकारले प्रदेशको नामाकरणको बहसलाई प्रदेशसभामा ल्याउनु पर्छ । सरकारले एउटा समिति बनाएर मात्र आफनो जिम्मेवारीबाट पन्छिन मिल्दैन । तर त्यतिले मात्र हुँदैन, प्रदेश सभामा सर्वदलीय समिति बनाएर यो समितिले आवश्यक प्रस्ताव तयार गर्नुपर्छ । तर अहिलेसम्म प्रदेशको नामाकरण, प्रदेशको राजधानी बारे कुनै छलफल र बहस प्रदेश सभामा भएको छैन । प्रदेशसरकारले नाम र राजधानीका बारेमा बनाएको समितिले पनि हाम्रो दलसँग कुनै सर-सल्लाह र सुझाव लिएको छैन । उक्त समितिले कुनै नाम निर्धारण गरे भने पहिला हामी हेर्छौं अनि मात्र विरोध र समर्थनको कुरा आउँछ । समितिको प्रस्ताव प्रदेश २ को जनता र प्रदेशको अनुकुल छ/छैन भन्ने विष्लेशण गरेर मात्र अगाडी बढ्छौं । यदि समितिको प्रस्ताव जनताको जनभावना अनुरूप भएन भने विरोध गर्नेछौं । प्रदेश २ को नाम 'मधेस प्रदेश' राख्नुपर्छ भन्ने धारणा आइरहेको छ ।

सबभन्दा पहिला सरकारले बनाएको प्रतिवेदन आउनु पर्‍यो । प्रतिवेदन आइसकेपछि मात्र हामीले प्रतिक्रिया दिने हो । अहिले प्रतिवेदन नआउँदै हामीले विरोध अथवा समर्थन दुवै गर्नु ठिक हुँदैन । व्यक्तिगत रूपमा भन्नुपर्दा 'मधेश प्रदेश' नाम जनताको भावना अनुकुल नै हुन्छ तर फेरी दलले प्रस्ताव आए पछि मात्र एउटा भावना बनाउने हो । हाम्रो दलको धारणा बनिसकेको छैन । सरकारको प्रस्ताव आएपछि बल्ल हामी छलफल गर्छौं र एउटा धारणा बनाउँछौ ।

सरकारले एउटा समिति बनाएको छ र उक्त समितिले काम गरिरहेको छ भन्ने सुनेको छु तर प्रदेश सभामा त्यस विषय प्रवेश गरेको छैन । यो प्रदेश सरकारले जुन नीति तथा कार्यक्रम ल्यायो यो एकदमै सान्दर्भिक छ । हामीले पनि समर्थन गर्‍यौ तर बजेट वक्तव्यसम्म आउँदा भने सरकारको नीति तथा कार्यक्रम भन्दा बाहिर गएको अर्थात नीति तथा कार्यक्रमलाई समेट्दै नसमेटी बजेट पुरा बाहिर गएको छ । प्रदेश २ का जनताको भावनालाई पनि समेट्न नसकको कारण हामीले सरकार मनोगत र एकलकाटे हिसाबले अगाडी बढिरहेको महसुस गरिरहेका छौ ।

नीति तथा कार्यक्रममा सरकारको कामकाजलाई प्रभावकारी बनाउने, विकास निर्माणका कार्यलाई सशक्त रूपमा द्रुत गतिमा अगाडी बढाउने लगायत स्वास्थ्य, शिक्षा, रोजगारी, कृषि क्षेत्र, यहाँका पाटिपौवा, सार्वजनिकस्थल, धार्मिकस्थल आदिका विषयका सम्बोधन गरिए पनि बजेटका उल्लेख छैन ।

संघ र प्रदेश एक अर्कामा जुध्ने होइन मिलेर अगाडि बढ्नुपर्छ। अब यसरी दूरी बढाउने र संघले एउटा काम गर्ने प्रदेशले अर्को गर्ने हो भने जनताले विश्वास गर्दैनन्।

नीति तथा कार्यक्रम आउँदा समग्र प्रदेश भन्दा पनि नेतामुखी, मन्त्रीमुखी भएर आफ्नो क्षेत्रमा मात्र योजना पार्ने गरेको पाइएको छ । जसले गर्दा यहाँका मन्त्रीहरू क्षेत्रवादी भएको महसुस भएको छ । अहिले प्रदेश सरकारको कामको गति एकदमै सुस्त रहेको छ । प्रतिनिधिसभाको सांसदीय विकास क्षेत्रको रकम विनियोजन गरेर एउटा प्रक्रिया अगाडि बढिसक्यो तर देशको पुरा भेगको कार्यविधि बनाएर प्रदेश सरकारले यसलाई अगाडी बढाउन सकेको छैन । प्रदेश सरकारको कार्यविधि आएको पनि छैन । यसले गर्दा सरकार जति गम्भरी हुनुपर्ने हो त्यसो हुन सकेको छैन ।

तुलनात्मक रूपमा अरू प्रदेशमा थुप्रै ऐन, कानुहरू बनि सकेको छ । तर यो प्रदेशमा केही विधेयकहरू बने पनि जति छिटो गतिमा जानुपर्ने हो त्यो गतिमा गइरहेको छैन । गति मन्द नै रहेको छ । कानुनहरू मन्द गतिमा बन्नुको पछाडि अरू पनि प्राविधिक कारण हुन सक्छ तर मुख्य कुरा कुनै काममा संवेदनशीलता र गम्भीरता देखिएको छैन । सरकार भने क्षेत्रवादी चिन्तन र भष्ट्राचारमा लिप्त भएको छ ।

प्रदेशमा कर्मचारीको समस्या यहाँ मात्र नभई अन्य प्रदेशमा पनि देखिएको छ । सरकार पनि यो समस्यालाई कसरी हटाउने भन्ने कोणबाट समाधान गरिरहेको छ । तर एउटा उदाहरण दिऊँ यो संसदीय क्षेत्र विकासको विनियोजित रकम छ त्यसलाई कार्यविधि बनाउने क्रममा कुन कर्मचारीले रोकेको छ? कुन प्राविधिक समस्याले रोकेको हो ? अब जेष्ठ असारमा कार्यविधि बनाएर विकास गरियो भने त्यो विकासको प्रतिफल कस्तो होला । त्यो विकास निर्माणले जनतालाई सहयोग गर्छ कि गर्दैन ?

वास्तवमा प्रदेश सरकारले केन्द्रलाई दोषी देखाएर आफु उम्कन खोजेको मात्र हो । देश संघियतामा गईसकेपछि प्रादेशिक संरचना नयाँ छन् जसले गर्दा केही प्राविधिक समस्याहरू आउनु स्वभाविक हो । तर त्यही प्राविधिक समस्यालाई बाधक तत्वका रूपमा राखेर सरकार भाग्न त मिल्दैन । त्यसकारण यहाँ जति गम्भीरता हुनुपर्ने हो त्यो देखिएको छैन ।

संविधानतः प्रदेश प्रहरी संघले कानुनी व्यवस्था गरे बमोजिम प्रदेशको कानुन हुनुपर्नेमा यहाँ विरोध हुँदाहुँदै पनि बहुमतका आधारबाट प्रदेश सरकारले कानुन बनाएकाृ छ । तर अगाडी बढाउन सकेको छैन । किनकी पहिला संघको प्रहरी ऐन आउनुपर्छ । त्यो आइ नसकेको अवस्थामा प्रदेशले बनाएर मात्र त्यो ऐन प्रभावकारी पनि हुँदैन र लागू पनि हुँदैन । अब नेपाल सरकारले प्रहरी ऐन बनाइ सकेपछि मात्र प्रदेश सरकारले बनाउँदा राम्रो हुन हुन्छ ।यो संघियताको मूल भावना नै हो र संघ तथा प्रदेश र स्थानीय तहलाई सहयोग गर्दा एक आपसमा मिलेर, एक आपसमा समर्पित भएर गरिने काम सान्दर्भिक र दिगो र प्रभावकारी पनि हुन्छ । तर यदि एकले अर्काको खुट्टा तान्दै अगाडि बढ्न खोज्ने हो भने त्यसले राम्रो नतिजा दिदैन । यहाँ यहि समस्या देखिएको हो ।

संघ र प्रदेश एक अर्कामा जुध्ने होइन मिलेर अगाडि बढ्नुपर्छ। अब यसरी दूरी बढाउने र संघले एउटा काम गर्ने प्रदेशले अर्को गर्ने हो भने जनताले विश्वास गर्दैनन् । प्रचण्डले प्रदेशलाई ओभर टेक होइन एक आपसमा नजुधन सल्लाह दिनु भएको हो । यो जुधाईले समग्र नेपाली जनतालाई फाइदा गर्दैन र प्रदेश २ का जनतालाई पनि फाइदा गर्दैन मिलेर जाउँ भन्ने हो । उनको सल्लहालाई चेतावनीको भाषा बुझनु हुँदैन ।

उत्तर प्रदेशका मुख्यमन्त्री आदित्यनाथ योगीको जनकपुर भ्रमण हुँदैछ । यसको लागि प्रदेश सरकारले तयारी गरिरहेको छ तर हाम्रो दलसँग कुनै पनि किसिमको सर-सल्लाह नलिएको हुँ दायसको बारेमा मलाई त्यत्ति धेरै जानकारी छैन । यसअघि पनि भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको जनकपुर भ्रमणका क्रममा पनि हामीसँग सल्लाह सुझाब लिइएको थिएन ।

हाम्रो दल प्रदेश २ को मुख्य प्रतिपक्ष हो । तर प्रदेश सरकारले किन हामीहरूसँग सुझाव र सल्लाह लिदैन भन्ने कुरा प्रदेश सरकारलाई सोध्नुपर्ने हुन्छ । सरकार प्रतिपक्षको कुरा नसुनी एकलौटि ढंगले अगाडी बढ्न खोज्दै छन् ।

सरकारलाई हामी के भन्छौं भने प्रदेशका यस्ता महत्वपूर्ण कार्य गर्दा सबै पक्षलाई समेटेर जाऊँ । सबैलाई सम्मानजनक किसिमले अगाडी बढाऊँ । सबै मिलेर प्रदेश बनाऊँ ।

(प्रदेश २ का नेकपाका सांसद साहसँग गरिएको कुराकानीको आधारमा ।)


नेपाल सरकार

**अधिकार सम्पन्न बाग्मती सभ्यता एकीकृत विकास समिति**

गुह्येश्वरी, काठमाडौं ।

**सूचना ! सूचना !! सूचना !!!**

काठमाडौं उपत्यका नगर विकास समितिले निर्धारण गरेको "काठमाडौं उपत्यका भित्रका नगरपालिका र नरोन्मुख गा.वि.स.हरूमा गरिने निर्माण सम्बन्धी "२०६४" को परिच्छेद २ को प्रकरण नं. ११ र सोही परिच्छेदको प्रकरण ६.२ को देहाय १ र २ मा नेपाल सरकार (मन्त्रिपरिषद्) बाट मिति २०६५।०८।०१ मा भएको संशोधित निर्णय अनुसार खोला किनारामा निर्माण गर्ने सम्बन्धमा देहायको खोलाको नापीको नक्साबाट कायम रहेको छेउबाट दायाँ बायाँ देहायको दूरी छोडी मात्र निर्माण गर्न पाइने कानूनी प्रावधान रहेको व्यहोरा सबैमा जानकारीको लागि अनुरोध गरिन्छ ।

**देहाय** :

१. बाग्मती, विष्णुमती र मनोहरा खोलामा -२०/२० मीटर ।
२. धोबीखोलाको हकमा धोबीखोला आयोजना भएको स्थानमा प्रोजेक्टको प्लानिङ्ग अनुसारको दूरी र प्लानिङ्ग बाहेकको स्थानमा - ९/९ मीटर ।
३. नख्खु खोलामा - १२/१२ मीटर ।
४. बल्खु कर्मनामा, कोड्कु, साङ्ले र महादेव खोलामा - १०/१० मीटर ।
५. करखुसी खोलामा - ६/६ मीटर ।
६. टुकुचा, सामाखुसी र उपत्यकामा बग्ने अन्य खोलामा - ४/४ मीटर र कुनै पनि खोला खोल्सी र राजकूलो छोप्न पाइने छैन ।
७. हनुमन्ते खोला बग्ने नगरोन्मुख गा.वि.स. हरूमा समेत खोलाको किनारबाट २० मीटर छाडी निर्माण गर्न पाइने साथै मापदण्डको परिच्छेद प्रकरण नं. ६.२ को देहाय १ र २ मा रहेको FAR १.२५ को सट्टा १.५ कायम गर्ने ।

उपरोक्त मापदण्ड कायम राखी यस समितिको मिति २०६९।०२।२५ को १७३ औं बोर्ड बैठकको निर्णयबाट बाग्मती नदीको विभिन्न स्थानमा देहाय बमोजिम वहाव क्षेत्र (नदीको भित्री भाग) निर्धारण भएको छ । साथै काठमाडौं उपत्यकाका अन्य नदीहरू विष्णुमती, मनोहरा, धोबीखोला, नख्खुखोला, बल्खु, कर्मनासा कोड्कु, साङ्ले, महादेवखोला, करखुसी खोला, टुकुचा, सामाखुसी, हनुमन्ते लगायत अन्य खोलासमेतको वहाव क्षेत्र निर्धारण हुने क्रम जारी रहेकोले नदीहरूको वहाव क्षेत्रमा प्रतिकुल असर पर्ने कार्य नगर्नु नगराउनु हुन समेत सम्बन्धित सरोकारवाला निकाय, व्यक्ति, संघसंस्थालाई यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

बाग्मती नदीको देहायको स्थानमा देहाय बमोजिम वहावक्षेत्र (नदीको भित्री भाग) निर्धारण गरिएको छ ।

(क) सुन्दरीजल-गोकर्ण ब्यारेजसम्म २० मीटर,
(ख) गोकर्ण ब्यारेज- जोरपाटी पुलसम्म ३५ मीटर एवं जोरपाटी पुल- गुह्येश्वरी खण्डमा ४० मीटर,
(ग) हालको बाग्मती नदीको वहावलाई नै आधार मानी तीलगंगा-शंखमूलखण्डमा न्यूनतम् ३० मीटर,
(घ) शंखमूलदेखि विष्णुमती नदीको संगमसम्म न्यूनतम् ६० मीटर र
(ङ) विष्णुमती दोभान तथा सोभन्दा तल्लो तटीय क्षेत्रमा न्यूनतम ८० मीटर ।

**यो सूचनालाई बेवास्ता गरी उक्त वहाव क्षेत्र एवं मापदण्ड विपरीत कुनै प्रकारको कार्य गरे गराइएको पाइएमा कानुनबमोजिम कार्वाही भैजाने व्यहोरासमेत अवगत गराइन्छ ।**


## मधेश अपडेट

### करार ऐन बहुमतले पारित

जनकपुरधाम । प्रदेश २ को सरकारले अब आफ्नै कर्मचारी भर्ना गर्ने भएको छ । केन्द्रबाट कर्मचारी नपठाएको भन्दै बेलाबेलामा गुनासो पोख्दै आएको प्रदेश २ को सरकारले अन्ततः आफ्नै कर्मचारी भर्ना गरेर काम गर्ने भएको हो । सोमबारको प्रदेशसभा बैठकले 'प्रदेश नं. २ को सार्वजनिक प्रशासनका लागि करारमा कर्मचारी भर्ना सम्बन्धी ऐन २०७५' बहुमतले पारित गरेको उद्योग, पर्यटन, वन तथा वातावरण राज्यमन्त्री सुरेश मण्डलले मधेशवाणीलाई जानकारी दिए । प्रदेश सरकारले ल्याएको कर्मचारी भर्ना सम्बन्धी ऐनप्रति प्रमुख प्रतिपक्षी नेपाल कम्युनिष्ट पार्टीको अहसमति रह्यो भने अर्का प्रतिपक्षी नेपाली कांग्रेसले समर्थन गरेको हो । यसअघि पनि प्रदेश सरकारले प्रदेश प्रहरी ऐन ल्याउँदा नेकपाले विरोध जनाएको थियो । यसैगरी, प्रदेशसभाको बैठकले भौतिक योजना तथा विकास मन्त्रालयअन्तर्गत प्रादेशिक विद्युतसम्बन्धी ऐन-२०७५ पनि पारित गरेको हो ।

### किसान मकैखेतीतर्फ आकर्षित

नेपालगन्ज । बीउ छर्ने र मल हाल्ने प्रविधि भित्रिएसँगै बाँकेका किसान मकैखेतीतर्फ आकर्षित भएका छन् । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन इकाइ मकै जोनले नयाँ उपकरण उपलब्ध गराएपछि यहाँका किसानले गत वर्षदेखि ती उपकरणको प्रयोग गरी मकै छर्न थालेका हुन् । यसरी बीउ छर्दा छिटो हुने भएकाले समयको बचत हुने मकै जोनका प्रमुख एवं वरिष्ठ कृषि विकास अधिकृत देवेशकुमार मिश्रले बताए । डुडुवा गाउँपालिका- ६ हिरमिनियाका जयपाल मौर्यले मकै छर्ने र रासायनिक मल हाल्ने काम मेसिनले एकसाथ गरेकाले समय र लागतको बचत भएको बताए । कामदार पाउन समस्या भएको बेला नयाँ प्रविधिकशा कारण खेती गर्न सहज भएको मौर्य बताउँछन् । उनले गत वर्ष १२ हेक्टर जमीनमा मेसिनद्वारा मकै छरेको र यसवर्ष 'सिड ड्रिल मेसिन'मार्फत ४० हेक्टरमा मकै छर्ने योजना बनाए । "मकै जोन लागू भएपछि मकैखेतीको क्षेत्रफल र मकैखेती गर्नेको सङ्ख्या बढेको छ" मिश्रले बताए । जिल्लामा ३५ कृषक समूह र सहकारीमा आवद्ध एक हजार पाँच सयभन्दा बढी कृषकले मकैखेती गर्दै आएका छन् । जिल्लामा धान रोप्ने, गहुँ छर्ने र काट्ने मेसिनको प्रयोग गर्ने कृषकको सङ्ख्या बढ्दै गएको छ ।

### शिक्षामा लापरवाही सह्य नहुने : मेयर गुप्ता

रौतहट । गौर नगरपालिकाले नगर स्तरीय शिक्षाको अवस्था सुधार गर्ने उद्देश्यले विद्यालय अनुगमन गर्ने अभियान कडाईका साथ सञ्चालन गरेका छन् । विद्यालयमा कार्यरत रहेका शिक्षक कर्मचारीहरूलाई आफ्नो पेशा प्रति इमान्दारिता बनाउन तथा समय अवधिभरी अध्यापन गराउने वातावरणको विकासका लागि नगरपालिकाले यस्तो अभियान सञ्चालन गरेका हुन् । विद्यालयमा अध्यापन गर्नेतर्फ शिक्षकहरू गम्भीर नभएको गुनासो आएपछि छड्के गर्ने कार्य अगाडी बढाइएको छ । नगरभित्र रहेका आधारभूत विद्यालयदेखि माध्यमिक विद्यालयसम्म छड्के गर्ने कार्य भइरहेको नगर प्रमुख अजय कुमार गुप्ताले बताएका छन् । अनुगमन गर्नुअघि सबै विद्यालयका प्रध्यानाध्यापकहरूलाई बैठक गराई व्यवस्थित रूपमा विद्यालय सञ्चालन गर्नु पर्ने निर्देशन दिइएको बताउँदै मेयर गुप्ताले शिक्षाको सवालमा लापरवाही कतई बर्दास्त नगरिने समेत चेतावनी दिएका छन् । नगरपालिका भित्रको विद्यालय अनुगमन गर्न कार्यदल समेत बनाइएको छ । विद्यालयमा जाने हाजिरी गर्ने र बसेर गफ गर्ने प्रवृति अनुगमन कार्य शुरू भएपछि अंत भएको छ । नगरप्रमुखको कड़ा कदमको कारण शिक्षकहरू समयमै विद्यालयमा उपस्थित हुने गरेको पाइएको छ । नगरप्रमुखको नेतृत्वमा गएको टोलीले पूरेनवा ,कुड़वामा रहेको विद्यालयमा निरिक्षण गरेका छन् । निरिक्षणको क्रममा कोही शिक्षक कर्मचारी अनुपस्थित फेला नपरेको प्रमुख प्रशासकीय अधिकृत सुमन कार्कीले बताएका छन् ।

### युद्धस्तरमा अघि बढाउन निर्देशन

धनगढी । सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री त्रिलोचन भट्टले मन्त्राालय र अन्तर्गतका निकायको काम कारवाहीलाई युद्धस्तरमा अघि बढाउन सम्बन्धित पदाधिकारीलाई निर्देशन दिएका छन् । मुख्यमन्त्रीको अध्यक्षतामा मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा मन्त्रालय र अन्तर्गतका निकायको बसेको बैठकमा पहिलो चौमासिक अवधिमा भएको कार्यप्रगति, देखिएका समस्या र आगामी दिनमा कसरी अघि बढ्ने भन्ने विषयमा छलफल भएको प्रदेश सरकारका प्रमुख सचिव नारायणप्रसाद बिडारीले जानकारी दिए । बैठकमा दरबन्दीअनुसार कर्मचारीको व्यवस्थापन गर्न केन्द्रीय सरकारलाई अनुरोध गर्ने, मन्त्रालयले बनाउनुपर्ने आवश्यक कार्यविधि र नियमावली छिटो छरितो ढङ्गले तर्जुमा गर्ने लगायतका निर्णय गरिएको छ ।

### बजार सुन्दरीकरणका लागि योजना छनोट

कपिलवस्तु । जिल्लाका तीन निर्वाचन क्षेत्रका लागि स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमका लागि ५९ वटा योजना छनोट गरिएको छ । निर्वाचन क्षेत्र नं १ मा २०, २ मा २० र ३ मा १९ वटा योजना छनोट भएका हुन् । तीन वटा निर्वाचन क्षेत्रका लागि आएको रू चार करोडका दरले रू १२ करोडमा अधिकांश रकम सडक पूर्वाधारमा विनियोजन गरिएको छ । यसरी छनोट भएका योजनामा विशेष प्राथमिकता सडकलाई दिइएको छ । यस्तै पूर्वाधार विकास, सिँचाइ, शैक्षिक पूर्वाधार, खानेपानीका लागि पनि योजना छनोट गरिएको छ । न्यूनतम रू १० लाखभन्दा माथिका योजना बनाउने पर्ने नीतिगत व्यवस्थाअनुसार जिल्लामा तीन वटा निर्वाचन क्षेत्रका रू ५० लाख देखि एक करोडसम्मका पाँच वटा योजना छनोट गरिएको छ । सङ्घीय सांसदले स्थानीय तह, जिल्लाबाट निर्वाचित प्रदेश सदस्यसहितको सल्लाहमा बजेटको बाँडफाँट गरेअनुसार निर्वाचन क्षेत्र नं २ अन्तर्गत महाराजगञ्ज नगरपालिका-१ को बजार सुन्दरीकरण, कालोपत्र निर्माण, नाली निर्माण र सोलार जडानका लागि एक करोड रकम छुट्याइएको छ ।

### "शिख धर्मको संरक्षण गर्नु सबैको दायित्व"

रूपन्देही । प्रदेश नं ५ का मुख्यमन्त्री शङ्कर पोखरेलले गुरू नानक र शिख धर्मका ऐतिहासिक धार्मिक ग्रन्थ र निधिको संरक्षण गर्नु सबैको दायित्व र कर्तव्य भएको बताएका छन् । श्री गुरू नानकको ५५०औं जन्मजयन्तीका अवसरमा शुभकामना सन्देश दिँदै उनले काठमाडौंका विभिन्न स्थानमा रहेका प्राचीन गुरू नानक मठमा हस्तलिखित गुरूग्रन्थ रहेका र पूरै भारतका सबै गुरू दरबारमा दर्शनका लागि उपलब्ध हुन नसकेका हस्तलिखित गुरूग्रन्थ काठमाडौंका मठ मन्दिरमा रहनु गौरवको विषय भएको बताए ।

### सरकारी वकिलको कार्यालय शिलान्यास

विराटनगर । महान्यायाधिवक्ता अग्निप्रसाद खरेलले सरकारी वकिलको कार्यालय साधन सम्पन्न एवं व्यावसायिक रूपमा सञ्चालन गर्नुपर्ने बताएका छन् । विराटनगर महानगरपालिका वडा नं ७ स्थित जिल्ला सरकारी वकिलको कार्यालय भवनको आज शिलान्यास गर्दै उनले वर्तमान सरकार विकृति र विसङ्गतिविरूद्ध रहेकाले सोहीअनुरूप कार्यालय व्यावसायिक ढङ्गले सञ्चालन गर्नुपर्नेमा जोड दिए । महान्यायाधिवक्ता खरेलले सरकारी वकिल कार्यालयलाई सुदृढीकरण र भौतिक साधन स्रोत सम्पन्न गर्नका लागि सरकारले कार्य गरिरहेको चर्चा गर्दै दक्षतासँग जोडिएका कार्यक्रम सञ्चालन गर्नुपर्ने बताए । आगामी दुई वर्षभित्र सम्पन्न गर्ने गरी २१ कोठे अढाइतले उक्त भवन रू तीन करोड १० लाख ६० हजारमा निर्माण गरिने भएको छ ।

### डीप बोरिङ संचालन पछि गाउँवासी खुशी

कपिलवस्तु । मायादेवी गाउंपालिकाले सहयोगमा गाउंपालिकाको वडा नं. ७ वसन्तपुरमा डीप ट्युवेल वोरिंग जडान कार्य सम्पन्न भएको छ । डीप वोरिंग संचालनको उद्घाटन गर्दै प्रदेश सभा सदस्य एवं प्रदेश नं. ५ का संघीय समाजवादी फोरमका संसदीय दलका नेता सहसराम यादवले बोरिगंले यस क्षेत्रका कृषकहरूलाई राहत पुग्ने बताएका छन् । प्रदेश सरकार पनि सिचाँईका लागि योजनाहरू तयार गरिरहेको उनले बताए । प्रदेश सदस्य यादवले पोखरी मर्मत, बाँध निर्माण तथा बोरिगंको योजनाहरू प्रदेश सरकारले ल्याएको बताएका छन् । बोरिगं संचालनमा आए सगैं त्यहाँका किसानहरूमा खुशी भएका छन् । ६ इन्च पानी दिने सो बोरिगंको प्रकृया २०६५ सालदेखि नै चलेको डिप ट्यूवेल संचालन समिति मायादेवी ७ बसन्तपुरका अध्यक्ष दिनदयाल चौधरीले बताएका छन् । संचालनमा आएका बोरिगंले त्यस क्षेत्रका करिब १५ सय विघा सिचाँई गर्न सकिने अनुमान गरेको चौधरीले बताएका छन् । अहिले सम्म पानीको अभावमा गेहुको विउ समेत राख्न सकेको छैनौं । अब सिचाँई गरेर गेहुको विउ छर्ने चौधरीले बताए । बोरिगंको पाईप तथा अन्य काम अझै बाँकी रहेको छ । शुरूमा भूमि सिंचाई परियोजना दांङ्गको आर्थिक तथा प्राविधिक सहयोगमा जडान सुरू भएको बोरिगं तलको सम्पुर्ण कार्य पुरा गर्यो । अहिले बाँकी रहेको कामको लागि भूमि सिंचाई परियोजना संग रहेको बजेट कटेर प्रदेश सरकारको मताहतमा दिईसकेकोले अरू काम अन्योल रहेको उनले बताए ।

# कस्तो थियो श्रीरामको राजनीति ?



**मनोज कुमार कर्ण**

श्रीमद्‌वाल्मिकीकृत *आनन्दरामायण*को सम्पादित पुस्तक पं. रामतेज पाण्डेयको पृष्ठ संख्या ४८२/४८३ मा लेखिएको छ। श्रीवाल्मिकी मुनीले आफ्नो पूर्वजन्मबाट आज कसरी वाल्मिकी बने भन्ने कथा स्मरण गर्दै श्रीशिवजीको मुखबाट श्रीब्रम्हाजीले मथेर निकाल्नुभएको अवतारअगावै श्रीराम चरित्रको कथा आफ्नो पुत्र नारदजीलाई सुनाउनु भयो र उनले आफूलाई सुनाएको भेद बताउंछन्। वाल्मिकीले काममोहित क्रौंच (बगुल्ला) र क्रौंचीलाई स्नानको बेला एउटा व्याधाले मार्दा बत्तीस वर्णको श्लोकले आवेगमा आएर आफ्नो तप नष्ट हुनेसमेत बिर्सिएर व्याधालाई श्रापदिए 'मा निषाद प्रतिष्ठा त्वमगम: शाश्वती: समा: ॥ यत्क्रौञ्चमिथुनादेकमवधी: काममोहितम् ॥' ऋषी वाल्मिकी निकै दु:खित भए तर उनलाई अन्य सबै ऋषी, महात्मा, मुनी, देवताहरूले सान्त्वना दिए कि तपाईंको यो गल्ति वा उल्टो नै सुल्टो र जगत्‌कल्याणकारी हुनेछ। नभन्दै त्यही ३२ वर्णको श्लोक यस धर्तीमा पहिलो श्लोक बन्यो वा भनौं जुन ज्ञान केवल देवता र ऋषीलाई भगवानको कृपाले प्राप्त भई घांटीमा अड्‌केको थियो, त्यो अध्यात्म, रामचरित्र वा आजको लेखन क्रिया सम्भव तीनै ३२ वर्ण र पछि ५० वर्णमा विस्तारित गरिएकोबाट भयो। यो कुरा वाल्मिकीले श्रीरामलाई स्वयं भन्नुहुन्छ कि तीनै ५० वर्णबाट उनले उहां (श्रीरामको) सय करोड श्लोकमा सय करोड रामचरित्रको वर्णन गरे जसलाई स्वयं पंचास्य (शिवजी) वा सहस्रमुख (१०००) भएको शेषनागलेपनि पूर्ण वर्णन गर्न सक्दैनन्। कृष्णावतारमा यिनै मध्ये जम्मा १० हजार चरित्र रहने बताएका छन्। पहिला ती पचास वर्ण (बाह्राखरी)को वास्तविक अध्यात्मिक अर्थ बुझौं जुन अति अलौकिक र दुर्लभ छन्, धर्तीमा पाउन। यी सबै वर्ण ईश्वरको नाम र गुणलाई वर्णन गर्छन्।

अ (अनन्त), आ (आनन्दमय), इ (इष्टापूर्तफलप्रद), ई (ईश्वर), उ (उत्कृष्ट), ऊ (ऊर्ध्वरेता), ऋ (ऋतंभर), ॠ (ऋणमुक्त), लृ (लृश), ल्ही (ल्हीपक), ए (एक), ऐ (ऐश्वर्यद), ओ (ओजद), औ (औदार्यचंचुर), अं (अंतरात्मा), अ: (अर्द्धगर्भ), क (करूणाकर), ख (खड्गी), ग (गतिद), घ (घनश्याम), ङ (ङणन), च (चमिताशेषदुष्कृत), छ (छत्री), ज (जगन्मय), झ (झषरूपी), ञ (ञटेश्वर), ट (टणत्कारिधनु), ठ (ठानबन्ध), ड (डमरूसत्कर), ढ (ढणुल्लुनितपाप), ण (णकर्ण), त (तपोरूप), थ (थव), द (दत्त), ध (धन्वी), न (नष्टोद्धरणधीर), प (परमेश्वर), फ (फलप्रद), ब (बलिवरप्रद), भ (भगवान), म (मधुमाती), य (यज्ञफलप्रद), र (रघुनाथ), ल (लक्ष्मीश), व (वशिष्ठ), श (शरण्ये), ष (षड्‌गुणैश्र्यसम्पन्न), स (सर्वेश्वर), ह (हयग्रीव) र क्ष (क्षमी)। यसमा 'ल्ही' र ढ ((ढणुल्लुनितपाप)को 'ण' भन्ने दुईटा वर्णको लिपि मैंले टाइपबोर्डमा कुनैपनि फन्टमा नपाउंदा लगभग स्वर दिने किसिमको आफ्नो तर्फबाट राखिदिएको छु। वाल्मिकीजी भन्नुहुन्छ कि यीनै जम्मा ५० वटा वर्णले जम्मा दुईटा शब्द 'घट' र 'पट'मा अखिल ब्रम्हाण्ड बनेको र चलिरहेको चराचर जगत्‌को सत्य हो भने तीनै ५० वर्णले बनेका १०० करोड श्लोकको श्रीरामचरित्रबाट उहांद्वारा नै वितरित यस धर्तीमा थोरै लाख करिब सोहि बेला दिइयो भने अर्को एउटा प्रसंङ्गमा श्रीरामले स्वयं भन्नुहुन्छ कि मेरो यो रामावतारमात्रै सय करोड चरित्रले भरेको पूर्ण अवतार हो किनकि शंखासुरले धर्तीबाट वेद चोरेर समुद्रमा लुकाईदिंदा त्यो ल्याउन मैंले मत्स्यको अवतार लिएं जसमा मैंले के सुख र आनन्द भोग्नु भने समुद्र मंथनको बेला मन्दराचल पर्वत डुब्नै लाग्दा कछुवाको अवतार लिएर जोगाएं, वराह, नृसिंह र परशुराममा क्रोधित थिएं भने वामनमा होचो कदको थिएं अनि कृष्णावतारमा थुप्रै राक्षसहरूलाई वध गर्नुपर्ने र बहुपत्निमा व्यस्त रहनुपर्ने अनि बुद्धमा तपस्यारत्त र कल्किमा अति कम समयको लागि केवल काटमारको लागि मैंले अवतार लिनुपर्ने हुन्छ तसर्थ मेरो सम्पूर्ण मानवीय चरित्रको अवतार भनेको रामावतार नै हो।

श्रीआनन्दरामायणमा 'लिंग'को अर्थ जसमा जगत्‌का सब प्राणी अन्त्यमा लीन हुन्छन् र सृष्टिको आदिमा त्यहांबाट प्रादुर्भाव हुन्छन् र जुन शून्य, निष्कल र परम्‌कल्याणकारी छ अत: त्यही ब्रम्हा, विष्णु र ईन्द्र छन् (पृष्ठ ५९५)मा छ भने 'राम'को अर्थ सबैलाई आनन्द दिने कारण (पृष्ठ ५८८), जीवनरस, जो जगत्‌को चैतन्य गर्छ तर जसलाई कसैले चैतन्य गर्न सक्दैन, उनी देवता हुन् भने सत् चित् र आनन्ददेखि लिएर सबै राम नै राम हुन्, ब्रम्हको लक्ष्ण सत्, ज्ञान र अनन्त सबै राम हुन् भनिएको छ (पृष्ठ ५९५, ५९६)। अत: शिवजीको हृदयमा राम छन् भने रामजीको हृदयमा शिवजी छन् भने रामजी जहांपनि शिवलिंगको स्थापना धर्तीमा गर्थे। अर्थात्, राम नै शिव र शिव नै राम हुन्। त्यस्तै सीता नै गौरी र गौरी नै सीता वा आदि शक्ति हुन्। फरक सम्झने मूढ व्यक्ति हो। राम भन्ने शब्द 'र' रसातलबाट जसको अर्थ भवसिंधुबाट रक्षा, 'ा' आकार भूमंडलबाट जसको अर्थ अतिशय सौख प्रदान गर्ने तथा 'म' मर्त्यलोकबाट जसको अर्थ कामना पूर्ण गर्ने र मरण आदि बाधा दूर गर्ने हुन्छलाई लिएर बनाईएको हो भने रामको 'र'ले नै संसारका सबै सृष्टिजनक आधार र कारणहरू तथा सर्वश्रेष्ठ वस्तु वा जीवहरू नामांकित छन्। जस्तै, रूक्म (सुन), रजत (चांदी), रत्न, रथ, रामा (स्त्री), रमा (लक्ष्मी), राक्षस (विभिषणजस्ता धार्मिकहरू), रज (धूली), रक्षा, रण, रक्त, रजक (धोबी), राग, रामठ (हींग), राजा, रोग, रवि (सूर्य), रात्री, राज्य, रजस्वाला आदि। यीनै वस्तुहरूबाट सबै जीवको अस्तित्व सम्भव छ (पृष्ठ ६७१, ६७२)। अर्थात् अखिल ब्रम्हाण्ड राममा समाहित छ र रामको प्रिय सीता (रमा) हुन्। यसरी सीताराम संसारकै सबभन्दा सर्वोत्तर मन्त्र हो। श्रीरामले सीतालाई उनले सोध्दा एकचोटी बताएका हुन् 'तिमिलाई छोरी जन्माउन मन लाग्यो तर म छोरी मान्छेको विपक्षमा छैन र म महिलालाई अति आदर गर्छु तर हे सिते ! हाम्री छोरी जन्मे उनको विहे गर्नुपर्छ र विहेमा सम्धी र ज्वाईंलाई मैंले ठोग्नुपर्ने हुन्छ र म विष्णुले कसलाई ढोग्ने ? कोही उपयुक्त व्यक्ति छ भने भन। अनि तिमिलाई यस सीतारूपमा जीवनपर्यन्त शारीरिकरूपले यौवन र तन्दुरूस्त राख्न केवल एक छोरा कुशलाई मैंले जन्माएं, यो अति गोप्य रहस्य हो तर तिमिलाई धेरै छोरा चाहिएको भन्यौं तसर्थ द्वापरमा जाउं, म दसवटा छोरा जन्माउने छु !' यसले श्रीरामले सीतालाई कति माया र हेरचाह गर्थे, त्यो प्रष्ट पार्छ।

यस रामायणको पृष्ठ ३८४ मा श्रीरामको १००० सहस्रनाम श्रीगणेशजीले भन्नुहुन्छ भने पृष्ठ ७२० मा अगस्त्यजीले सुतीक्ष्णमुनीलाई सीताजीको १०८ वटा विभिन्न विशेषणयुक्त नामहरू मनुष्यको लागि विहान जप्ने भन्नुहुन्छ जसलाई सीताष्टोत्तरशतनाम स्तोत्रम भनिन्छ। ती हुन्- श्रीसीता, जानकी, देवी, वैदेही (विदेह जनककी पुत्रा), राघवप्रिया, रमा, अवनिसुता/पृथ्वीकी कन्या, रामा, राक्षसान्तप्रकारिणी (राक्षसलाई नाश गर्ने), रत्नगुप्ता, मातुलुंगी, मैथिली, भक्ततोषदा (भक्तलाई प्रसन्न पार्ने), पदमाक्षजार (पद्‌क्षनामक राजाकी कन्या), कंजनेत्रा (कमलको फूल जस्तो नेत्रभएकी), स्मितास्य (मुस्काउंदै गरेको अनुहार), नूपुरस्वाना, बैकुण्ठनिलया (बैकुण्ठनिवासी), मा, श्री, मुक्तिदा, कामपूरणी (भक्तको ईच्छा पूरा गर्ने), नृपात्मजा, हेमवर्णा, मृदुलांगी (कोमल अंग भएकी), सुभाषिणी, कुशाम्बिका (कुशकी आमा), दिव्या (लंका अशोकवाटीकाबाट फर्कंदा रामको कटुवचनमा शपथ लिने), लवमाता, मनोहरा, हनुमद्वन्दितपना (हनुमानले जसको चरणको वन्दना गरेका थिए), मुग्धा, केयुरधारिणी, अशोकवनमध्यस्था (अशोकवनमा निवास गर्ने), रावणादिकमोहिनी, विमानसंस्थिता, सुभ्रू, सुकेशी, रशनान्विता, रजोरूपा, सत्वरूपा, तामसी, वह्निवासिनी (आगोमा निवास गर्ने), हेममृगासक्त चित्ता (सुवर्ण मृगमा मन आसक्त भएकी), वाल्मीक्याश्रमवासिनी, पतिव्रता, महामाया, मृगनेत्रा, बिम्बोष्ठी, धनुर्विद्याविशारदा (धनुर्विद्यामा निपुण), सौम्यरूपा, दशरथस्नुषा, चामरवीजिता, सुमेधादुहिता, दिव्यरूपा, त्रैलोक्यपालिनी, अन्नपूर्णा, महालक्ष्मी, घ्यू, लज्जा, सरस्वती, शान्ति, पुष्टि, क्षमा, गौरी, प्रभा, अयोध्यानिवासिनी, वसन्तशीतला, गौरी, स्नानसन्तुष्टमानसा (वसन्तऋतुमा शीतलागौरीव्रतको अवसरमा स्नानगर्दा सन्तुष्ट हुने देवी), रमानामभद्रसंस्था, हेमकुम्भपयोधरा, सुरार्चिता, धृति, कान्ति, स्मृति, मेधा, विभावरी, लघूदरा, वरारोहा, हेमकंकणमंडिता, द्विजपत्न्यर्पितनिजभूषा (एक ब्राम्हणीलाई आफ्ना सबै आभूषण दान दिने), राघवतोषिणी, श्रीरामसेवनरता, रत्नातांटकधारिणी (रत्नले बनेको कर्णफूल पहिरने), रामवामांगस्था, रामचन्द्रैकरञ्जनी, सरयूजलसंक्रीडाकारिणी, राममोहिनी, सुवर्णतुलिता, पुण्या, पुण्यकीर्ति, कलावती, कलकण्ठा, कम्बुकण्ठा, रम्भोरू, गजगामिनी (हातीजस्तो मस्तले विस्तारै हिंड्‌ने), रामार्पितमना, रामवन्दिता, रामवल्लभा, श्रीरामपदचिन्हांका, रामरामेतिभाषिणी (सदा राम-राम उच्चारणगर्ने), रामपर्यकशयना, रामांघ्रिक्षालिनी (रामको गोडा धुने), कामधेन्वन्नसन्तुष्टा, मातुलुंगकरेधृता र दिव्यचन्दनसंस्था मूलकासुरघातिनी (दिव्य चन्दनमाथि स्थित एवं मूलकासुरलाई नाश गर्ने)। कुम्भकर्णका छोरा मूलकासुरले विभिषणमाथि लंकामा आक्रमण गर्दा श्रीरामले रावणबध, शतरावणबध विभिन्न समयमा गरिसकेपछि यीनलाई बध गर्न नसक्दा स्वयं ब्रम्हाजीले 'आफूले यिनलाई कोही पुरूषद्वारा नमारिने वरदानदिएको' तर रावणमारिंदा मूलकासुरले 'चंडी सीता' भनेर अपमान गरकोले एउटा ऋषीले 'सीताजीलाई अपमान गर्ने तिमिलाई उनै चंडीको रूपमा सीता महिलाले वधगर्ने' श्रापदिएको बताएपछि अयोध्याबाट आफूहरू युद्ध मैदानमै रही हनुमान आदिद्वारा सीतालाई श्रीरामले बोलाउनलगाई तीनदिनसम्म धनुर्विदा सिकाई असली सीता श्रीरामको चरणमा पुष्पकविमानमै सेवारत्‌रही तामस चंडी सीताले विष्णुरथमा सवारभई मूलकासुरलाई सातदिनसम्म युद्ध गरेको उल्लेख छ जहां स्वयं श्रीब्रम्हाजीले माता सीतालाई विशेष स्तुती गर्दै लंकाको युद्धभूमीमा पूजन गरेका थिए। यसरी सीतामाताको योगदान विश्वमा असूरहरूबाट शान्ति दिलाउन श्रीरामलाई युद्ध, यज्ञ, यात्रा आदि सुखदु:खमा रह्यो। तसर्थ, सीतामाता केवल रामकी पत्नि वा जनकजीकी छोरीभएर प्रसिद्ध नभई स्वयंको मिहिनेतमा नाम स्थापित गरेकी छिन्।

प्रष्ट पारिदिउं कि यो लेख राजनीतिकभन्दा पनि धार्मिक वा अध्यात्मिक मनन्‌को रूपमा हो। विवाहपञ्चमीमा सीतारामको महत्व जान्नु र आफ्नो आत्माभित्र सीतारामलाई बसाउनु नै जन्म सफलपार्ने उपाय हो ठानेर श्रीरामभक्तहरूको सेवामा यो लेख सेवा सभक्तिपूर्ण चढाएको हुं भने धार्मिक लेखहरूलाई सर्वोच्चतम महत्वदिएर छाप्ने पत्रिकालाई पनि भगवान श्रीरामको पूर्ण आशिर्वाद लाग्नेछ। जनकपुरको मान र महत्व खोतल्नु अभिप्राय हो। यहि नै हिन्दूत्वको सत्प्रचार हो अपितु श्रीराम वा हिन्दूराज्यको अजेण्डामा मानवभएर मानवलाई नै मधेशी-पहाडी, राजधानी-देशी, गोरो-कालो, हिन्दू-मुस्लिम, ब्याकवार्ड-फोरवार्ड पच्चपन्नियां आदि भनेर विभक्त गरि केवल राजनीतिक सत्ता प्राप्त गर्ने साधनको रूपमा लिने सबैजना आजको कलियुगमा रावणको अर्को अवतार हो भन्न अतिशयोक्ति नहोला। याद रहोस्, रामायणमा लेखिएको छ कि मनुष्यको कानमा आजपनि सन्न... आवाज लामो सुनाईपर्नु भनेको त्रेतायुगको रावण अहिलेपनि चितामै जल्ने प्रतिक्षामा छन् जसको लागि हरेक दिन श्रीमान् हनुमान प्रतिदिन एक भारी दाउरा रावणको चितामा राख्ने गरेका छन् किनकि रावणले यति पाप गरेका थिए कि ती पापहरू नष्टभएमात्र भौतिक शरीर जल्ने ठानिएको छ भने रावण मायावीको पुनर्जिवित हुने छलकपटले गर्दा नै कुनै बेला श्रीरामले आफ्नो नाट्यशाला र अयोध्यामा पूरै एकवर्ष हास्नमा प्रतिबन्ध लगाएका थिए किनकि कोही हांस्दा श्रीरामलाई रावण युद्धको बेला अट्टहास गरेको सम्झना हुन्थ्यो र नाट्यघरमै धनुषवाण समाईहाल्थे ! धन्य ब्रम्हाजीलाई जसले स्वयंको जीउज्यानमा ठूलो जोखिम मोलेर अयोध्याको सरयूनदी (विष्णुको आंशु चुहिएर बगेको संसारकै सर्वोत्कृष्ट पवित्र)को किनारमा रहेको पीपलको वृक्षमा समाईकन हांसेर श्रीरामको क्रोधको वेगको सामना गर्दै अति आदर र चतुराईपूर्वक श्रीरामलाई रावण चितामा हालिएको छ, चिन्ता नलिनुस् ढाडस दिंदै संसारको रहस्य र उद्‌भव हास्नु मै हो सम्झाउंदै पुन: सबैलाई हास्नदिन स्विकृति दिलाए। सावधान ! रावणपनि कुनै देशको राम जस्तै राजा नै थिए भने हिन्दूत्वको नाममा कोहि फेरीपनि पवित्र र उत्कृष्ट कर्मभन्दापनि सत्ताको मादमा बल र हठपूर्वक आज नेपालमा पुन: राजामा परिवारलाई स्थापित गर्न खोज्दैछ। के उनी रामका अंश हुन् ? के उनको एउटापनि व्यक्तिगत वा पारिवारीक कर्म सबै जनतालाई बराबर माया गर्ने, आदर व्यवहारमै गर्ने, हक दिने आदि श्रीरामले कुशलाई राजनीति सिकाएको जस्तो (द्विपान्तरनिवासी, जंगलनिवासी, कन्दरानिवासी, राजधानीबाहिरका नगरनिवासी, यतिलगायत हरेक नागरिकको समान व्यवहार गर्ने, कहिंकतै क्लेश हुन नदिने आदि) छन् ? छैन भने नेपालमा हिन्दूत्वको ठेका कोहि राजाले लिएर हिन्दूत्व बच्नेछन् कि आम श्रीरामभक्तजनले मनमा राम बसाएर लिने हुन् ?

*(लेखक पाटन संयुक्त क्याम्पसमा उपप्राध्यापक हुन्)*


# "लैङ्गिक हिंसा र दुर्व्यवहार : छैन हामीलाई स्वीकार"

"Orange the World: #Hear me to"

नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

सूचना तथा प्रसारण विभाग


# दलित बालबालिका दलान शिक्षातर्फ आकर्षित

वीरगञ्ज। धान खेतमा गएर मुसा मार्ने, खोलानालामा माछा तथा घोंघी मार्ने र बाख्रा चराएर दिन बिताउने मुसहर बालबालिका अहिले 'दलान (पाहुना घर) शिक्षा'तर्फ आकर्षित भएका छन्।

मुसहर बालबालिकालाई शिक्षामा पहुँच बढाउन जयश्री सबरी माता मुसहर एकता समाजले सहयोग जुटाएपछि अहिले उक्त शिक्षामा ५० मुसहर समुदायका बालबालिका कखरा सिक्दै आफ्नो उज्जवल भविष्य कोर्दै आइरहेको समाजका सदस्य गुलाबचन्द सदाले बताए।

प्रदेश नं २ को सरकारले 'बेटी पढाउ बेटी बचाउ' कार्यक्रम ल्याएपछि दिनभरि बराल्लिने मुसहर बालबालिका पढ्न थालेकाले अभिभावक पनि तिनको उज्ज्वल भविष्यप्रति जिम्मेवार हुन थालेको अभिभावक कुमकुम सदाले जानकारी दिइन्।

सिरहा जिल्लाको कल्याणपुर नगरपालिका वडा नं १२ तिलासी गाउँमा सङ्घीय सरकारले बनाइदिएको दुईकोठे दलान अहिले कुनै सरकारी विद्यालयभन्दा कम देखिँदैन। मुसहर बस्तीको बीचमा रहेको सो दलानमा मुसहर समुदायकै दुई शिक्षकले प्रत्येक दिन बिहान बेलुका अतिरिक्त कक्षा लिँदै आइरहेका छन्। सो संस्थाले सिरहा, सप्तरी, धनुषा, महोत्तरी, सर्लाहीलगायत तराईका जिल्लामा शिक्षाबाट बञ्चित मुसहर बालबालिकालाई शिक्षामा पहुँच बढाउन दलान शिक्षालाई अगाडि बढाएको सल्लाहकार सोनामतीदेवी सदाले बताए।

तराईका विभिन्न जिल्लाबाट काम गर्न खाडीमुलुक गएका दलित समुदायका युवाले खोलेको सो संस्थाले केही रकम जम्मा गरी दलित समुदायका बालबालिकालाई शिक्षामा पहुँचका साथै असहाय र अपाङ्गता भएका बालबालिकालाई कलम, कापी उपलब्ध गराउँदै आएको संस्थाका अध्यक्ष राकेश माँझीले बताए।

दलान शिक्षामा पढने दलित विद्यार्थीसँग प्रतिविद्यार्थी रू १०० शुल्क लिने र सो रकममध्ये केही रकम पारिश्रमिक स्वरूप शिक्षकलाई दिने गरेको स्थानीय गनोरी सदाले बताए। करीब ४० घर मुसहर रहुको सो बस्तीमा दलान शिक्षा सञ्चालन भएपछि यसप्रति दलित बालबालिकाको आकर्षण बढ्न थालेकाले अन्य गाउँका दलितले पनि यसलाई निरन्तरता दिन थालेका छन्।

## संक्षिप्त समाचार

### योगीले रेल्वे उद्‌घाटन गर्दैन : मन्त्री महासेठ

जनकपुरधाम। भौतिक पूर्वाधार तथा यातायातमन्त्री रघुवीर महासेठले जनकपुरमा आयोजना हुने रामजानकी विवाहपञ्चमी महोत्सवका अवसरमा भारतको उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथ जन्ती बनेर जनकपुर आउने र जनकपुर-जयनगर रेल्वे उद्‌घाटन गर्ने कुरामा कुनै किसिमको सत्यता नरहेको मन्त्री महासेठले स्पष्ट पारेका छन्। मन्त्री महासेठले मुख्यमन्त्री योगीको जनकपुरको विशुद्ध धार्मिक भ्रमणमात्र हुने बताउँदै यही मङ्सिर २६ गते रेल्वेको उद्‌घाटनको कार्यक्रम नभएको प्रस्ट पारे। उनले भने, "रेल भारत सरकारसँग किन्नुपर्ने हो र भारत सरकारबाट यसका लागि मूल्य पनि पठाइसकेको छ, भारतले पठाएको मूल्य सरकारले स्वीकार गरेर पत्राचारसमेत गरिसकेको छ।"

### "आर्थिक सशक्तीकरण बनाउन जरूरी"

रूपन्देही। प्रदेश ५ का सामाजिक विकासमन्त्री सुदर्शन बरालले लैङ्गिक हिंसा अन्त्यका लागि महिलालाई आत्मनिर्भर बनाउन जरूरी रहेको बताएका छन्। मन्त्री बरालले महिला आर्थिकरूपमा सक्षम नभएसम्म हिंसा सहिरहनुपर्ने भएकाले आर्थिक सशक्तीकरण जरूरी रहेको बताए। लैङ्गिक हिंसाविरूद्धको १६ दिने अभियानका क्रममा सामाजिक विकास मन्त्रालयले बुटवलमा आयोजना गरेको कार्यक्रममा उहाँले हिंसामुक्त समाज निर्माणका लागि महिलालाई सीप सिकाएर आयमूलक काममा लगाउनुपर्नेमा जोड दिए।

### प्रदेश प्रहरी भर्ना प्रक्रिया सुरू

जनकपुरधाम। प्रदेश २ मा प्रदेश प्रहरी भर्ना प्रक्रिया सुरू भएको छ। देश संघीय प्रणालीमा गएपछि प्रदेशबाट पहिलो पटक प्रहरी भर्ना प्रक्रिया सुरू भएको हो। नेपाल प्रहरी अन्तर्गत प्रहरी सहायक निरीक्षक पदमा रिक्त पदपूर्तिका लागि असोज १५ गते विज्ञापन आह्वान गरिएको थियो। विज्ञापन अनुसार प्रदेश २ मा निर्धारित अवधिभरमा १६६१ जनाले दरखास्त दिएका हुन्। जसमा ५९ महिला र बाँकी पुरूष रहेका छन्। विभिन्न चरणको परीक्षा सोमबारदेखि प्रदेश २ को संघीय प्रहरी ईकाई कार्यालय जनकपुरमा सुरू भएको हो। तीन चरणमा हुने परीक्षणमा सर्वप्रथम प्रारम्भिक स्वास्थ्य परीक्षण, दोस्रो चरणमा शारीरिक तन्दुरूस्ती परीक्षा र तेस्रो चरणमा विस्तृत स्वास्थ्य परीक्षण परीक्षा हुने जनाइएको छ।

### जन्मदिनमा बृक्षरोपण

जनकपुरधाम। प्रदेश न २ का उद्योग, पर्यडन, वन तथा वातावरण राज्यमन्त्री सुरेशकुमार मण्डलले जन्मदिनको अवसरमा बृक्षारोपण गरेका छन्। मंगलबार जनकपुरधामस्थित ऐतिहासिक धार्मिक पर्यटकीय स्थल संकटमोचन मन्दिर र मणीमण्डपमा विशेष पुजाअर्चना गरी दुबै स्थानमा रूद्राक्षको बिरूवा रोपेर जन्मदिन मनाएका छन्। जन्मदिनकै अबसरमा संकटमोचन मन्दिरको प्रागंनमा पलाष्टिक झोलालाई निरूत्साहन गर्नुपर्छ र कपडाको झोला प्रयोगमा ल्याउनुपर्छ भनी सन्देश प्रवाह गरेका छन्। सो कार्यक्रममा राज्यमन्त्री मण्डलले कपडा झोलालाई प्रोत्साहन गर्न कपडा झोला वितरण तथा प्रदर्शन गरेका हुन्। उक्त कार्यक्रममा सामाजिक अभियन्ता एवं प्रदेससभा सदस्य राम अशिष यादवको समेत उपस्थिति थियो। राज्यमन्त्री मण्डल र सांसद यादवले संयुक्त रूपमा जनकपुरधाम स्वच्छता अभियानको सूचनामुलक होर्डिगं बोर्ड समेत गाडेका थिए।

### शिविरमा पाँच सय लाभान्वित

विराटनगर। नोबेल शिक्षण अस्पताल विराटनगरले मोरङको सुन्दरहरैंचा नगरपालिकामा आयोजना गरेको नि:शुल्क स्वास्थ्य शिविरबाट ५०० बिरामी लाभान्वित भएका छन्। सुन्दरहरैंचा-१० वरपीपल चोकस्थित सुकुना बाल विकास केन्द्रमा मङ्गलबार सम्पन्न शिविरबाट ४८३ बिरामीको उपचार गरिएको थियो। शिविरमा ७१ बिरामीको भिडियो एक्सरे गरियो। शिविरमा हाडजोर्नी, आँखा र दमका बिरामी आएका अस्पतालका जनसम्पर्क अधिकृत नारायण दाहालले जानकारी दिए। गम्भीर प्रकृतिका ३५ बिरामीलाई नोबेल अस्पतालमा ५० प्रतिशत छुटमा उपचार गरी पुन:गाउँमै पुर्‍याउने व्यवस्था मिलाइएको अस्पताल सञ्चालक डा सुनिल शर्माको जानकारी दिए।

### संकल्प गरे चाँडै नेपाल समृद्ध हुन्छ : महतो

पर्सा। गैरआवासीय सङ्घ नेपालका संस्थापक अध्यक्ष डा उपेन्द्र महतोले नेपालीले सङ्कल्प गरे मुलुकलाई चाँडै समृद्ध बनाउन सकिने बताएका छन्। निजी विद्यालय सङ्घ (प्याब्सन) पर्साले वीरगञ्जमा आयोजना गरेको अन्तर विद्यालय टी ट्वान्टी नकाउट क्रिकेट प्रतियोगिताको उद्‌घाटन गर्दै उनले भने, "नेपाललाई समृद्ध बनाउन विदेश चाहिँदैन, नेपालीले सङ्कल्प गरेपछि मुलुकको विकास गर्न सकिन्छ।" वरिष्ठ उद्योगपतिसमेत रहेका डा महतोले नेपाललाई स्वास्थ्य, शिक्षा र खेलकूदको अन्तर्राष्ट्रिय केन्द्र बनाउन सकिने उल्लेख गर्दै नेपालजस्तो प्राकृतिक, साँस्कृतिक, भौगोलिक विविधतायुक्त मुलुक विश्वमा थोरै मात्र रहेकाले आफ्नो शक्तिको सदुपयोग गरे नेपाल छिटै नै समृद्धि हासिल गर्ने बताए।

### विद्युत चोरी गरी प्रयोग गर्ने पक्राउ

मोरङ। जहदा गाउँपालिका-१ बस्ने ५० वर्षीय चन्देश्वर साह समेत १२ जनालाईअवैध रूपमा विद्युत चोरी गरी प्रयोग गरिरहेको अवस्थामा फेला पारी मंगलबार बेलुका प्रहरीले पक्राउ गरेको छ। विद्युत प्राधिकरणशाखा बिराटनगर,नेपाल प्रहरी र शसस्त्र प्रहरी बल समेतको संयुक्त रूपमा विद्युत चुहावट नियन्त्रण गर्न खटिएको टोलीले उनीहरूलाई पक्राउ गरेको हो।

### आगलागीबाट साढे दुई लाखको क्षति

बाँके। जानकी गाउँपालिका-६ पिप्रहवा बस्ने ६१ वर्षीया मनरानी लोहनियाको कच्ची घरमा मंगलबार राति आगलागी हुँदा घर तथा नगद २० हजार जली करिब २ लाख ५० हजार रूपैयाँ बराबरको धनमाल क्षति भएको छ। स्थानियवासी र दमकलको सहयोगमा आगो नियन्त्रणमा लिई यस सम्बन्धमा स्थानीय प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### चौधरीको दाहसंस्कार

तौलिहवा। शुक्रबार राति गोली प्रहारबाट हत्या गरिएका शुद्धोधन गाउँपालिका वडा नं ४ का राजाबाबु भनिने दीपेन्द्रकुमार चौधरीको दाहसंस्कार गरिएको छ। हत्या गरिएका ३० वर्षीय नेपाल कम्युनिष्ट पार्टी(नेकपा)का नेता चौधरीको शुद्धोधन गाउँपालिकास्थित सन्त घाटमा हिन्दू धर्म परम्पराअनुसार सर्वसाधारणको ठूलो उपस्थितिमा दाहसंस्कार गरिएको छ। हत्याको आरोपमा मृतक परिवारले शुद्धोधन गाउँपालिका-४ मोतीभारीका अजित पाण्डेयसहित सात जनाउपर कर्तव्य ज्यान मुद्दाका लागि जाहेरी दिएका छन्। प्रहरीले प्रारम्भिक अनुसन्धानका लागि दुई जनालाई पक्राउ गरेको जनाइएको छ।

### "जनअपेक्षाअनुसार काम गर्न सकेन"

नेपालगञ्ज। नेपाली कांग्रेसका नेता डा शेखर कोइरालाले वर्तमान सरकारले जनअपेक्षाअनुसार काम गर्न नसकेको टिप्पणी गरेका छन्। बाँकेको राप्तीपारी नरैनापुर गाउँपालिकाको जमुनीमा आयोजित आमसभामा उहाँले सरकारले जनतामाथि करको भार बढाउनु गलत भएको तर्क गरे। जनताको सच्चा साथी कांग्रेस भएको दावी गर्दै नेता कोइरालाले लोकतान्त्रिक चरित्रलाई काङ्ग्रेसले कहिल्यै नछाड्‌ने दावी गरे।

### आगोले डढेर बालिकाको मृत्यु

मोरङ। बेलवारी नगरपालिका-७ बाहुनीमा आगोले डढेर तीन वर्षीया बालिकाको मृत्यु भएको छ। बुधबार साँझ नवलकिशोर चौधरीको तीन वर्षीया छोरी निकिता चौधरी खेल्ने क्रममा घरमा बालेको कुपी बत्तीबाट आगो सल्किँदा गम्भीर घाइते भएकी थिइन्। घाइते बालिकालाई उपचारका लागि बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान लगिएकामा उपचारका क्रममा आज बिहान मृत्यु भएको इलाका प्रहरी कार्यालय बेलवारीका प्रहरी निरीक्षक रामकुमार राईले जानकारी दिए।

### कैलालीमा बस दुर्घटनामा २५ जना घाइते

धनगढी। पूर्वपश्चिम राजमार्गअन्तर्गत कैलालीको कुचैनी सडकखण्डमा मंगलबार बिहान ना६ख २८५४ नं को बस दुर्घटना हुँदा २५ जना घाइते भएका छन्। सुर्खेतबाट महेन्द्रनगरतर्फ आउँदै गरेको उक्त बस कुचैनी सडकखण्डको पुलमा ठोक्किएको इलाका प्रहरी कार्यालय चौमालाका प्रहरी सहायक निरीक्षक टोपबहादुर शाहीले जानकारी दिए। घाइतेलाई उपचारका लागि अत्तरिया र धनगढीस्थित विभिन्न अस्पताल ल्याइँदैछ। दुर्घटनाबाट पुलमा क्षति पुगेको छ।

# मिथिला संस्कृति बचाउने प्रयासमा छौं



**वीरेन्द्र ठाकुर**
**अध्यक्ष, मिथिला संस्कृति समाज नेपाल**

हाम्रो समाज अहिले दिन प्रतिदिन आफ्नो संस्कृति बिर्सन थाली सकेका छन् । आधुनिकतामा दिनानु दिन हाम्रो समाज फस्दै जानु र समयको परिवर्तनले हाम्रो समाजमा ल्याएको परिवर्तनका कारण हाम्रो संस्कृति बिस्तारै बिस्तारै लोप हुन थालिसकेका छन् । एकातिर आफ्नो संस्कृतिको आफै नै संरक्षण गर्नु पर्छ भने बिभिन्न किसिका आवाज उठी रहेका बेला नियालेर हेर्ने हो भने आफ्नै संस्कृति धरापमा समेत पर्दै गएका छन् । यसमा आफ्नो कला-संस्कृतिको संरक्षणको कार्य गर्नमा कही नकहीबाट आफू नै चुकेको जस्तो देखिन्छ ।

— — — — — — — — —

**○ मिथिला संस्कृतिको संरक्षण गर्ने तिर कसरी लाग्नु भयो ?**
– म विद्यालय अवस्थामा गाउँमा हुँदादेखि नै समाजमा बढ्दै गएको बिकृती र बिसंगतीलाई देख्दा मलाई साह्रै नै चित दु:खेर आउने गर्दथ्यो । कतिपय पौराणिक सोच र रूढीबाजी परम्पराका कारण मिथिला समाजमा दिनानु दिन बिकृति समेत बढदै गइरहेको देखे । जसका कारण मलाई एउटा समाजसेवी भएर आफ्नो मिथिला संस्कृतिको संरक्षणको काम गर्नु पर्छ जस्तो मलाई महशूस भएर आएको थियो ।

**○ मिथिला संस्कृतिको संरक्षण गर्ने कार्यमा लाग्दा अहिले कस्तो महशूस भई रहेको छ ?**
– समाजसेवीको काँधमा ठूलो जिम्मेवारी हुन्छ । समाजसेवी भएर आफ्नो कदम अगाडी बढाई सकेपछि कहिल्यै अप्ठयारो परिस्थितीबाट डराउनु वा आतिहाल्नु हुँदैन् र समाजसेवीको त्यस्तो स्वभाव पनि हुनु हुँदैन् । जहाँसम्म मेरो कुरा हो, त म प्राय: खुशी नै हुन्छु ।

**○ मिथिला संस्कृति के हो ?**
– मिथिला संस्कृति अपार रहेको छ । मिथिला संस्कृति चाही खान-पान, रहन-सहन, भेष-भुषा, बोली-चाली र ब्यवहार आदीबाट कुनै पनि ब्यक्तिको संस्कृति झल्किन्छ । जुन संस्कृति सम्बन्धित ब्यक्रिको पुस्तौ पुस्तादेखि नै चलिआएका हुन्छन् ।

**○ मिथिला संस्कृति समाजको उद्देश्य चाही के रहेको छ ?**
– मिथिला धर्म, कला-संस्कृति र संस्कारको संरक्षण गर्नुको साथ-साथै मिथिला समाजको उत्थान र बिकास गर्नु नै यस समाजको प्रमुख मुलभुत उद्देश्य रहेको छ । मिथिलाञ्चल क्षेत्रमा रहेका एतिहाँसिक, पुरातात्विक महत्वका कलात्मक धरोहर जस्तै: मठ-मन्दिर र तलाउँ आदीहरूको संरक्षण गर्नुको साथै तीर्थालुहरूको सेवा-सुबिधाको मध्य नजर गरी त्यसको उचित ब्यवस्था गर्नु नै हाम्रो संस्थाको मुख्य उद्देश्य रहेको छ ।

**○ यस संस्कृति समाजको उद्देश्य पुरा हुनेमा तपाई आफै कतिको बिश्वस्त हुनुहुन्छ ?**
– यस मिथिला संस्कृति समाजको उद्देश्य पुरा हुनेमा म एकदम विश्वस्त रहेको छु । किनकी यदि यस समाजको उद्देश्य सही र सराहनीय रहेको छ । त्यसैले आज क्रमिक रूपमा दिन प्रतिदिन यस संस्थाको सदस्यको संख्या बढदै गई रहेको छ । यसले नै संस्थाको उद्देश्य पुरा हुने साबित गर्दछ ।

**○ समाजसेवीको सबभन्दा ठूलो चुनौति के हो, जस्तो लाग्छ ?**
– हाम्रो मिथिला समाजमा सफल र सही ढंगले काम गर्नु नै समाजसेवीको लागी ठूलो चुनौति हो, जस्तो मलाई लाग्छ । अहिले हाम्रो मिथिला समाजमा कुनै पनि काम गर्न अलि गाह्रै छ । राजनीति अस्थिरता र उकालो एवम् ओरालोका कारण मिथिला समाजमा काम गर्ने वातावरण अलि बिग्री सकेको अवस्था छ ।

**○ तपाई मिथिला समाजको अवस्था कस्तो देख्नुहुन्छ ?**
– हाम्रो मिथिला समाजमा उही पुरानै पौराणिक सोच र रूढीबाजी परम्परा बिद्यमान रहेको र परिवर्तनशील समय आएर पनि आफूलाई परिवर्तन गर्न नसकेको अवस्था छ, जस्तो मलाई लाग्दछ । किनकी हाम्रो मिथिला समाजमा आधुनिक्तामा परिवर्तन त भयो तर माँनसिक्तामा परिवर्तन आउँन सकेको छैन । त्यसैले बाहिरी परिवर्तन देखिएला तर भित्र चाही जुन परिवर्तन आउँनु पर्ने हो, त्यो चाही आउँन सकेको छैन् । त्यसैले हाम्रो मिथिला समाजको अवस्था खराब नै भन्नु पर्छ ।

**○ मिथिला संस्कृतिको बारेमा कतिले बुझ्न सकेका छैनन भन्छन नि ?**
– हेर्नुस्, यो कुरामा केही नकेही सत्यता पक्कै पनि छ । यदि यो कुरामा सत्यता नभएको भए आज हाम्रो मिथिला संस्कृति दिन प्रतिदिन लोप हुने थिएन ।

**○ मिथिला संस्कृति दिनानुदिन हराउँदै जानुको कारण के हुन सक्छ ?**
– हाम्रो मिथिला संस्कृति दिनानुदिन हराउँदै जानुको प्रमुख कारण हो जिम्मेवार ब्यक्तिको अभाव हुनु । आधुनिकतातिर मात्र ध्यान दिनु र मानसिकतामा परिवर्तन नहुनु नै हो । मिथिला संस्कृतिको संरक्षणका लागि नेपाल सरकारको ढुकुटीबाट जति बजेट निकासा भइरहेको छ । त्यो पनि सही ठाउँमा उपयोग भइरहेको छ, जस्तो मलाई लाग्दैन । त्यसैले मिथिला संस्कृति दिन प्रतिदिन हराउँदै गइरहेको अवस्था छ । आफ्नो संस्कृतिको संरक्षण गर्न हेतु संस्कृति जोगाऔ ईज्जत बचाऔ भन्ने नामको एउटा अभियान मिथिलाञ्चल क्षेत्रभरी नै चलाउँदै छौं ।

**○ संस्कृतिको संरक्षण गर्ने कार्यमा युवाहरूको भूमिका कस्तो हुनु पर्दछ ?**
– देशमा रहेका युवाहरूको अवस्था वास्तवमा भन्नु पर्दा धेरै नै दयनीय रहेको छ । देशका युवाहरूलाई सही ढंगले उचित कार्यमा सरकारले परिचालन गर्न सकेको छैन । देशलाई युवाहरूले नै समृद्ध बनाउँने हो तर आजसम्म देशका युवाहरू सदुपयोग हुनुको साटा दुरूपयोग नै भइरहेको छ । त्यसैले देशका युवाहरू ऋाफ्नो संस्कृति बिर्सदै गइरहेका छन् । तर कुनै पनि संस्कृतिको संरक्षण गर्नमा अहिले युवाहरूको नै प्रमुख भूमिका हुने गर्दछ ।

**○ मानव जीवनमा संस्कृतिले कस्तो खाले प्रभाव पार्दछ ?**
– हरेक मानव जीवन कुनै नकुनै कला-संस्कृतिबाट यो सृष्टिमा आएका हुन्छन । कला-संस्कृति बिनाको जीवन अधुरो अपुरो हुने गर्दछ । संस्कारले मानवको परिचय आफै पनि दिई रहेको हुन्छ । जीवनमा मान-मर्यादा र ईज्जत-प्रतिष्ठा आदी अरूबाट पाउनका लागि आफ्नो संस्कृति अति नै आवश्यक पर्दछ । कुनै पनि संस्कृतिले आफू बसेको समाजमा फेरि बाँच्न पनि सिकाउँदछ र मानव जीवनमा संस्कृतिले प्रमुख भुमिका समेत खेल्ने गर्दछ । त्यसैले आफ्नो कला-संस्कृतिलाई कहिल्यै र कुनै पनि हालतमा बिर्सनु हुँदैन ।

**○ मिथिला कला-संस्कृतिको महत्व अलि बढी नै रहेको सुनिन्छ । कारण के हुन सक्छ ?**
– मिथिला कला आजको दिनमा बिश्वमा प्रसिद्ध रहेको छ । देशमा मात्र नभएर बिदेशहरूमा समेत मिथिला कलाले चर्चा पाइरहेको छ । अब त देश-विदेशमा समेत मिथिला कलाको प्रदर्शनी निरन्तर आयोजना हुन थालिसकेको अवस्था छ । मिथिला संस्कृति पनि अरू संस्कृति भन्दा धेरै नै फरक किसिमको सराहनीय संस्कृति हो । फरक संस्कृतिका समुदायहरूले पनि मिथिला संस्कृतिलाई समेत पन पराउँने गर्दछ । यसले नै मिथिला कला-संस्कृतिको महत्व साबित गर्दछ ।

**○ संस्कृतिको संरक्षण गर्ने सरकारको नीति कस्तो रहेको छ ?**
– हेर्नुस्, नीति कुनै पनि कला-संस्कृतिको होस् । नीति आफैमा कहिल्यै पनि खराब हुँदैन । राज्यद्वारा बनाइएको कुनै पनि नीति प्राय: ठीक नै हुन्छन् । तर परिवर्तनशील समय भएको हुनाले बनाइएको नीति समय अनुसार परिमार्जित भइरहेको छ की छैन, त्यो चाही ठूलो कुरो हो । परिवर्तनशील समयमा बनेको नीति समय-सापेक्ष्य परिमार्जित अवश्य भइरहनु पर्छ । फेरि राज्यको दोष दिनु भन्दा पनि संस्कृतिको संरक्षणमा सम्बन्धित समाजको प्रमुख अग्रसरता र भुमिका हुनु पर्दछ ।

**○ अन्त्यमा के भन्न चाहनुहुन्छ ?**
– मिथिला संस्कृतिको संरक्षण गर्ने कार्य लिएर अगाडी सरेको छु । यदि मैले शुरू गरेको अभियान सही र उचित हो भन्ने तपाईहरू पनि यो अभियानमा सहभागी भई दिनु हुन म सबैलाई आग्रह समेत गर्न चाहन्छु ।

## प्रचण्डद्वारा शिख समुदायको प्रशंसा

काठमाडौं । सत्तारूढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा)का अध्यक्ष एवम् पूर्व प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले शिख धर्मका अनुयायीहरूको संकल्प र प्रतिवद्धताले नेपालको समृद्धिको यात्रालाई अघि बढाउन ठूलो योगदान दिने विश्वास पनि व्यक्त गरेका छन् । शिख धर्मका संस्थापक गुरू नानकको ५ सय ४९ औं जन्मजयन्तिको अवसर पारेर राजधानीमा आयोजित एक कार्यक्रममा बोल्दै उनले नेपालको सडक सञ्जाल विस्तारमा शिख समुदायले खेलेको भूमिकाको पनि खुलेर प्रशंशा गरे । उनले भारतलाई स्वतन्त्र बनाउन शिख समुदायले उल्लेख्य योगदान दिने तथ्य पनि स्मरण गराए । अध्यक्ष दाहालले पनि शिख समुदायको सु:ख, शान्ति र समृद्धिको कामना पनि गरे । कार्यक्रममा नेपालका लागि भारतीय राजदुत मंजीवसिंह पुरी पनि सहभागी भएका थिए ।

## नेपाल-भारत साहित्य सम्मेलन हुने

काठमाडौं । सिक्किममा नेपाल र भारतका साहित्यकारहरूको तीन दिवसीय सम्मेलन सुरू भएको छ । भारत-नेपाल साहित्य संगम-२०१८ नाम दिइएको सम्मेलन मंसिर ९ मा सुरू भएर मंसिर ११सम्म सिक्किमका भिन्नभिन्न ठाउँमा सम्पन्न भइरहेको आयोजकले जनाएको छ । कार्यक्रममा नेपाल र सिक्किमका तीन दर्जन लेखक, कवि, पत्रकार र समालोचकहरू सहभागी छन् । प्रेस क्लब अफ सिक्किम र देवकोटा-लु सुन प्रज्ञा प्रतिष्ठान, नेपालको संयुक्त आयोजनामा सम्मेलन भइरहेको छ । यो तेस्रो साहित्य सम्मेलन हो । अघिल्लो वर्ष सिक्किमलगायत भारत, भुटानलगायत देशका साहित्यकारहरूको सहभागितामा पोखरामा 'अन्तर्राष्ट्रिय काव्य संगम' भएको थियो । सिक्किममा भने यो दोस्रो कार्यक्रम हो । सम्मेलनमा यसपटक नेपालबाट १० जना कवि, लेखक तथा संगीतकर्मी सहभागी छन् ।



स्थानीय सम्वाद

## पाँच वर्षमाथिका एउटा पनि बच्चा विद्यालय बाहिर छैनन्



**सतीश कुमार सिंह**
**अध्यक्ष, तिलाठी कोइलाडी गाउँपालिका,**

**○ जनप्रतिनिधिको रूपमा काम गरिरहँदा कस्तो अनुभव भइरहेको छ ?**
– जनप्रतिनिधिको रूपमा काम गरिरहँदा मलाई नौलो अनुभव भइरहेको छ र चुनौती पनि त्यतिकै छन् । कर्मचारीको अभावका कारण हामीले चाहे जति काम गर्न सकिरहेका छैनौं । हामीले गरेका प्रतिबद्धताहरू समयमा पूरा गर्न सकिरहेका छैनौं । कर्मचारीको अभावले जुन गतिमा काम हुनुपर्ने त्यसमा ढिलाई भइरहेको छ । यद्यपी त्यसकारणले विभिन्न किसिमका चुनौती र थ्रेटहरू झेल्दै अहिलेसम्म सन्तोषजनक काम गरिरहेका छौं ।

**○ कस्ता थ्रेटहरू सामना गर्नुपरेको छ ?**
– जनताले जसरी अपेक्षा गरेर मत दिएका थिए र जसरी करिब दुई दशकदेखि स्थानीय तह जनप्रतिनिधिविहीन थियो त्यसअनुसार काम गर्नेपर्ने हुन्छ । त्यो नै थ्रेट हो ।

**○ तपाइँ निर्वाचित भएयता के कस्ता उल्लेखनीय कामहरू गर्नुभयो ?**
– मेरो हिसाबले धैरै काम गरेको छु । सडकको मुख्य चुनौती थियो । तिलाठी कोइलाडी सप्तरी जिल्लाकै सबभन्दा बढी बाढी प्रभावित क्षेत्र हो । खाँडो नदीमा बाँध नहुँदा बाढीबाट बढी क्षति हुने गरेको छ । त्यसमा हामीले आफ्नो नगरपालिकाबाट पैसा लगाएर बाँध बनाएका छौं । हाम्रो गाउँपालिकाको आठवटै वडामा सडक सञ्जालतर्फ पनि गर्न सफल भएका छौं । सबभन्दा महत्वपूर्ण स्वास्थ्य र शिक्षाको स्तर सुधारका लागि हामी उल्लेखनीय कार्यहरू गरेका छौं । विगत ३० वर्षदेखि सप्तरी जिल्लाको शिक्षाको स्तर खस्दै गइरहेको थियो । त्यसमा सुधारका लागि उल्लेखनीय कार्य गरेका छौं । यसपटकको एसईई परीक्षामा टप गरेका विद्यार्थीहरूलाई प्रोत्साहनस्वरूप विभिन्न उपहारहरू दिएका छौं । आगामी वर्ष जिल्ला टप गर्नेलाई एक लाख र प्रदेश टप गर्नेलाई दुई लाख र नेपाल टप गर्नेलाई तीन लाख रूपैयाँ दिई थप प्रोत्साहन गर्ने हाम्रो योजना छ । टपर विद्यार्थीहरूको तस्वीर प्रत्येक विद्यालयमा राखिनेछ । यसबाट विद्यार्थीहरूको मनोबल बढ्नेछ र शिक्षाको स्तर पनि राम्रो हुने भन्ने हाम्रो विश्वास छ । स्वास्थ्य चौकीहरूमा समयमा औषधी, चिकित्सक, भौतिक पूर्वाधारहरूको पनि प्रबन्ध गरेका छौं । यस्तै, ज्येष्ठ नागरिकहरूका लागि नियमित नि:शुल्क स्वास्थ्य परीक्षण तथा औषधि वितरण गर्ने गरेका छौं । त्यस्तै कृषिलाई पनि हामीले बढी ध्यान दिएका छौं ।

**○ विद्यालयबाहिर रहेका बालबच्चाहरूको हकमा के गर्नु भएको छ ?**
– पाँच वर्षमाथिका एउटा पनि बच्चा हाम्रा गाउँपालिकाका विद्यालय बाहिर छैनन् । यो नेपालकै पहिलो यस्तो नगरपालिका हो जहाँ पाँच वर्षदेखि १२ वर्षसम्मका शतप्रतिशत बालबालिका शिक्षाबाट वञ्चित छैनन् । तिनीहरू विद्यालयमा टिकाइरहनका लागि विभिन्न किसिमका योजनाहरू पनि ल्याएका छौं । बालबालिकालाई विद्यालय पठाउन कुनै समस्या छ भने त्यसका लागि गाउँपालिकाले अग्रसरता देखाएको छ । यदि कोही अभिभावक आफ्ना बच्चालाई विद्यालयमा पठाउँदैन भने उसको सुविधाहरू कट्टा गरिने चेतावनी दिएका छौं ।

**○ विद्यालयमा बालबालिकाहरूलाई आकर्षित गर्ने योजना के छ ?**
– विद्यार्थीहरूलाई पढाई मात्रै होइन, विभिन्न किसिमका कार्यक्रमहरू पनि गराउँदैछौं । प्रत्येक शुक्रबार मनोरञ्जनात्मक कार्यक्रम हुँदैछ । विद्यार्थीहरूको खाजाको व्यवस्थाका लागि पनि कुरा चलाउँदैछौं ।

**○ कृषकका लागि के छ योजना ?**
– कृषकहरूका लागि हामीले उन्नत खालका बीउबीजन उपलब्ध गराएका छौं । अहिले प्रदेश सरकारले पनि गहुँको बीउ दिएको छ । आउने शत्रमा हामीले प्रत्येक वार्डलाई ५० प्रतिशत सहुलियतमा सानो ट्याक्टर र गहुँ काट्ने मेसिनसमेत दिनेछौं । गत वर्ष हामीले प्रत्येक वार्डमा चार-पाँच वटा बोरिङ पनि दिएका थियौं । व्यावसायिक हिसाबले सामूहि तरकारी खेतीमा आउनका लागि जोड दिइरहेका छौं । त्यसरी आउँदा वर्षमा गाउँपालिकाले अनुदान दिने भनेका छौं । त्यसमा हामीले प्राविधिक र आर्थिक दुवै सहयोग गर्ने प्रतिबद्धता जनाएका छौं ।

**○ युवाशक्तिलाई स्वदेशमै रोजगारको व्यवस्था मिलाउन के सोच्नुभएको छ ?**
– युवाहरूको रोजगारका लागि हामीले वर्कशप खोल्नका लागि प्रस्ताव गरेका छौं । युवा शक्तिलाई विदेशिनबाट रोकिनु अहिले सम्भव छैन तर, हामीले दक्ष जनशक्ति पठाउनका लागि विभिन्न किसिमका तालिमहरूको व्यवस्था गरेका छौं । अहिले जसरी युवाहरू २०-२५ हजार रूपैयाँका लागि विदेशिन बाध्य हुन्छन् र तिनीहरूसँग कुनै सिप पनि हुँदैन । त्यसैले थोरै युवा विदेश पठाऔं तर तालिम दिएर पठाऔं भन्ने हाम्रो सोच छ । यहाँ रोजगारको सबभन्दा ठूलो हब भन्ने हो भने त्यो कृषि नै हो । यदि कृषिमा राम्ररी लगानी भयो भने युवाहरूले विदेशभन्दा राम्रो आम्दानी आफ्नै ठाउँमा गर्न सक्छन् ।

**○ गाउँपालिकाको कामबाट जनता कति सन्तुष्ट छन् त ?**
– मान्छेको आकांक्षा धेरै हुन्छन्, ती सबै केही दिनमै पूरा गर्न सकिँदैन तर, असन्तुष्ट हुने ठाउँ पनि छैन । अहिले भर्खर एकवर्ष मात्र भएको छ स्थानीय सरकार आएको । यस अवधिमा हामी जसरी काम गरिरहेका छौं त्यसबाट जनताहरू सन्तुष्ट नै छन् ।

**○ स्थानीय निर्वाचनपश्चात् सिंहदरबार गाउँ-गाउँमा भनिन्थ्यो, के छ वास्तविकता ?**
– यो विषयमा म पनि दिक्क भइसकेको छु । यो नारालाई नेपाल सरकारले संघीयतालाई समाप्त गर्नका लागि ल्याएको हो । भन्नका लागि सबै अधिकार स्थानीय तहमा गइसकेको छ भनिन्नछ तर वास्तविकता त्यो होइन । हामीले एउटा पोष्टअफिसको रूपमा काम गरिरहेका छौं । हामीलाई अधिकारविहीन बनाइएको छ । सिंहदरबार गाउँ-गाउँमा भन्ने कुरा नारामा मात्रै सीमित छ । जस्तो कि तपाइँलाई हतियार दिएको छ तर लाइसेन्स दिएको छैन । भनेपछि त्यो त गैरकानूनी भयो ।

## विश्व परिवेश

# आतंकवाद र वार्ता एक साथ हुन : स्वराज

नयाँदिल्ली । पाकिस्तानले दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन ( सार्क) सम्मेलनका लागि दिएको निम्ता भारतले अस्विकार गरेको छ । सार्क सम्मेलनका लागि भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीलाई निम्ता पठाउने पाकिस्तानी विदेश मन्त्रालयको भनाई सार्वजनिक भएपछि भारतीय विदेशमन्त्री सुष्मा स्वराजले आतंकवाद र वार्ता एक साथ हुन नसक्ने प्रतिक्रिया दिएकी हुन् ।

स्वराजले पाकिस्तानले आतंकवाद नरोकेसम्म वार्ता हुन नसक्ने बताएकी छन् । उनले प्रधानमन्त्री सार्क सम्मेलनमा भाग लिन जान नसक्ने स्पष्ट पारेकी छिन् ।

भारतको भोपालमा आयोजित पत्रकार सम्मेलनमा स्वराजले भनिन्, 'हामीले पठानकोट र उरी आक्रमणलाई पनि हेर्नुपर्छ, आतंकवाद र वार्ता साथ-



साथ चल्न सक्दैनन् ।' उनले सार्क सम्मेलनको मिति सबै सदस्यको सहमतिका आधारमा तय गरिने र त्यसपछि सदस्य मुलुकलाई निम्ता पठाउने परम्परा रहेको पनि बताइन् ।

एक वरिष्ठ सरकारी अधिकारीले टाइम्स अफ इण्डियासँग भनेका छन्, 'भारत सार्क सम्मेलनको कुनै विशिष्ट अतिथि होइन, जसका लागि पाकिस्तानले विशेष निम्ता पठाओस्, भारत सार्कको अभिन्न हिस्सा हो, सबै सदस्यको सहमतिका आधारमा सम्मेलनको मिति तय गरिनुपर्छ, तर यसपटक त्यस्तो भएन ।'

१९ औं सार्क शिखर सम्मेलन सन् २०१६ मा पाकिस्तानमा आयोजना हुनुपर्थ्यो । तर भारतसहित, बंगलादेश, भुटान र अफगानिस्तानलेसमेत सम्मेलनमा भाग नलिने जनाएपछि स्थगित भएको थियो । २०१६ को १८ सेप्टेम्बरमा भारतको जम्मु कश्मिरको उरीमा भारतीय सैनिक क्याम्पमा आतंकवादी आक्रमण भएपछि भारतले सम्मेलनमा भाग लिन अस्विकार गरेको थियो । बंगलादेशले भने घरेलु समस्या देखाउँदैं सम्मेलनमा भाग नलिने जनाएको थियो ।

# जुटकै बोरा वा झोला प्रयोग अनिवार्य

नयाँदिल्ली । भारतमा सरकारले जुट उद्योगको संरक्षण र उत्पादन बढाउनका लागि कुनै पनि खाद्य वस्तुको प्याकेजिङका लागि जुटकै बोरा वा झोलाको प्रयोग अनिवार्य बनाएको छ । गत साता सरकारले सम्पूर्ण उत्पादित खाद्यवस्तुको प्याकेजिङका लागि शतप्रतिशत रूपमा जुटको प्रयोग गर्नुपर्ने निर्णय गरेको हो । त्यसैगरी चिनीका लागि भने २० प्रतिशतको व्यवस्था गरिएको छ । जबकि भारतले गत वर्ष मात्र स्वेदेशी जुट उद्योगको संरक्षणका लागि बंगलादेश र नेपालबाट आयात हुने जुटबाट बनेका 'एन्टिडम्पिङ' शुल्क लगाएको थियो ।

पछिल्लो निर्णयले जुट उद्योगको विकास गर्ने मात्र नभएर काँचो जुटको गुणस्तर र उत्पादकत्व बढाउन पनि सघाउने भारत सरकारले जनाएको छ । भारतमा जुट उद्योग विशेषगरी सरकारी क्षेत्रमै निर्भर रहेको छ । सरकारले मात्र विभिन्न खाद्यवस्तुको प्याकेजिङका लागि बर्सेनि भारू ६ हजार ५ सय करोड मूल्यको जुटका बोरा खरिद गर्ने गरेको छ । भारतमा जुट उद्योगमा मात्र गरी ३ लाख ७० हजारभन्दा बढी मानिसहरूले प्रत्यक्ष रोजगार पाएका छन् भने लाखौं किसान परिवार जुट खेती र त्यससँग सम्बन्धित क्षेत्रमा कार्यरत मजदुर र तिनका परिवारको जीवनयापनमा सघाउने विश्वास भारत सरकारले गरेको छ । साथै यो निर्णयबाट विशेषगरी पूर्वी र उत्तरपूर्वी भारतका राज्यहरू पश्चिम बंगाल, बिहार, उडिसा, असम, आन्ध्रा प्रदेश र त्रिपुराका जुट किसान र श्रमिक लाभान्वित हुने दाबी पनि भारत सरकारले गरेको छ ।

भारत सरकारले जुट खेतीको प्रवर्द्धनका लागि किसानहरूलाई प्रतिहेक्टर भारू १० हजार दिने गरेको छ । त्यसैगरी उत्पादकत्व बढाउन उन्नत बीउ, कृषि उपकरण पनि उपलब्ध गराउँदै आएको छ । अन्तर्राष्ट्रिय बजारमा जुटेको मूल्यमा आउने गिरावटबाट किसानहरूलाई मर्का नपरोस् भनेर न्यूनतम आधार मूल्य निर्धारण संयन्त्र पनि सञ्चालनमा छ । जसले जुट क्षेत्रमा मूल्यमा त्यति धेरै उतारचढाव हुन दिँदैन । त्यसैगरी जुटको प्रयोगमा विविधता ल्याउन राष्ट्रिय जुट बोर्ड र नेसनल इन्स्टिच्युट अफ डिजाइनको सहकार्यमा गुजरातको गान्धी नगरमा जुट डिजाइन केन्द्र पनि खडा गरिएको छ ।

भारतले स्वदेशी उद्योगको संरक्षणका लागि बंगलादेश र नेपालबाट आयात हुने जुटवाट बनेका वस्तुमा ५ जनवरी २०१७ देखि 'एन्टिडम्पिङ शुल्क' लगाएको थियो । भारतले गत वर्षदेखि नेपालबाट निकासी हुने जुटका उत्पादनहरू सुतली, बोरा र हेसियन चट्टीमा क्रमश : ४, ५ र २ प्रतिशतसम्म 'एन्टिडम्पिङ' शुल्क लगाउन थालेको हो । उक्त निर्णयबाट आन्ध्रा प्रदेशमा बन्द रहेको १३ वटा मिलहरू पुन: सञ्चालनमा आएको र त्यसबाट २० हजारभन्दा बढीले रोजगारी पाएको भारत सरकारको दाबी छ । साथै उक्त निर्णयका कारण थप २ लाख टन बराबरको स्वदेशी उत्पादनको माग सिर्जना भएको समेत पनि भारत सरकारी निकायको जिकिर छ ।

जबकि जुट किसान र उद्योगलाई भारतमा जस्तो सहुलियत र सुविधा नहुनु, अन्तर्राष्ट्रिय बजारमा कच्चा जुटको भाउ बढ्नु जस्ता समस्या भोगिरहेको बेला भारतको नेपालमा उत्पादित जुटका वस्तुमा 'एन्टिडम्पिङ' शुल्क लगाउने निर्णयले नेपालका जुट उद्योगलाई थप मर्माहत बनाएको थियो । त्यसमाथि नेपाली जुट उद्योगले भारत बंगलादेशबाट कच्चा जुट आयात गर्दै त्यसबाट विभिन्न वस्तु उत्पादन गरेर भारत निकासी गर्दै आएका थिए । नेपालमा जुट मिलमा मात्र ५ अर्बभन्दा बढीको लगानी रहेको अनुमान छ । कान्तिपुरबाट

# अमेरिका र चीनबीच आरोप प्रत्यारोप चर्किंदै

दुई शक्तिराष्ट्र अमेरिका चीनबीचको आरोप प्रत्यारोप दिन प्रतिदिन बढेर गएको छ । यो अन्य गरीब र साना राष्ट्रका लागि चिन्ताको विषय हो । यसैक्रममा अन्तराष्ट्रिय समाचार एजेन्सीहरूले जनाए अनुसार एसिया प्यासिफिक इकोनोमिक को अपरेसन (एपेक) को गत साताको सम्मेलनमा संयुक्त राज्य अमेरिका र चीनबीच व्यापार, लगानी र क्षेत्रीय सुरक्षाबारे परस्पर बिरोधी प्रतिक्रियाले सम्मेलनका अन्य एजेन्डालाई छायाँमा पारिदिएका थिए । सम्मेलनका सहभागीबीच भएको भिन्न मतले विश्वलाई तरंगित पारेको संरक्षणवादी व्यापार नितिलाई सच्याउन अमेरिका र चीनबीच सहमति जुट्ने सम्भावनालाई थप पर धकेलेको छ । । पपुवा न्यूगिनीको राजधानीमा भएको सम्मेलनमा चिनियाँ राष्ट्रपति सी जिन पिङले संरक्षणवाद र एकाधिकारवादको छायाँले विश्वको विकासमा नकारात्मक प्रभाव पारेको अप्रत्यक्ष चेतावनी अमेरीकालाई दिनुभएको थियो । राष्ट्रपति सीको सम्बोधनले केही आक्रोसित बनेका अमेरिकी उपराष्ट्रपति माइक पेन्सले अमेरिकाले चिनीयाँ सामानमाथि गरेको करवृद्धिमा बेइजिङले आफ्नो बाटो नसच्याएसम्म पुनराअवलोकन गर्न नसकिने बताउनुभएको थियो । विश्वका दुई ठुला अर्थतन्त्र भएका मुलुकबीचको गतिरोधलाई देखाउँदै एपेक नेताहरूले घोषणा तयारीमा लागेका एक कुटनीतिज्ञले - व्यापार विषय नै घोषणापत्रका लागि मुख्य विन्दु भएको तर सबैलाई मान्य हुने भाषा खोज्न आयोजक राष्ट्रलाई कठीनाई भएको छ भनेका छन् । बेल्ट एन्ड रोड कार्यक्रमका मार्गदर्शक सीप्रति प्रत्यक्ष लक्षित गर्दै प्रशान्त क्षेत्रीय मुलुकहरूले आफ्नो सार्वभौमसत्तालाई सम्झौता गरेर कर्जा लिन नहुने अमेरिकी उपराष्ट्रपति पेन्सले बताउनुभएको थियो । पेन्सले एपेक सम्मेलनलाई सम्बोधन गर्दै हामीले वेल्ट एण्ड रोड अथवा एकतर्फी सडक कार्यक्रमलाई खुम्च्याउन चाहन्नौँ भन्नुभएको थियो । प्राकृतिक साधन स्रोतले सम्पन्न प्रशान्त क्षेत्रका नेताहरूको मन जित्न चीनले गरेको प्रयासमा परम्परागत रूपमा आफ्नो दवदवा राख्दै आएका अष्ट्रेलिया र संयुक्त राज्य अमेरिकाले विशेष चासो दिएर हेर्दै आएका छन् । एपेक सम्मेलनमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प वा उहाँका रसियाली समकक्षी भ्लादिमिर पुटिन दुबै उपस्थित हुनुभएन । पोर्ट मारेस्बीमा रहेका चिनियाँ राष्ट्रपतिलाई पपुवा न्युगिनीका अधिकारीहरूले सम्मान गरेपछि यसले अमेरिका तथा पश्चिममा अन्य मूलुकहरूको चासो बढाएको थियो । पीएनजीका अधिकारीसँगको बसाइमा सीले बेल्ट एन्ड रोडबारे आफ्ना धारणा राख्नुभएको थियो । सीले सन् २०१३ मा घोषणा गरिएको बेल्ट एण्ड रोड कार्यक्रमका पछाडि भूराजनीतिक एजेन्डा नभएको तर दक्षिणपूर्वी एशिया , मध्य एशिया , मध्यपूर्व , युरोप र अफ्रिकाका जमिन र पानीको मार्ग जोड्ने सडक सञ्जाललाई मजबुत पार्ने उद्देश्य रहेको बताउनुभएको थियो । उहाँले यसले कसैलाई बाहिर पार्दैन ।

यो गैर -सदस्यहरूसँग सम्बन्ध नचाहने क्लब पनि होइन । न त यो केही व्यक्तिहरूले भन्ने गरेजस्तो कसैलाई फन्दामा पार्न ल्याइएको कार्यक्रम नै हो भन्नुभयो । उहाँले केही साना मुलुकहरू, जसले भौतिक संरचनाका लागि हस्ताक्षर गरेका छन् । उनीहरूलाई कर्जाको भार सहित छोडिन सक्नेप्रति विश्व समुदायले चासो व्यक्त गरेको छ भन्नुभयो । अमेरिकी अमेरिकी उपराष्ट्रपतिले तपाईहरूले आफ्नो सार्वभौमसत्तालाई सम्झौता गरेर विदेशी कर्जा स्वीकार नगर्नुहोस । आफ्नो स्वतन्त्रता जोगाउनुहोस् र अमेरिकाजस्तै आफ्नो मुलुकलाई पहिलो प्राथमिकतामा राख्नुहोस् भन्नुभएको थियो । श्रीलंकाले गत डिसेम्बरमा चिनियाँ कम्पनीलाई देशको दक्षिणी बन्दरगाह हाम्वोन्टोटामा व्यावसायीक गतिविधि गर्न औपचारिक रूपमा अनुमति दिइएको थियो । श्रीलंकाले चीनसँग लिएको छ अर्ब अमेरिकी डलर कर्जालाई शेयरमा रूपान्तरण गर्न सहमत भएको छ । पेन्सपछि बोल्दै अष्ट्रेलियनली अधिकारीले अष्ट्रेलियाले जापान र अमेरिकासँग सहकार्य गर्दै प्रशान्त क्षेत्रको भौतिक संरचना विकासका लागि चीनको बेल्ट एन्ड रोडको सम्भावित विकल्पमा सहयोग गर्नेछ भनेका थिए । नोभेम्बरको अन्त्यमा अर्जेन्टिनामा जी-ट्वान्टी सम्मेलनको अवसरमा हुने भेटमा अमेरिकी राष्ट्रपति ट्रम्प र चिनियाँ राष्ट्रपतिबीच व्यापारबारे देखिएको वर्तमान विवादलाई सहज बनाउन केही पहल हुने विश्वास गरिएको छ । यसैबीच वासिंटनद्धारा गैरकानुनी व्यापार गतिविधिबारे चीनमाथि लगाइएका पछिल्ला आरोपहरू बेइजिङलाई स्वीकार्य नहुने चीनले जनाएको छ । विश्वका शक्तिशाली अर्थतन्त्र भएका दुई मुलुकका राष्ट्रप्रमुखबीच जी-ट्वान्टी सम्मेलनको अवसरमा महत्वपूर्ण भेटवार्ता हुने चर्चा चलिरहेको समय चीन र अमेरिकाबीच आक्रमक भनाइहरू आइरहेका छन् । चीनको व्यापारिकंगतिविधिबारे गरिएका पहिलेका अनुसन्धानहरूको अद्यापधिक गर्दै वासिंटनको चीन आफ्ना गलत व्यापारिक गतिविधिलाई परिवर्तन गर्न तदारूकता नदेखिएको र पछिल्ला केही महिनायता अझै अविवेकी कार्य गर्न उद्धत बनेको देखिएको बताएको थियो । सञ्चारमाध्यमसँगको नियमित भेटघाटमा चीनको बाणिज्य मन्त्रालयले वासिंटनको भनाईहरूको खण्डन गरेको छ । मन्त्रालयका प्रवक्ता गाओ फेङले वासिंटनले तथाकथित अपडेट रिपोर्टको नाममा चीनमाथि विल्कुलै आधारहीन र तथ्यरहित आरोपहरू लगाईएको छ , चीनलाई यो सत्य छैन भन्नुभएको छ । चीनले रोबेटिक्स र नवीकरणीय उर्जाका क्षेत्रमा विभिन्न गैह्रकानुनी उपाय मार्फत नियन्त्रणमा राख्दै विश्व औद्योगिकिकरणमा प्रभाव जमाउन खोजेको अमेरिकी अधिकारीहरूले दावी गरेका थिए । अधिकारीहरूले चीनले आफ्नो भुमिमा रहेका अमेरिकी कम्पनीहरूलाई दबाबमा पारेर अमेरिकी बौद्धिक सम्पत्तीको आरोप लगाएका थिए । त्यसै विषयलाई लिएर अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको प्रशासनले चीनबाट अमेरिका निर्यात गरिने दुई खर्ब ५० अर्ब अमेरिकी डलर चिनियाँ सामानमा २५ प्रतिशत करवृद्धि गरेको थियो । बदलामा चीनले पनि अमेरिकाबाट चीन ल्याइने एक खर्ब अमेरिकी डलर बराबरको सामानमा कर वृद्धि गरेको थियो । गाओले सञ्चारकर्मीसँग हामी चाहन्छौं अमेरिकाले द्धिपक्षीय आर्थिक र व्यापारिक सम्बन्धलाई विगार्ने किसिमका भनाई तथा गतिविधिलाई रोकोस् र सम्बन्धलाई पूरानो अवस्थामा ल्याउन रचनात्मक धारणको अवलम्बन गरोस् भन्नुभयो । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले चिनियाँ राष्ट्रपति सी चिनिपिङसँग नोभेम्बर अन्त्यमा अर्जेन्टिनामा हुने जी-ट्वान्टी शिखर सम्मेलनका अवसरमा व्यापार विवादबारे छलफल गर्ने कार्यक्रम रहेको छ । पपुवा न्यू गिनीमा विश्वका नेताको कटुतापूर्ण देखिएको एपेकको शिखर बैठक अन्तत : संयुक्त घोषणपत्र जारी नगरी समाप्त भएको छ । सम्मेलनमा सहभागी विश्वका दुई महाशक्ति राष्ट्र चीन र अमेरिकाबीचको मतभेद फेरि सहमतमा आएको छ । गिनीको पार्ट मोर्सबीमा एशिया-प्रशान्त आर्थिक सहयोग (एपेक) को दुइदिने शिखर बैठक भएको थियो । बैठकमा एपेकका २१ सदस्य राष्ट्रका सरकार प्रमुखहरू र प्रतिनिधिको सहभागिता थियो । अधिकारीहरूका अनुसार चीन र अमेरिकाबीच मुख्य गरी विश्व व्यापार संगठनको भूमिका बारेमा उत्पन्न विवादले उग्ररूप लिएको थियो । सदस्य राष्ट्रको सहमतिमा सम्मेलनको अध्यक्षता गरेका पपूआ न्यूगिनीका प्रधानमन्त्री पिटर ओ-निलले अध्यक्षताको वक्तव्य मात्र जारी गर्नुभएको थियो । ठूलो संख्यामा उपस्थित पत्रकारद्धारा सोधेका प्रश्नका जवाफ दिँदै ओ -निलले चीन र अमेरिकाबीचको तनावका कारण विश्व नै चिन्तित छ भन्नुभयो । प्रधानमन्त्री ओ-निलले नेताहरूको विवादले संयुक्त घोषणापत्र सार्वजनिक हुन नसकेको र त्यसबाट आफुलाई व्यक्तिगत रूपमा दु:ख लागेको बताउनुभएको थियो । एपेक स्थापनाको २९ वर्षमा पहिलोपटक नेताहरूले संयुक्त घोषणपत्र सार्वननिक गर्न नसकेको बताइएको छ । विश्व अर्थतन्त्रको करिब ६० प्रतिशत हिस्सा यही समुहको नियन्त्रणमा छ । एपीले फेला पारेको मस्यौदा घोषणापत्रमा चीनको अनुचित व्यापारिक अभ्यासका विरूद्धमा कडा शब्द राख्नुपर्ने अमेरिकी माग थियो । तर चीनले भने अमेरिकी संरक्षणवादको विरोध गर्न चाहेको थियो । क्यानडाका प्रधानमन्त्री जस्टिन टुडोले सम्मेलनका क्रममा व्यापारका बारेमा भिन्न धारणा आउने कुरामा आफुलाई आश्चर्य नलागेको बताउनुभएको थियो । अमेरिकी उपराष्ट्रपति माइक पेन्स र चिनीयाँ राष्ट्रपति सी जिनपिङले उद्घाटन समारोहमा सम्बोधन गर्दा एकअर्काप्रति आक्षेप लगाउनुभएको थियो । उपराष्ट्रपति पेन्सले सी र चीनप्रति सहानुभुति राखेपनि विश्वको दोस्रो ठूलो अर्थतन्त्र भएको चीनमाथि बौद्धिक सम्पत्ति चोरी गरेको , जबर्जस्ती तथा अनुचित व्यापारिक शैली अपनाएको आरोप लगाउनुभएको थियो । उहाँले विकासशील मुलुकहरूलाई पूर्वाधार निर्माणका नाममा ऋण दिएर चीनले अरू देशलाई ऋणको जालोमा पारेको आक्षेपसमेत लगाउनुभएको थियो । राष्ट्रपति सीले अमेरिकी संरक्षेणवादले पारस्पारिक सहयोगलाई रोकेको बताउनुभएको थियो । उहाँले दोस्रो विश्वयुद्धपछि स्थापित विश्व व्यापार संगठनलाई आफ्ना निहित स्वार्थी एजेन्डा पूरा गर्ने संस्थाका रूपमा हेर्न नहुने पनि बताउनुभएको थियो । पछिल्ला दिनमा बढेको अमेरिकी र चीनको आरोप प्रत्यारोपको छिटै अन्त्य हुनुपर्ने अन्यथा यसले विश्व राजनीतिलाई नै प्रभावित गर्ने देखिएको छ । (देशप्रेम साप्ताहिक)

## जिल्ला समाचार

### अभियानलाई रेखा थापाले प्रोमोट गर्ने

जनकपुरधाम । प्रदेश नं. २ को सरकारले संचालनमा ल्याएको मुख्यमन्त्री बेटी पढाउ, बेटी बचाउ अभियानलाई नायिका रेखा थापा फाउण्डेशनले प्रोमोट गर्ने भएको छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा मंगलबार आयोजित पत्रकार सम्मेलनमा मुख्यमन्त्री लालबाबु राउतले छोरीको लागि स्वर्णिम नेपाल कार्यक्रम अन्तर्गत महिला हिंसा तथा बालविवाह विरूद्ध कार्यक्रम संचालन गर्दै आएको फाउण्डेशनले अवको दिनमा बेटी पढाउ बेटी बचाउ कार्यक्रमको समेत प्रोमोट गर्ने बताएका हुन् । समाजिक रूपान्तरणको अभियान अन्तर्गत सरकारले ल्याएको बेटी पढाउ बेटी बचाउ अभियानमा नायिका रेखा थापाले प्रोमोशन गर्ने इच्छा व्यक्त गर्नु प्रदेशकै लागि सुखद रहेको बताउँदै मुख्यमन्त्री राउतले अन्य सामाजिक व्यक्तित्वहरूलाई समेत अगाडी आउन आह्वान गरे । पत्रकार सम्मेलनमा नायिका रेखा थापाले प्रदेश नं. २ को सरकारले ल्याएको कार्यक्रमले आफुलाई प्रदेश नं. २ मा आउन आकर्षित गरेको उल्लेख गरे । उनले यस प्रदेशका बालबालिकाले मुख्यमन्त्रीको रूपमा राम्रो अभिभावक पाएको उल्लेख गर्दै यस अभियानको सफलताको लागि आफु र आफनो फाउण्डेशनले पूर्ण सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे । रेखा थापा फाउण्डेशनले अहिले देशव्यापी रूपमा महिला हिंसा विरूद्धको कार्यक्रम संचालन गर्दै आएको छ ।

### सुरक्षा अधिकारीको बैठक सम्पन्न

कपिलवस्तु । नेपाल-भारत सीमा क्षेत्रमा हुने आपराधिक घटना न्यूनीकरणका लागि दुबै देशका सुरक्षा अधिकारीबीचको समन्वयात्मक बैठक भारत सिद्धार्थनगर जिल्लास्थित अलिगढवामा सम्पन्न भएको छ । बैठकमा सीमावर्ती क्षेत्रको सुरक्षा अवस्था विश्लेषण, सीमास्तम्भ तथा दशगजा क्षेत्रमा देखिएका समस्या र त्यसको समाधानका उपाय, सूचनाको आदानप्रदान तथा सीमापार अपराध न्यूनीकरणका लागि अपनाउन सकिने उपायलगायत विषयमा छलफल भएको कपिलवस्तुका सशस्त्र प्रहरी उपरीक्षक दीपक अधिकारीले जानकारी दिए । बैठकमा भारतको सिद्धार्थनगर जिल्लासँग जोडिएका नेपालका कपिलवस्तु र रूपन्देही जिल्लाको सीमा नाकामा हुने आपराधिक घटना नियन्त्रणका लागि दुबै पक्षबाट सहयोग, समन्वय र सूचना आदानप्रदान गर्ने विषयमा सहमति भएको उनले बताए । सीमावर्ती क्षेत्र र दशगजाका सवालमा उत्पन्न हुने विवादलाई आपसी समझदारीका आधारमा सुल्झाउने प्रयास गर्ने र दुबै पक्षबाट आ-आफ्नो ढङ्गले केन्द्रलाई जानकारी गराउने पनि सहमति भएको सशस्त्र प्रहरी उपरीक्षक अधिकारीले जानकारी दिए । बैठकले भारतीय सिमावर्ती क्षेत्र चाकरचौंडा नाकामा भारतीय भन्सार कार्यालय राख्न सुझावसमेत दिएको छ । सो क्षेत्रमा भन्सार कार्यालय राख्न सके भारतको अलिगढवा घुम्न आउने पर्यटकलाई बौद्धस्थल लुम्बिनी र तिलौराकोट भ्रमणका लागि सहज हुनेछ । भारतीय पक्षले विशेष गरी सीमा क्षेत्रबाट आपराधिक गतिविधि नियन्त्रणमा नेपालतर्फ सशस्त्र प्रहरीले खेलेको प्रयासको प्रशंसा गर्नुभएको सशस्त्र प्रहरी उपरीक्षक अधिकारीले बताए । बैठकमा सशस्त्र प्रहरी बल नेपाल नं २७ गण रूपन्देहीका निमित्त गणपति सशस्त्र प्रहरी नायब उपरीक्षक दलबहादुर पाण्डे, नं २८ गण कपिलवस्तुका गणपति सशस्त्र प्रहरी उपरीक्षक दीपक अधिकारी र भारतीय पक्षबाट सीमा सुरक्षा बल ४३ बटालियनका डेपुटी कमाण्डेन्ट पञ्कजकुमार बर्मा, एसएसबी इन्टेलिजेन्स ब्यूरोका प्रमुख एमएस रायको ससहभागिता थियो । आगामी बैठक कपिलवस्तुमा हुने सहमति भएको छ ।

### देवाही गोनाही खुल्ला दिशामुक्त घोषणा

राकेश यादव, रौतहट । रौतहट जिल्लाको देवाही गोनाही नगरपालिका १२औं खुल्ला दिशा मुक्त नगरपालिका घोषणा भएको छ । नगरपालिका स्तरीय खानेपानी सरसफाई स्वच्छता समन्वय समितिले मंगलवार आयोजना गरेको जिल्लाको १२औ खुल्ला दिशा मुक्त नगरपालिका घोषणा समारोहमा जिल्ला समन्वय समिति रौतहटका अध्यक्ष राम एकवाल राय यादवले खुल्ला दिशा मुक्त नगरपालिका घोषणा गरेका हुन् । योसँगै जिल्लाको १५ स्थानीय तह खुल्ला दिशामुक्त नगरपालिका घोषणा भई सकेका छन् भने ३ वटा स्थानीय तह मात्र हुन बाकी रहेका छन् ।

नगर प्रमुख धर्मेन्द्र प्रसाद पटेलको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख अतिथि राम एकवाल राय यादवले घरमा शौचालय निर्माण गरे पछि सामाजिक प्रतिष्ठा बढ्ने गरेको बताएका छन् ।

### गौर १५ गते खुल्ला दिशामुक्त घोषणा हुने

रौतहट । गौर नगरपालिका मंसिर १५ गते खुल्ला दिशामुक्त घोषणा हुने भएका छन् । नगर कार्यपालिकाको बसेको बैठकबाट १५ गते शनिबार खुल्ला दिशामुक्त घोषणा गर्ने समय निर्धारण गरेको प्रमुख प्रशासकीय अधिकृत सुमन कुमार कार्कीले जानकारी दिएका छन् । जिल्लाको सबैभन्दा जेठो नगरपालिकाको रूपमा रहेको गौर नगरपालिकाको विभिन्न वडाहरूमा पूर्ण रूपले शौचालय निर्माणको कार्य सम्पन्न भई प्रयोगमा आएको हुँदा खुल्ला दिशा मुक्त घोषणा गर्ने समय निर्धारण गरिएको अधिकृत कार्कीले बताएका छन् । स्वच्छ सुन्दर नगरपालिका बनाउने उदेश्यले सरसफाईका थप कार्यक्रमहरू सञ्चालन गर्ने योजना रहेको बताउँदै प्रमुख प्रशासकीय अधिकृत कार्कीले भने जिल्लाको सदरमुकामको रूपमा रहेको गौर नगरपालिकालाइ अझ व्यवस्थित र आकर्षक पर्यटन भित्रयाउने खालको बनाउने लक्ष्य रहेको छ ।

### हिन्दू राष्ट्रका लागि लडाई लड्दैछौं : पटेल

वीरगंज । हिन्दू परिषद् नेपालको प्रदेशस्तरीय हुने अगुवा कार्यकर्ता भेला भव्यताका साथ सम्पन्न गर्नका लागि एकदिने विशेष बैठक एवं विचार विमर्श सम्पन्न भएको छ । गहवामाई धर्मशाला वीरगंजमा प्रदेश २ का अध्यक्ष पंडित सचितानंद दुबे सभापतित्वमा सम्पन्न बैठकलाई सम्बोधन गर्दै हिन्दू परिषद्का राष्ट्रिय अध्यक्ष संतोष पटेलले आफूहरू हिन्दू राष्ट्र पुन:स्थापनाका लागि लडाई लडिरहेको बताए । धार्मिक एवं सामाजिक कार्य गरी नेपाली जनतालाई जागरूक गर्ने कार्य भइरहेको उनले बताए । एस कार्यमा सक्रियताका साथ लाग्न हिन्दू परिषद्का सम्पूर्णलाई आग्रह गरेका थिए । यसका लागि राज्यबाट दमन भए आफूहरू जस्तोसुकै कदम पनि उठाउन सक्ने चेतावनी दिए । उत्तर प्रदेशका मुख्यमन्त्री आदित्यनाथको अब हुने जनकपुर भ्रमणलाई आफूहरूले स्वागत गरेको बताए । उनले भने, 'उहाँको भ्रमणलाई हामीले सकारात्मक रूपमा लिएका छौं ।'

### महिला हिंसा विरूद्धको अभियान

इमरान खान, कपिलवस्तु । लैङ्गिक हिंसा विरूद्धको १६ दिने अभियानअन्तर्गत कपिलवस्तुको कृष्णनगर नगरपालिकामा मंगलबार दीप प्रज्वलन गरिएको छ । मानव बेचबिखन तथा लैङ्गिक हिंसाविरूद्ध क्रियाशील विभिन्न संघ संस्थाहरूको संयुक्त आयोजनामा कृष्णनगर नगरपालिकाको गोलघरमा दीप प्रज्वलन गरिएको छ । सो कार्यक्रममा सहभागीहरूले अझै पनि महिलाहरू बलात्कार हुनुपरेको, बोक्सीको आरोपमा कुटपिट हुनुपरेको, कयौं महिला दाइजोको निहुँमा जल्नु परेको, कयौं बेचबिखनको शिकार हुनुपरेको जस्तो जघन्य अपराध हुने गरेकाले यसलाई रोक्नुपर्ने कुरामा जोड दिएका थिए । सो दिप प्रज्वलन कार्यक्रममा कृष्णनगर नगरपालिकाकी उपप्रमुख सबनम खातुनले महिलाहरू अझैं बोल्न र हिंडनसमेत खुला हुन नसकेकोमा चिन्ता व्यक्त गरिन् ।

### एक सय २३ घरेलु हिंसाका उजुरी

रूपन्देही । यो आर्थिक वर्षमा रूपन्देहीमा एक सय २३ जना महिला घरेलु हिंसामा परेका छन् । यो आवको भदौदेखि अहिलेसम्म एक सय २३ महिलाले घरेलु हिंसाको उजुरी दिएको जिल्ला प्रहरी कार्यालय रूपन्देहीले जनाएको छ । यो वर्ष मानव बेचबिखन तथा ओसारपसारका ३८, जबर्जस्ती करणीको प्रयास २७, जबर्जस्ती करणी उद्योगअन्तर्गत नौ, बहुविवाहको १६, बालविवाहको एक, कर्तव्य ज्यानसम्बन्धी दुई वटा घटना दर्ता भएको जिल्ला प्रहरी कार्यालय रूपन्देहीका महिला सेलका असई मीना आचार्यले जानकारी दिइन् । अधिकांश कुटपिट र घरायसी विवादका घटना आउने गरेको प्रहरीले जनाएको छ । घरेलु हिंसाका घटनामध्ये तीन वटा घटनाको मात्रै मुद्दा दर्ता भएको छ । अन्य सबै घटनामा मिलापत्र हुने गरेको असई आचार्यले बताइन् ।


महन्थ ठाकुर र राजेन्द्र महतोजीको एकता नै राजपा अस्तित्वको मूल भावना हो जस्तो लाग्छ । अन्य घटकको उपस्थितिको अर्थ भने श्रृंगारिक मात्र हो । यसर्थ, नचुँडिनुस्, सके दुईटा कुर्सीको खुट्टा एउटै डोरीले बाँधी बस्नोस् । **जेपी गुप्ता**


पोल–प्रचारको बिरोध गर्नुको अर्थ सामाजिक सुरक्षा कोषको बिरोध हैन । यो कार्यक्रम कसरी सुरू भयो, कोष कसरी जम्मा भएको थियो, सरकारले त्यो पनि भन्ने साहस गरोस् । पार्टीको चुनावी प्रचार र सरकारी प्रचार एउटै कुरा हैन । अतिरन्जना अस्वभाविक भयो भन्ने मात्र हो । **डम्बर खतिवडा**


सही कामको लागि सरकारले आह्वान गर्दा जोर–विजोर मात्रै होइन गाडी नै नचलाउन र भोकै बस्न हामी तयार हुनुपर्छ । तर, धर्मान्तरको लागि स्थापना भएको विवादित संस्थाको कार्यक्रमका लागि जनतालाई सास्ती दिने सरकारको निर्णय खेदजनक छ । सरकारको गलत कामको अवज्ञा गर्नु नागरिकको कर्तव्य हो । **गगन थापा**


जनकपुरमा मात्र बार्षिक करिब तिन लाखभन्दा बढि भारतीय पर्यटक आउँछन् । तर, व्यवस्थापकीय हिसावले पर्यटक व्यवस्थापनको लागि अत्यावश्यक पुर्वाधारहरूको हालको अवस्था हेर्न कहि जानु पर्दैन खाली जानकी मन्दिर, होटल र धर्मशालाहरूको सरसफाईको अवस्था मात्र हेर्दा पुग्छ । **कृष्णहरि पुष्कर**


मधेशको बेटी पढाउने र बचाउने अभिभारा रेखा थापालाई दिएको छ । मधेशमा मधेशी महिलाको कमी थियो कि ? मधेशी महिलाहरूमा यस्तो क्षमता नै थिएन कि ? मधेश आन्दोलनको बेला कता हराएका थिए यी चर्चित चेहराहरू ? **रिता साह**


मुख्यमन्त्रीकै क्याविनेट भए पनि सामान्यतया मुख्यमन्त्री आफैंले कुनै विधेयक संसद्ध लाग्दैनन् । मुख्यमन्त्रीका तर्फबाट कानुनमन्त्रीले लैजाने हुन् । कानुनमन्त्रीको अनुपस्थितिमा अन्य कुनै मन्त्रीले । तर, प्रदेशसभामा करारमा कर्मचारी राख्ने विधेयक मुख्यमन्त्रीले नै पेस गरे । अब सबै खाले विधेयक मुख्यमन्त्रीज्यूबाट नै पेस गर्न लगाइसियोस् श्रीमान् । **अनिल कुमार कर्ण**


मधेशमा अहिले दुईटा कुरा एकदमै चलनचल्तीमा छन् । एकातिर प्रहरीले गाँजाखेती नष्ट गर्छन् भने अर्कोतिर मदिरा पसलको संरक्षण गर्छन् । प्रहरी भन्छ, "हामी मदिरा पसल बन्द गराउन सक्दैनौ ।" गाँजा र मदिरा दुवै रहनु हुँदैन तर मधेशलाई गाँजा भन्दा बढी मदिराले क्षति पुऱ्याइरहेको छ । **सुरेश यादव**


देश नम्बर २ को "ज्वाईं" भएको नाताले मलाई पनि सुझाव दिने अधिकार त छ होला नी ? तसर्थ मेरो सुझाव : प्रदेशको नाम कि "मध्यमधेश" कि "जनकपुर प्रदेश" राखियोस् । मिथिला–भोजपुराको कुरा गर्ने हो भने बज्जिका, मगहीको पनि अवाज उठ्नेछ । **विरेन्द्र के.एम**


राजपा नेपाल केही व्यक्तिहरूको व्यक्तिगत स्वार्थ पुरा गर्न र मनोरञ्जनका निम्ति बनेको पार्टी होईन । राजपा नेपाल दुर्गामी सोच र सयौं शहीदहरूको बलिदानी स्वरूप राज्यबाट उपेक्षित एवं अपहेलित समुदायहरूको अधिकार दिलाउनका निम्ति, देशमा सामानताका भावना स्थापित गर्नका निम्ति निर्माण गरिएको राजनीतिक पार्टी हो । **मनिष मिश्र**


निर्मला पन्त बलात्कार/हत्याकाण्डमा नेकपा सरकारको उच्च तहकै मान्छेको संलग्नताको कारण सरकार संकटमा परिरहेको अवस्थामा सरकार जोगाउन जनआक्रोश र मिडिया लोभ्याउन भ्रष्टहरूले सामाजिक सुरक्षा कोषको १० औं करोड दुरूपयोग गर्दै नयाँ युगको सुरूवातको प्रोपोगन्डा गरेको हो । **सी.एन खड्का**

## राजपाका महासचिव भारतमा सम्मानित



जनकपुरधाम । राष्ट्रिय जनता पार्टी नेपालका महासचिव राजीव झालाई भारतको दरभंगा र बेनीपटटीमा सम्मान गरिएको छ । मैथिली भाषाका महाकवि विद्यापतिको स्मृति दिवसको अवसरमा नेपाल र भारतका मैथिली भाषा, साहित्य, कला, संस्कतिका साथै राजनीतिसँग आबद्ध व्यक्तिलाई प्रत्येक वर्ष सम्मान गर्ने परम्परा रहेको छ । दरभंगामा विद्यापति सेवा संस्थान र वेनीपटटीमा मिथिलाञ्चल सर्वाङ्गिण संस्थानद्वारा महासचिव झालाई सम्मान गरिएको छ । संस्थानले दरभंगामा वैद्यनाथ चौधरी बैजुबाबूको नेतृत्वमा ४६ वर्षदेखि महाकविको स्मृतिपर्व लगातार गर्दै आएको छ । यसैगरी वेनीपटटीमा मिथिलाञ्चल सर्वाङ्गिण संस्थानद्वारा ३४ वर्षदेखि कार्यक्रम हुँदै आएको छ । सम्मान समारोहमा बोल्दै महासचिव झाले यसप्रकारको कार्यक्रमले नेपाल र भारत बीचको सम्बन्धमा बल पुग्ने उल्लेख गरे । नेपाल भारत बीच खुल्ला सीमा रोक्न दूवै देशकाइपीजी समूह सक्रिय रहेकोमा त्यसको आलोचना गर्दै कुनै शक्तिले सीमामा छेकबार गर्न नसक्ने चेतावनी दिए ।

## अभियान र...

सरोकारवालाहरू दलित, जनजाति र मधेशीमैत्री अझ धेरै हुनुपर्ने देखिन्छ । त्यसका लागि जुनसुकै निकायमा बयान सुन्ने व्यक्ति वा अधिकारी स्थानीय भाषा बुझ्ने र कुनै दबाब वा प्रभावविहीन हुनुपर्ने देखिन्छ । तर अहिलेसम्म त्यस्तो पाउन नसकेकै कारण पीडितले बोलेको कुरा समेत उल्टो तरीकाबाट प्रस्तुत हुने र न्यायबाट बंचित गरिने परिपाटी कायम रहेको छ । विपन्न तथा सीमान्तकृतहरूको मुद्धामा सरोकारवालाहरू गंभीर एवं हरेक गाउँस्तरमा अपराधिक व्यक्तिको अभिलेखिकरण नभएसम्म सडकमा मैनवत्ती, भित्तामा पोस्टर र सडकमा प्रदर्शन गरेर लैंगिक हिंसा समाप्त गर्न ग्राहो छ । अर्कोतर्फ महोत्तरी, सिरहासहितको जिल्लामा पीडित हुने व्यक्तिहरू अधिकांश विपन्न दलित, जनजातिहरू रहने गरेको अध्ययनले देखाएको कारण यी समूदायको शक्तिकरणमा सरोकारवालाहरूले अभियान चलाउन अति आवश्यक छ ।

# आइटेक तथा मौलाना आजाद दिवस मनाइयो



काठमाडौं । काठमाडौंस्थित भारतीय दूतावासद्वारा नेपालका शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री गिरिराज मणि पोखरेलको प्रमूख आतिथ्यमा भारतीय प्राविधिक तथा आर्थिक सहकार्य(आइटेक) तथा मौलाना आजाद दिवस होटल हयातमा मनाइएको छ । नेपालका लागि भारतीय राजदूत मञ्जीव सिंह पुरीले नेपाल सरकारका विभिन्न मन्त्रालय तथा विभागका वरिष्ठ अधिकारी तथा कर्मचारीहरूलाई भारतका प्रमुख संस्थाहरूमार्फत प्रशिक्षण प्रदान गरेर आइटेक कार्यक्रमले नेपालमा मानवस्रोत विकासको प्रवर्धनमा उल्लेख्य भूमिका निर्वाह गरेको बताए । सो समारोहमा आइटेक कार्यक्रमका करिब १५० जना सहभागीहरूको उपस्थिति रहेको थियो । आफ्ना कर्मचारीहरूको प्रशिक्षण तथा मानवस्रोत विकासका लागि आइटेक कार्यक्रमको लाभ लिएका नेपाल सरकारका विभिन्न मन्त्रालय तथा विभागहरूका वरिष्ठ सचिवहरू तथा अधिकारीहरूले पनि उक्त समारोहमा सहभागीता जनाएका थिए ।

आइटेक कार्यक्रमअर्न्तगत कम्पुटर, इन्जिनियरिंग, सूचना प्रविधि, पत्रकारिता, बैंकिंग, कानून निर्माण, उर्जा, रिमोट सेन्सिंग, मानवशक्ति अध्ययन, शिक्षा, महिला सशक्तिकरण, जलविज्ञान, व्यापार योजना तथा प्रवर्धन, लेखा तथा वाणिज्यलगायतका विद्याहरूमा प्रशिक्षण दिने गरिन्छ ।

नेपालका दर्जनौ जलस्रोत विज्ञहरू सिंचाई, जल व्यवस्थापन तथा जलस्रोत विकास विषयमा एम टेक तथा पीजी डिप्लोमा तहमा आइआइटी रूर्कीजस्तो प्रतिष्ठित संस्थामा अध्ययन गरिरहेका छन् । आइटेक कार्यक्रम अन्तर्गतका अल्पकालीन, मध्यमकालीन तथा दीर्घकालीन व्यावसायिक प्रशिक्षण कार्यक्रमहरूमा हाल सम्म १३५३ जना सहभागी भइसकेका छन् ।

आइटेक दिवसको अवसरमा भारतको पहिलो शिक्षामन्त्रीको रूपमा इन्डियन इन्स्टिच्युट्स अफ टेक्नोलोजी तथा युनिभर्सिटी ग्रान्ट्स कमिशनको स्थापनामा अग्रणी भुमिका निर्वाह गर्नुभएका भारत रत्न मौलाना अबुदुल कलाम आजादको १३० औं जन्म जयन्ती पनि मनाइयो । यस अवसरमा स्वामी विवेकानन्द संस्कृतिक केन्द्र, काठमाडौंका विद्यार्थीले आकर्षक सांस्कृतिक प्रस्तुती पनि गरे ।

नेपालसहित विश्वका १६१ विकासशील मित्र राष्ट्रसँग बिकासबारे आफ्ना अनुभवहरू साझा गर्नका लागि भारत सरकारको पुर्ण अनुदानमा आइटेक कार्यक्रम सञ्चालन गरिएको हो ।

# सिआइआई कन्म्याक २०१८ सम्पन्न

काठमाडौं । पूर्वाधार क्षेत्रको विकासमा नयाँ आधार स्तम्भ खडा गर्दै देशको सबैभन्दा ठूलो पूर्वाधार प्रदर्शनी 'सिआइआई कन्म्याक २०१८' सम्पन्न भएको छ । नेपालको पूर्वाधार निर्माण क्षेत्रको आधार स्तम्भ सावित भएको तीन दिने सो प्रदर्शनीको ६,००० भन्दा बढी व्यवसायिक साझेदारहरूले अवलोकन गरे । यो प्रदर्शनीले नेपालमा प्रदर्शनीको स्तरको लागि उत्कृष्टता र व्यवसायिकताको पक्षमा नयाँ आधार खडा गरेको प्रदर्शनमा सहभागी व्यवसायीहरूले बताए । यो प्रदर्शनीले नेपालको निर्माण क्षेत्र र खासगरी पूर्वाधार विकासको लागि अतुलनिय योगदान दिएको छ । मुलुकको तिव्र विकासमा योगदान गर्न यो प्रदर्शनी सहयोगी बनेको छ ।

विकास र नविनतम प्रविधिको व्यवस्थापनका लागि मार्गदर्शक बनेको आयोजक संस्था सिआईआईले जनाएको छ । नेपालमा भौतिक पुर्वाधारको क्षेत्रमा अझै धेरै काम गर्न बाँकी रहेकोले यस्ता किसिमका प्रदर्शनी आगामी बर्ष अझ बिशेष रूपमा आयोजना गरिने आयोजनले जनाएको छ । भारतीय उद्योग संघ (सीआईआई) को अयोजनामा सल्हाघारी ओपन ग्राउण्ड भक्तपुरमा २२ देखि २४ नोभेम्वर २०१८ सम्म भएको यो प्रदर्शनी नेपालकै सवैभन्दा ठूलो प्रदर्शनी हो । यो प्रदर्शनी नेपालको पूर्वाधार क्षेत्रलाई सुदृढ बनाउन सफल भएको भएको आयोजकको ठहर छ । प्रदर्शनीले नेपालको तिव्र विकास र आधुनिक प्रविधिको प्रयोगमा जोड दिन सफल भएको छ ।

# नेपाल-भारत काव्य सन्ध्या

काठमाडौं । नेपाल र भारतका साहित्यकारले दुई देशको सम्बन्ध प्राज्ञिक हिसाबले सुमधुर रहेको बताएका छन् । भौगोलिक सीमाका कारण अलग रहे पनि भाषिक, धार्मिक र सांस्कृतिक हिसाबले सम्बन्ध सद्भावपूर्ण रहेको उनीहरूको भनाइ छ । साहित्यिक यात्रामा सहभागी ४० जना भारतीय साहित्यकारलाई राजधानीमा स्वागत गर्दै नेपाल प्रज्ञा-प्रतिष्ठानका कुलपति गङ्गाप्रसाद उप्रेतीले भारत र नेपालको सम्बन्ध राजनीतिक र आर्थिक रूपमा भैं सामाजिक र संस्कृतिक दृष्टिले पनि प्रगाढ रहेको उल्लेख गरे । प्रतिष्ठान र हिमालिनी साहित्यक पत्रिकाको आयोजनामा भएको भारतीय साहित्यकारको स्वागत तथा नेपाल-भारत काव्य सन्ध्या कार्यक्रममा उनले नेपाल र भारतबीचमा सद्भाव बढाउने काम प्रतिष्ठानले नियमित गर्दै आएको धारणा व्यक्त गरे । भारतीय साहित्यकार टोलीका प्रमुख डा रामचन्द्र रायले दुई देशबीचको सम्बन्ध अटुट रहेको भन्दै कार्यक्रमले थप सम्बन्ध विस्तार भएको बताए । कार्यक्रममा नेपालका १० र भारतका १० जना कविले विभिन्न भाषामा रचना वाचनसमेत गरेका थिए ।

# योगीको भव्य स्वागत गर्ने तयारी



काठमाडौं । प्रत्येक वर्ष जस्तै यो वर्ष रामजानकी विवाह पञ्चमी महोत्सव धुमधामसँग मनाउने तयारी थालिएको छ । यसपटक मंसिर २६ गते परेको सीताराम विवाह पञ्चमी महोत्सवमा भारतको उत्तर प्रदेशका मुख्यमन्त्री आदित्यनाथ योगी समेत सहभागी हुने कार्यक्रम छ । मुख्यमन्त्री योगी अयोध्याबाट साधुसन्तको जन्तीको नेतृत्व गर्दै महोत्सवमा सहभागी हुन जनकपुर आउने जानकी मन्दिरका सहमहन्त रामरोशन दास वैष्णवले जानकारी दिए । मुख्यमन्त्री योगी आउने भएकाले विशेष धुमधामको साथ यसटपटक सीताराम विवाह पञ्चमी महोत्सव मनाउने तयारी थालिएको जानकी मन्दिरका सह महन्त वैष्णवले बताए । सप्ताहव्यापी रूपमा मनाइने रामजानकी विवाह पञ्चमी महोत्सव यस वर्ष मंसिर २१ गतेबाट विधिवत रूपमा शुरू हुँदैछ । सीताराम विवाह पञ्चमी महोत्सवका मूल समारोह समितिका अध्यक्ष समेत रहेका सह महन्त वैष्णवका अनुसार विवाह पञ्चमी महोत्सवकै मुख्य दिन मंसिर २६ गते उत्तर प्रदेशका मुख्यमन्त्री आदित्यनाथ योगी जनकपुर आउने छन् ।

साधुसन्तको जन्तीकासाथ जनकपुर आउने मुख्यमन्त्री योगीले सबैभन्दा पहिला जानकी मन्दिरमा पूजाअर्चना गर्ने कार्यक्रम तय भएको छ । त्यसपश्चात मुख्यमन्त्री योगीको स्वागतमा प्रदेश २ सरकारले मधेश भवनमा आयोजना गर्ने दिवाभोजमा सरिक हुनेछन् । प्रदेश २ सरकारको सचिवालय रहेको मधेश भवनमा मुख्यमन्त्री योगीको स्वागतमा साधुसन्त, जन्ती, विशिष्ट व्यक्तित्व र सर्वसाधारणका गरी एक हजार १ जनाको भोज प्रदेश सरकारले आयोजन गर्ने तयारी गर्न लागेको आन्तरिक मामिला तथा कानुन मन्त्री ज्ञानेन्द्र यादवले बताए । मधेश भवनमै प्रदेश २ का मुख्यमन्त्री लालबाबु राउत र उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथबीच विशेष भेटवार्ता हुने छ । भोज पश्चात दिउँसो जनकपुरको ऐतिहासिक रंगभूमि मैदान बाह्रबिघामा हुने सीताराम स्वयंम्बरमा दुवै मुख्यमन्त्री एवं समकक्षी सहभागी हुने कार्यक्रम छ ।

## आर्थिक समाचार

### नेपाल लाइफ इन्स्योरेन्सद्वारा अभिकर्तालाई सम्मान

चन्दनकुमार यादव, राजविराज । नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड सप्तरी शाखाले अभिकर्ता सम्मान तथा अन्तक्रिया कार्यक्रम सम्पन्न गरेको छ । शुक्रबार राजविराज शाखाको आयोजनामा गरिएको सम्मानमा सबभन्दा बढी बीमा गराउन सफल भएका, वरिष्ठ, नयाँ एजेन्सी म्यानेजरहरूलाई सम्मान तथा दोसल्ला ओढाएर सम्मान गरेको हो । प्रमुख अतिथि नेपाल लाइफ ईन्स्योरेन्स क्षेत्रीय प्रबन्धक टीका दत्त प्याकुरेल नेपाल लाइफ इन्स्योरेन्स यस आर्थिक वर्षमा पूर्वाञ्चलमा १ अर्बभन्दा बढी प्रिमियम संकलन भएको बताए ।

उनले भने देशमा जीवन बीमा गराउने १९ जीवन बिमा कम्पनी मध्ये नेपाल लाईफ बढी चुक्ता पुंजी गराउन सफल र जीवन बिमा को पहिलो कम्पनी भएको बताउँदै सबभन्दा बढी विश्वनीय भएको बताए ।

लाइफ इन्स्योरेन्स कम्पनीले शाखा र उप शाखा गरी एक सय ३५ वटा शाखा कार्यालय विस्तार भएको भन्दै सबै कम्पनीभन्दा बढी ९० हजार अभिकर्ता कार्यकर्ता भएको कम्पनी भएकोले नेपाल लाइफमै जीवन बीमा गराउन आग्रह गरे । सो अवसरमा शाखा ईन्चार्ज पुर्षोतम चौधरीले बिनित नहुन्जेल बिमा हुन सकदैन, त्यसैले बिनितको प्रतिफल दिने ठुलो कम्पनी रहेकोले यो कम्पनिले २५ लाख बिनित बनाएको बताए । उनले भने सबै भन्दा बढी प्रतिफल सँगै बोनस बढी दिने नेपाल लाईफ कम्पनीका अभिकर्ताले ईमान्दारिता पुर्वक, जोसजागर साथ पेसालाई निरन्तरता दिईदै बिनितमा बिश्वास दिलाएर बिमा गराउन आग्रह गरेको छ । सो अवसरमा प्रमुख अतिथि टीका दत प्याकुरेल,वाट नयाँ एजेन्सी म्यानेजर, तथा पेशागत बिमा अभिकर्ता सँघ नेपाल राजबिराजका अध्यक्ष दसरथ दास, कैलास झा, मोकेन्द्र यादब पिन्टु शाखा म्यानेजर पुर्षोतम चौधरी, नयाँ ऐजेन्सी म्यानेजर बनेको सरिता मण्डल, बिश्वेवर दास, नितु कर्ण, प्रदिप साह, बिसी बनेका दुनाई प्रसाद गिरी, निर्मल श्रेष्ठ, रूदनारायण चौधरी, महेश्वर झा, लाई दोसला ओढाएर सम्मान गरेको छ । त्यसैगरी सो अवसरमा उपस्थित अतिथि तथा अभिकर्ताहरूलाई मायाको चिनो प्रदान गरेका थिए ।

### आइएमई लाइफ इन्स्योरेन्स र नेपाल इन्भेष्टमेन्टबीच सम्झौता

काठमाडौं । आइएमई लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड र नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेडबीच बैंक अस्योरेन्स सम्झौता भएको छ । उक्त बैंक अस्योरेन्स सम्झौतामा इन्स्योरेन्स कम्पनीतर्फबाट प्रमुख कार्यकारी अधिकृत श्रीचन्द्र भट्ट र नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेडका तर्फबाट नायब कार्यकारी अधिकृत ज्योतीप्रकाश पाण्डेले हस्ताक्षर गरेका छन् । सो बैंक अस्योरेन्स सम्झौतापश्चात सर्वसाधारण तथा बैंकका ग्राहकहरूले नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेडको कुनै पनि शाखाबाट छिटो, छरितो र सहज रूपमा आइएमई लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको जीवन बीमा गराउनका साथै जीवन बीमा सम्बन्धी जानकारी प्राप्त गर्न सक्नेछन् । आइएमई लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडले हाल ६२ भन्दा बढी शाखामार्फत सेवा प्रदान गर्दै आइरहेको छ भने विभिन्न १० वटा योजनाहरू बजारमा ल्याएको छ । कम्पनीले सामान्य सावधिक, बालशिक्षा, आजीवन, नगद फिर्ता, साढे तीन गुणा रक्षावरण, नगद फिर्ता तथा आजीवन योजनालगायतका बीमा योजना ल्याएको छ । आइएमई लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको मुख्य उद्देश्य न्यूनभन्दा न्यून आय भएका शहरी तथा ग्रामीण भेगका व्यक्तिहरूको समेत जीवन बीमामा पहुँच पुऱ्याई नेपालमा जीवन बीमा विस्तार गर्नु रहेको छ ।

## जाकिर हुसेनको साँगीतिक कार्यक्रम सम्पन्न



काठमाडौं । भारतीय दूतावास काठमाडौंले विश्व विख्यात तबला संगीतज्ञ पद्म भूषण उस्ताद जाकिर हुसेनको सांगीतिक कार्यक्रम दूतावास परिसरमा सम्पन्न भएको छ । सो कार्यक्रम सूर्य नेपाल, नेपाल एसबीआई, जेट एयरवेज तथा रेडिसन होटेलसँगको सहकार्यमा भएको हो ।

राजनीतिज्ञ, कलाकार, संगीतकार, साहित्यकार, संचारकर्मी तथा विद्यार्थी लगायत विभिन्न पेशका झण्डै १००० भन्दा बढी व्यक्तिहरूले सो कार्यक्रको आनन्द लिएका थिए । कार्यक्रममा तबला उस्ताद जाकिर हुसेनको साथमा आनन्द कृष्णन् (मृदंगम्), साबिर खान (सारंगी), नविन शर्मा (ढोलक) तथा मुजीब ददरकर (साउण्ड इन्जिनियर) थिए । उस्ताद जाकिर हुसेन सांगीतिक क्षेत्रका विश्व प्रसिद्ध व्यक्तित्व हुन् । उनको सांगीतिक समूहले यस सांगीतिक प्रस्तुतिलाई साँच्चै नै अविस्मरणीय बनाएको छ । उनले आफ्नो कुद्रती आधुनिक तथा शास्त्रीय तबला बादन मार्फत समस्त दर्शकलाई मन्त्रमुग्ध बनाए र उनको यो प्रस्तुतिलाई काठमाडौंले लामो समय सम्म सम्झी सहनेछ । भारत-नेपाल कूटनीतिक सम्बन्धको ७० वर्ष मनाउन तथा दुवै देशको साझा सांगीतिक विरासतलाई बरकरार रख्न उस्ताद जाकिर हुसेनसँगको सांगीतिक कार्यक्रम १७ वर्षको लामो अन्तराल पछि आयोजना भएको छ ।

## नायिका सरकार भारतमा सम्मानित



काठमाडौं । सप्तरीको राजविराज निवासी नायिका डोली सरकारले भारतमा 'मिथिला विभूति' अलङ्कारबाट सम्मानित भएकी छिन् । मैथिली फिल्म, गीत, सङ्गीत एवम् नृत्य क्षेत्रमा विशेष योगदान पुऱ्याएको भन्दै उनलाई उक्त उपाधीबाट सम्मान गरिएको हो । भारतको दरभङ्गास्थित विद्यापति सेवा संस्थान नामक संस्थाले नायिका सरकारलाई मैथिली भाषाका महाकवि विद्यापति स्मृति पर्व एवम् मिथिला विभूती समारोहमा नेपालबाट उक्त उपाधीबाट अलंकृत गरिएको हो । भारत तथा नेपालका वरिष्ठ साहित्कार एवम् कलाकर्मीहरूको उपस्थिति रहेको उक्त समारोहमा नायिका सरकारलाई विभूती अलङ्कृत ताम्रपत्र, पाग र दोसल्लाले सम्मान गरिएको छ । नायिका सरकारको मुख्य अभिनय रहेको 'भोर' नामक नेपाली चलचित्र केही महिना अघि रिलिज भएको थियो ।









**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **राजेश अहिराज**, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ४२६६१४२, ४२६६१४१, फ्याक्स : ४२६६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं